◆ **सम्पादकीय-**
- प्रतिक्रियाका काला दिनको विरोधमा - २
◆ **आवरण**
- अग्रपंक्तिमा जो डट्छ, त्यही नेता हो - **रघु पन्त** - ३
- आन्दोलनको नयाँ उचाई र नाराहरुको पुनर्संयोजन- **प्रदीप ज्ञवाली** - ५
- किन राजतन्त्रप्रतिको विरोध बढ्दैछ ? - **युवराज कार्की** - ७
◆ **म कसरी कम्युनिष्ट भएँ ?**
- त्यसबेला रसिद काटेर पार्टी सदस्यता दिइन्थ्यो- **ईश्वर पोखरेल** - ९
◆ **जनअभियान विशेष**
- जनताको माया कायम छ - **बेदुराम भुसाल** - ११
- बाऱ्ह वर्षपछि दैलेख-जाजरकोट पुग्दा- **लक्ष्मणराज ज्ञवाली** - १२
- दार्चुलामा संचालित जनअभियान- **रामकुमार ज्ञवाली** - १४
- तेऱ्हथुम यात्राका सोऱ्ह दिन- **राजेन्द्र गौतम** - १५
◆ **पार्टी जीवन**
- आन्तरिक रुपान्तरणको सम्बन्धमा - **काशीनाथ अधिकारी** - १७
◆ **विद्यार्थी राजनीति**
- मोफसलमा स्ववियु निर्वाचनको परिणाम - १९
◆ **पार्टी कार्यक्रम**
- अग्रगमनका लागि एमालेको कार्यक्रम - **कोमल भट्टराई** - २१
- सामाजिक रुपान्तरणका एजेण्डा- **श्रीविक्रम थापा** - २५
◆ **मोफसल**
- रुकुमको कम्युनिष्ट आन्दोलन - **ठगेन्द्रप्रकाश पुरी** - २७
- खोई, सरकार कहाँ छ ? - **विष्णु रिजाल** - ३७
◆ **विश्लेषण**
- संवैधानिक राजतन्त्रको भ्रम र जनवादी गणतन्त्रको लक्ष - **सूर्य थापा** - २९
◆ **संस्मरण**
- तुलसीलालपछि मात्र पुष्पलाल आउनुभयो - **गौरीभक्त प्रधान** - ३१
◆ **अर्थ**
- आर्थिक असमानता कसरी बढ्दछ ? - **डा. गोविन्दबहादुर थापा** - ३२
◆ **टिप्पणी**
- पोखरा सम्बोधन र पार्टीहरुका लागि सन्देश - **मुक्ति खनाल** - ३३
◆ **सरोकार**
- कैयन जंघार पार गरेर आन्दोलनमा - ३४
◆ **कृति परिचय** - ३५
◆ **कविता-** दामोदर ढकाल - ३६
◆ **समाचार** - ३८
◆ **छाप्दाछाप्दै**
- राजधानी आन्दोलनकारीको कब्जामा - ३९

# प्रतिकृयाका काला दिनको विरोधमा

*चैत्र १९ गतेपछि नयाँ उचाईंमा थालिएको आन्दोलनमा जनसहभागीता उल्लेख्य रह्यो । अर्थात् काठमाण्डौ तात्यो । सामान्य जनताले समेत रासायनिक हतियारको मारमा परेका प्रदर्शनकारीलाई घरबाट पानी खन्याइदिने, घाममा खरिएकालाई पानी ख्वाउने जस्ता काम गरेर आन्दोलनमा आफ्नो सहभागीताको घोषणा गरे ।*

*चैत्र १९ पछि राजाको सरकार नाङ्गेझार भएको छ । आफ्नो अनुहारमा टाँसेको प्रजातन्त्रको कागजी मुखुण्डोलाई त्यसले च्यातचुत पारेर फ्याँकेको छ । २० गते सरकारले रासायनिक हतियार प्रयोग गरेपछि नेपालका राजाले अन्तर्राष्ट्रियस्तरमा ठूलो बदनामी ब्यहोर्नु परेको छ । सरकारी रेडियो, पत्रिका र टेलिभिजनले आन्दोलनकारीलाई जति सरापे पनि २० गतेको उत्तेजना, ध्वंश र आक्रमणमा राज्यपक्षको मूलभूमिका रहेको सत्य संसारलाई थाहा भैसकेको छ । राज्यपक्षले सोचेको थियो - २० गतेको लाठी गोलीले २१ गते सडकमा उत्रिन चाहनेहरूलाई तर्साउनेछ । तर भैदियो त्यसको उल्टो । २० गतेभन्दा २१ गते प्रदर्शनकारीको संख्या बढ्यो । २१ गते जनआन्दोलनको अभिष्ट पुरा भयो प्रदर्शनीका हिसाबले । पार्टीहरूको एक वर्षको मिहिनेत सफल भयो । नैसर्गिक अधिकार प्राप्तीको आन्दोलन आखिरमा जनआन्दोलन भइछाड्यो ।* ***जनताको यो आन्दोलनलाई दबाउने काममा अगुवाको भूमिका खेल्नेहरूलाई नेपाली जनताले अब माफी दिंदैनन् ।***

*माओवादीद्वारा आयोजित बन्दमा आन्दोलनको ज्वार घट्ला भन्ने विश्वासमा राज्यपक्ष बसेको थियो । तर त्यस्तो भएन । पार्टीका दर्जनौं कार्यकर्ताहरू उपत्यकाका शहरहरूमा जनपरिचालनको काममा लागे भने जनसमुदायका विभिन्न तप्काका प्रतिनिधिहरू प्रजातन्त्र पार्कमा भेलाभए । माओवादीको बन्दमा साहित्यकार, पत्रकार, कलाकर्मी, शिक्षक, प्राध्यापक, न्यायिक जस्ता सबै पेशागत क्षेत्रले विरोध कार्यक्रममा आफ्नो सहभागीता जनायो ।*

*यसपालि राज्यले दमनका अत्यन्तै घिनलाग्दा तरीकाहरूको प्रयोग गरेको छ । निहत्था नागरिक माथि रासायनिक हतियारको प्रयोग भएको कुरालाई हामी सबैले गम्भिरतापूर्वक लिनुपर्दछ । राज्यले यसपाली आन्दोलनकारीहरूलाई कुटपीट गर्न, अङ्गभङ्ग गर्न कुख्यात अपराधी गुण्डाहरूको परिचालन गरेको छ ।* ***यस्ता गुण्डाहरूको नामनामेसी तयार गर्न स्थानीय कमिटीहरूले विशेष प्रयत्न तयार गर्नुपर्छ । किनभने अब कुनै पनि जनताविरोधी अपराधीले ०४७ सालमा जसरी छुट पाउनु हुँदैन ।***

*प्रस्तुत अङ्कमा हामीले चालु संयुक्त जनआन्दोलन साथै हाम्रो पार्टीको कार्यक्रम, अग्रगामी सुधार सम्बन्धी हाम्रो दृष्टिकोण, शान्ति र प्रजातन्त्रका लागि पार्टीले संचालन गरेको जनअभियानमा प्राप्त अनुभवलाई समेटेका छौं ।*

*जनता अपराजेय छन् भन्ने अन्तिम सत्यलाई देशले बुझेको छ । राजाको प्रजातन्त्रको खास्टो आन्दोलनको भुँवरीमा परेर कतै हराइसकेको छ । जनताको पूर्णसार्वभौमिकताको सुनिश्चिताको कुनै विकल्प नेपालमा रहेन भन्ने सत्यलाई सबैले आत्मसात गर्नुपर्छ ।*

# अग्रपंक्तिमा जो डट्छ, त्यही नेता हो

' रघु पन्त

आन्दोलन निर्णायक हुने अवस्थामा आइपुगेको छ भने सँगसँगै आन्दोलनका जटिलता र अप्ठ्यारा पनि बढ्दै छन् । प्रतिगामी शासकहरू भएभरका उपाय र शक्ति लगाएर आन्दोलनलाई दमन गर्न उत्रेका छन् । सम्पूर्ण शक्ति र षड्यन्त्रहरू प्रयोग गर्दै आन्दोलनलाई सिथिल पार्ने शाही सरकारको दाउपचेलाई आन्दोलनकारीहरूले आफ्नो चनाखोपन, बुद्धि र शौर्य प्रदर्शन गरेर पराजित तुल्याउन सक्नुपर्दछ । आन्दोलन भोजभतेर वा रङ्गरउस हैन, यो त जीवनको बाजी थापेर सिद्धान्त र मान्यताका लागि लडिने लडाइँ हो । आन्दोलन नेता-कार्यकर्ताहरूलाई तिखार्ने, साहसी बनाउने र परीक्षण लिने थलो पनि हो । त्यसैले कुनै पनि नेता आन्दोलनको मैदानबाट पछि हट्नु हुँदैन । संघर्ष स्थलमा अनुपस्थित रहनु हुँदैन ।

**१. अग्रपंक्तिमा जो डट्छ, नेता त्यही हो**

यो आन्दोलनको क्रममा केही यस्ता नेता र नेतृहरू पनि देखिएका छन् जो टेलिभिजनको पर्दामा देखिन, अखवारहरूको प्रथम पृष्ठमा छाउन र जहाँ पनि प्रथम वा प्रमुख वक्ता हुन लालायित हुन्छन् तर लाठी खान वा आन्दोलनलाई अप्ठ्यारो अवस्थामा नेतृत्व गर्न भने देखा पर्दैनन् । शान्तिपूर्ण धर्ना बस्न पनि नआउने, आउँदा पनि ढिलो आउने र जुलुसको बीचबाटै लुसुक्क हिंड्ने नेताहरू पनि देखिएको छ । यस्तो प्रवृत्ति केवल नेता र नेतृहरूमा मात्र होइन कार्यकर्ताहरूमा समेत छ । यो आन्दोलनमा लागेका आन्दोलनकारीहरू, जुसुनकै दलका भए पनि तिन्ले यस्ता प्रवृत्तिहरूका विरूद्ध संघर्ष गर्नुपर्दछ । अर्कोतिर त्यस्ता नेताहरू पनि देखिएका छन् जो आन्दोलनको अग्रपंक्तिमा रहेका छन्, लाठी खाएका छन्, तर पनि घाइते टाउको, चोट लागेका हात र निलडाम बसेको शरीर लिएर आन्दोलनमा निरन्तर आइरहेका छन् । यसरी आन्दोलनको अग्रपंक्तिमा रहने र आन्दोलनमा लागिरहने नेता र नेतृहरूको हामीले सम्मान गर्नुपर्दछ, उहाँहरूबाट सिक्नु पर्दछ र उहाँहरूको उच्च मूल्यांकन गर्नुपर्दछ ।

आन्दोलन त्यस्तो आगोको भुङ्ग्रो हो, जहाँ सुन खारिए झैं कार्यकर्ताहरू खारिन्छन् । आन्दोलनबाट हुर्के-बढेको कार्यकर्ताले मात्रै अप्ठ्यारो पर्दा पार्टीलाई साथ दिन्छन् र भोलिको पार्टीलाई विभिन्न तहबाट नेतृत्व गर्नसक्छन् । त्यसैले पार्टीका कार्यकर्ता र सदस्यहरूले आन्दोलनमा भाग नलिनु भनेको विद्यार्थीले पाठशाला नजानु जस्तै हो ।

सहज र सरल अवस्थामा नेता वा कार्यकर्ता बनेर देखापर्नु कुनै ठूलो कुरा होइन । साँचो नेता त त्यही हो जसले अप्ठ्यारो परिस्थितिलाई पनि सहज र सरल बनाउन कार्यकर्ताहरूलाई नेतृत्व गर्छ । के गर्ने कसो गर्ने भनेर अन्यौल छाएको वा हताशाको स्थिति उत्पन्न हुँदा कार्यकर्तालाई ढाडस दिन्छ, अघि बढ्न प्रोत्साहित गर्छ र निराशाको कुहिरोलाई चिर्दै आशाको उज्यालो देखाउँछ । आफूलाई चित्त नबुझेको खोंचे थापेर, आफूले भनेका कुराहरू पूरा नभएको निहुँ झिकेर वा अन्य कुनै पनि बहानामा आन्दोलनमा सामेल नहुनु वा सामेल भए जस्तो मात्र गर्नु जिम्मेवार नेता-कार्यकर्ताहरूलाई सुहाउने कुरा होइन ।

कोही पनि पदले बन्दैन आन्दोलनको नेता । सम्बन्धित व्यक्तिको भूमिकाले नै कसैलाई पनि नेता बनाउने वा नबनाउने भन्ने कुराको फैसला गर्दछ । त्यसैले अहिलेको आन्दोलनमा हाम्रा नेता ती सबै हुन् जो यो आन्दोलनलाई लक्ष्यसम्म पुऱ्याउन दिनरात खटिरहेका छन् र आन्दोलनमा समर्पित भएर लागिरहेका छन् । आन्दोलनको अग्रपंक्तिमा जो डट्छ, नेता त्यही हो । आन्दोलनमा उत्सर्ग गर्न जो तयार हुन्छ, उसैले कार्यकर्ता र जनताको मनमा ठाउँ पाउँछ ।

**२. आन्दोलनले ग्रहण गरेको उँचाई**

चैत्र १९ गतेदेखि आन्दोलनले नयाँ उँचाई हासिल गरेको छ । यो आन्दोलनमा जनता सामेल छैनन्, आन्दोलनलाई जनताले रूचाएनन्, यो केवल नेता-कार्यकर्ताहरूको मात्र आन्दोलन हो भन्ने सम्पूर्ण प्रायोजित र झुठा प्रचारलाई १९ गतेदेखि आरम्भ भएको नयाँ चरणको आन्दोलनले प्रभावकारी रूपमा खण्डित गरिदिएको छ । १९ गतेदेखि २६ गतेसम्म आउँदा आन्दोलनमा वकिल, प्राध्यापक, शिक्षक, मानवअधिकारकर्मी, लेखक, कलाकार, पत्रकार, मजदूर, विभिन्न पेशाका साथसाथै अन्ध-अपाङ्ग मानिसहरू समेत ठूलो संख्यामा उपस्थित भएर धर्नामा प्रत्यक्ष रूपले सहभागी भएका छन् ।

जनताको सार्वभौमसत्ता र प्रजातन्त्रको पुनर्वहालीका लागि गोली खान, रगत बगाउन र जीवन अर्पण गर्न समेत तयार छौं भनेर धर्ना बसेका अपाङ्ग नागरिकहरूले समेत सगर्व उद्घोष गरेका छन् । राष्ट्रको जीवनका सबै अङ्गका मानिसहरू अहिले यो

आन्दोलनमा सामेल भएका छन् । कुनै राजनीतिक दलमा नरहेका भू.पू. मन्त्रीहरू, पहिलेका राजदूतहरू, संविधान निर्माण गर्ने सर्वोच्च अदालतका पूर्व न्यायाधीशहरू समेत केवल समर्थनको वक्तव्य दिएर मात्र नबसी धर्नामा प्रत्यक्ष रूपले सहभागी बनेका छन् । आन्दोलन अब पाँच दलको नेतृत्वमा संचालित आन्दोलनका रूपमा मात्र नरहेर जनताको साझा आन्दोलनका रूपमा विकसित हुन खोज्दैछ ।

आन्दोलनलाई अझ व्यापक र विस्तारित बनाउन यसलाई अझै घनिभूत रूपमा आम जनसमुदायसम्म पुऱ्याउनु पर्दछ । आन्दोलनले छुवाछुतको भावना राखेर आन्दोलनमा सामेल हुनबाट कसैलाई पनि बञ्चित तुल्याउनु हुँदैन । आन्दोलनको सफलताको लागि सामान्य नागरिकदेखि सानोभन्दा सानो राजनीतिक समूहलाई पनि आन्दोलनमा भित्र्याउनुपर्दछ । यो आन्दोलनमा संयुक्त वाममोर्चा र नेपाली कांग्रेस (प्रजातान्त्रिक) लगायत प्रजातन्त्र र जनताको सार्वभौमसत्ता पुनर्वहालीका लागि संघर्ष गर्न तत्पर प्रत्येक व्यक्तिलाई समेत सहभागी तुल्याउनु पर्दछ । प्रतिद्वन्द्वी ठानेर वा हिजो पार्टी फुटाएको निहुँ झिकेर नेपाली कांग्रेस (प्रजातान्त्रिक)को लागि आन्दोलनको ढोका बन्द गर्ने नेपाली कांग्रेसको अडान ठीक होइन । यस्तो अडानका विरूद्ध बाँकी चारदलले आवाज उठाउनुपर्दछ र नेपाली कांग्रेस (प्रजातान्त्रिक)लाई पनि आन्दोलनमा भित्र्याउनुपर्दछ । पाँच दलका नेताहरूले नेका (प्रजातान्त्रिक) र संयुक्त वाममोर्चालाई आन्दोलनको घटकको रूपमा भित्र्याउन चाहेनन् भने यो संकिर्ण दृष्टिकोण हुनेछ र यस्तो संकिर्णताले आन्दोलनलाई विजयपथमा अघि बढ्न बाधा पुऱ्याउँछ ।

अहिले आन्दोलनको विस्तार द्रुत गतिमा भएको छ । लाखौं जनसमुदाय आन्दोलनको जुलुश र धर्ना कार्यक्रममा उपस्थित हुने प्रबल सम्भावना देखेपछि आत्तिएर चैत्र २६ गते साँझ असंवैधानिक सरकारले रिङ्गरोड भित्रको सम्पूर्ण क्षेत्रलाई दङ्गाक्षेत्र घोषणा गऱ्यो । पाँच जनाभन्दा बढी मानिसलाई सँगै हिंडडुल गर्न प्रतिबन्ध लगाउनका साथै सभा, जुलुश लगायतका यावत शान्तिपूर्ण प्रजातान्त्रिक गतिविधिहरू गर्न रोक लगायो । सरकारको यस्तो प्रतिगामी र अप्रजातान्त्रिक घोषणाका विरूद्ध हजारौं कार्यकर्ता र सयौं नेताहरूले सडकमा उत्रेर सरकारी प्रतिबन्धको अवज्ञा गर्दै गिरफ्तारी दिए ।

व्यापक जनसमुदायले राजतन्त्र विरोधी नारा नारायणहिटी दरवारको नाकै मुनी निरन्तर घन्काउन थालेपछि त्रसित बनेको र कुनै पनि बेला लाखौं जनसमुदायले नारायणहिटी दरवार चारैतिरबाट घेर्लान् भनेर आतंकित बनेको प्रतिगामी सरकारले आन्दोलनमा माओवादी घूसपैठ हुनसक्ने आशंकाको हल्ला पिटाउँदै जनप्रदर्शनमा रोक लगाउने घोषणा गरे पनि प्रदर्शन भएरै छोड्यो ।

आन्दोलन जति प्रभावकारी र व्यापक बन्दै जान्छ त्यति नै प्रतिक्रियावादीहरूको दमन, धरपकड र थुनछेक पनि बढ्दै जान्छ । सरकारको यस्तै दमनचक्रले नै जनतालाई झन्-झन् क्रुद्ध बनाउँछ र अन्ततः उनीहरू उर्लेर आन्दोलनमा भाग लिन थाल्छन् । त्यसैले सरकारी दमनबाट आन्दोलनकारीहरूले आत्तिनुपर्ने कुनै कारण छैन । आन्दोलन अप्ठ्यारो चरणमा आइपुगेको छ । यसका अगाडि अनेकौं चुनौतीहरू देखापरेका छन् भने सँगसँगै आन्दोलनले अत्यन्त व्यापकरूपले नयाँ उँचाई पनि ग्रहण गरेको छ । आन्दोलनको यो स्वाभाविक गति हो । यसलाई हामीले सही ढंगले बुझ्न सक्नुपर्दछ र आन्दोलनलाई नयाँ गतिका साथ अघि बढाउनुपर्दछ ।

**३. आन्दोलनको कार्यसूचि शान्ति पनि हो**

आन्दोलनलाई सफलताको चरणमा पुऱ्याउन आन्दोलनकारी नेताहरूले केही कुराहरूमा गम्भीर रूपले ध्यान दिनुपर्दछ । प्रजातन्त्र र सार्वभौमसत्तामा जनताको पूर्ण अधिकार स्थापना गर्नुका साथसाथै वर्तमान आन्दोलनले मुलुकमा शान्ति स्थापना गर्ने कुरालाई पनि प्रमुखताका साथ उठाउनुपर्दछ । प्रजातन्त्रको सवाल राजासँग गाँसिएको छ किनभने राजाले संविधान मिचेर जनताको अधिकार र सार्वभौमसत्ता खोसेका छन् । त्यस्तै शान्ति स्थापनाको विषय माओवादीहरूसँग गाँसिएको छ किनभने माओवादीको हत्या, हिंसा र आतंकले सिंगै मुलुक त्रस्त रहेको छ ।

प्रजातन्त्रको पुनर्वहाली राजासँग खोसेर गर्नुपर्ने स्थिति छ भने शान्तिको बहाली माओवादीहरूलाई सम्वादमा ल्याएर गर्नुपर्ने अवस्था छ । त्यसैले पाँच आन्दोलनकारी दलका नेताहरूले माओवादीहरूद्वारा उत्पन्न समस्याको समाधानका लागि दिने राजनीतिक निकासका बारेमा एउटा स्पष्ट अवधारणा र कार्यक्रम अघि सार्नुपर्दछ । यो विषयलाई नेकपा (एमाले)का महासचिव माधवकुमार नेपाल र एमालेका अन्य नेताहरूसहित अरू दलका नेताहरूले पनि पाँच दलको बैठकमा पटक-पटक राखिसके तर पनि यस विषयमा छलफल अघि बढाएर एउटा निष्कर्षमा पुग्न नेपाली कांग्रेस अझै तयार भएको छैन ।

आन्दोलनकारी दलहरूले वर्तमान आन्दोलनलाई शान्ति स्थापनाको कार्यसूचिसँग मूर्त र जनताले बुझ्ने गरी जोड्न सकेको खण्डमा यो आन्दोलनमा जनताको सहभागिता अझ बढ्दै जान्छ । शान्तिको स्थापना आज प्रत्येक नेपालीको मनको चाहना हो । त्यसैले जनताको यो चाहनासँग आन्दोलनलाई प्रत्यक्ष रूपले जोड्नुपर्दछ । त्यसका लागि शान्तिको कुरा गरेर मात्र पुग्दैन; शान्ति स्थापनाको लागि आफ्नो प्राथमिकता र कार्यक्रमलाई जन-जनसमक्ष पुऱ्याउन पनि सक्नुपर्दछ । यस विषयमा आन्दोलनकारी नेताहरूको ध्यान अझै गम्भीररूपले नगएको हुँदा, तत्काल जानु अत्यन्त आवश्यक छ ।

# आन्दोलनको नयाँ उचाइ र नारहरूको पुनर्संयोजन

' प्रदीप ज्ञवाली

विगत एघार महिनादेखि जारी प्रतिगमनविरोधी आन्दोलनले यही चैतको तेस्रो सातादेखि नयाँ उचाइ हासिल गरेको छ । अपहरित जनअधिकारको पुनर्प्राप्तिको लागि पाँच राजनीतिक दलहरूले चैत १९ गतेदेखि राजधानी केन्द्रित निर्णायक आन्दोलन गर्ने फैसला गरेपछि सडक संघर्षले नयाँ र प्रभावशाली स्वरूप ग्रहण गरेको हो । पाँच दलहरूको आह्वानमा बिहीवार काठमाडौंमा प्रारम्भ भएको प्रदर्शन आफ्नो स्वरूप र उपस्थितिको हिसाबले निकै आकर्षक र प्रभावकारी थियो । त्यसदिन पचासौं हजार प्रदर्शनकारीहरू सडकमा ओर्लिएर प्रष्ट पारिदिए-नेपाली जनता प्रजातन्त्रको पक्षमा छन् । राजनीतिक पार्टीहरूका विगतका कतिपय भूमिकाहरूको बारेमा आलोचक रहेको भएपनि र उनीहरूको आगामी सोच अझ स्पष्ट, ठोस र प्रभावकारी होस् भन्ने चाहना राखिरहेको भए पनि जनता राजनीतिक पार्टीहरूको पक्षमा छन् भन्ने कुरा यो चरणको जनसहभागिताले स्पष्ट पारेको छ । दुईथरी बन्दूकको बीचमा निकै असहज चेपमा परिरहेको भए पनि नेपाली जनमतको अत्याधिक ठूलो हिस्साको प्रतिनिधित्व मूलधारका राजनीतिक पार्टीहरूले नै गर्छन् भन्ने कुरा पनि यसपटक पुष्टि भएको छ ।

यसपटकको आन्दोलन एउटा विशिष्ट राजनीतिक परिस्थितिमाझ अघि बढेको छ । अठार महिना अगाडि राजाद्वारा राजकीय सत्ता र कार्यकारिणी अधिकार हत्याउँदै रक्तपातविहीन 'कू'द्वारा ऐतिहासिक जनआन्दोलनका उपलब्धिहरू र नेपाल अधिराज्यको संविधान अपहरण गरेपछि र मुलुकलाई प्रतिगमनतिर धकेलेपछि पार्टीहरू त्यसको विरूद्ध उभिँदै आएका छन् । तर यसबीचमा, संवाद र सहमतिको माध्यमबाट प्रतिगमन 'सच्याउने' ७ महिना लामो सदाशयपूर्ण प्रयत्न पनि असफल भएको छ र शान्तिपूर्ण जनदवावद्वारा राजालाई संवैधानिक दायरामा फर्काउने एघार महिनासम्मको प्रयत्नले पनि वाञ्छित सफलता प्राप्त गर्न सकेको छैन । बरू यसका विपरीत, यो अवधिमा राजाबाट प्रतिगमनलाई संस्थागत, सुदृढ र विस्तार गर्न अनेकौं जनविरोधी कामहरू सम्पन्न गरिएका छन् । उनले यसबीचमा 'गाउँ फर्कं' शैलीमा स्थानीय निकायहरूमा पुराना र नयाँ मण्डलेहरूलाई भर्ती गर्दै प्रतिगमनलाई आधारभूत तहसम्म विस्तार गरेका छन्, अध्यादेशहरूको निरन्तर श्रृंखलाहरूद्वारा मुलुकमा हुकुमी शासनको अभ्यास गरेका छन्, 'युनिफाइड कमाण्ड'को नाममा नागरिक प्रशासनलाई समेत निस्तेज तुल्याउँदै सर्वत्र सैनिकीकरणको विस्तार गरेका छन्, सरकारी सञ्चार माध्यमहरूमा पञ्चायत फर्काएर र स्वतन्त्र सञ्चार माध्यमहरूको घाँटीमा अघोषित सेन्सरसीपको गलफन्दी बेर्दै प्रजातन्त्रको बाँकी अवशेषलाई पनि धराशायी पार्दैछन् र 'टुलुटुल हेरेर नबस्ने' नांगो उद्‌घोषकासाथ सक्रिय राजतन्त्रतिर लामा-लामा पाइला चाल्दैछन् । कथित निर्वाचनमार्फत् प्रतिगमनलाई वैधता प्राप्त गर्ने योजनामा उनी संलग्न छन् । त्यतिमात्र होइन, देश जलिरहेको बेला जनताको आँशु र रगतको पोखरीमाथि अभिनन्दनका माला र अबीरले पुरिँदै उनले आफ्नो अत्यन्त अमानवीय, संवेदनहीन र निरो चरित्रसमेत प्रदर्शन गरिरहेका छन् । मध्यपश्चिमाञ्चलको भ्रमणबाट फर्किएपछि सरकारलाई दिएको निर्देशन र संसदको अविच्छिन्न अधिकारको घाँटी रेट्दै हालै गरिएको सन्धि ऐन संशोधनमार्फत् उनले आफूलाई सक्रिय मात्र होइन, निरंकुश राजतन्त्रतिर समेत उन्मुख गराएका छन् र आफ्नो निहीत स्वार्थकै लागि भए पनि दरवारले परम्परागत रूपमा ओढ्दै आएको 'राष्ट्रवाद'को आवरणलाई समेत मिल्काइदिएका छन् । राजाको सक्रिय शासनकालमा भएका भुटानी शरणार्थीहरूको नागरिकता सम्बन्धी समझदारी, वीरगञ्जको सुख्खा बन्दरगाहमा भारतीय रेलवे कानूनको कार्यान्वयन, सोल्टी ग्रुपलाई सीमित शेयर दिने शर्तमा माथिल्लो कर्णाली र बुढीगण्डकी सम्बन्धी समझदारी, नेपाल-भारत सिधा यातायात सेवा सम्बन्धी निर्णय र महलीसागर बाँधमा देखाइएको रहस्यमय मौनता आदिमार्फत् राजाले आफ्नो 'लोयालिटी' कतातिर छ र आफ्नो गद्दी रक्षाको लागि उनी कति परसम्म जान तैयार छन् भन्ने स्पष्ट पार्छ । अर्थात् राजाले यसबीचमा संवाद र सहमतिका मीठा कुराहरूको लेपनभित्र आफ्नो स्थानलाई सुदृढ गर्न चाहेका छन् भन्ने कुरा स्पष्ट भएको छ ।

अर्थात् यसपटकको आन्दोलन राजासँगको संवाद र सहमतिका लगभग सबै प्रयत्नहरूको विफलतापछि अगाडि बढेको छ । चालू आन्दोलनले अहिलेसम्म दरबारलाई निषेध गर्ने लक्ष्य लिएको छैन, तर कुनै विन्दुमा सम्झौता गर्नुपर्दा पनि त्यो विन्दुसम्म पुग्न सामान्य भनसून, तुष्टीकरण या औपचारिक विरोधमात्र पर्याप्त छैन, जनताको सहभागितासहितको जबर्जस्त धक्का अनिवार्य छ भन्ने कुराको स्पष्टतासहितको आन्दोलनको नयाँ चरण प्रारम्भ गरिएको छ । जुनसुकै मूल्यमा पनि निरंकुश बनिछाड्ने राजाको चाहना र गणतन्त्रको बाटोमा अगाडि बढ्नुपर्छ भन्ने नयाँ पुस्ताको प्रचण्ड मागको बीचमा यो आन्दोलनलाई लक्ष्यविन्दुसम्म पुऱ्याउनुपर्ने दायित्व हाम्रो काँधमा छ । इतिहासको यो कालखण्डमा, समयको पदचाप र युगको आवश्यकतालाई गम्भीररूपले बोध गर्न सकिएन भने समयको छाललले हामीलाई पनि किनारातिर धकेल्न सक्छ भन्ने सच्चाइलाई बोध गर्नैपर्छ । त्यसैले यो चरणको आन्दोलनलाई गन्तव्यसम्म पुऱ्याइछाड्ने नेतृत्वको संकल्पलाई हामीले विश्वास गर्नैपर्छ ।

यो आन्दोलनको पूर्वसन्ध्यामा आयोजित 'बृहत् राजनीतिक भेला'मा उपस्थित नागरिक समाजका प्रतिनिधिहरूले आन्दोलनप्रति आफ्नो समर्थनलाई खुलेर व्यक्त गरेका छन् । यसले आन्दोलनमा ठूलो नैतिक बल थपिएको छ । निश्चय नै नागरिक समाजले पार्टीहरूका विगत गल्तीहरूप्रति तीव्र आलोचना गरेको छ, अहिले पनि कतिपयमा विद्यमान अन्यौल र द्विविधालाई हटाउन माग गरेको छ र मुलुकका समग्र समस्याको समाधानको लागि स्पष्ट दिशाको अपेक्षा गरेको छ । उनीहरूका आलोचना, माग र अपेक्षालाई गम्भीरतापूर्वक ध्यान दिनैपर्छ । तर उनीहरूबाट प्राप्त समर्थनको आन्दोलनमा निकै ठूलो मूल्य छ ।

तर आन्दोलनको सफलताको लागि ध्यान दिनुपर्ने र प्रष्ट पार्नुपर्ने कतिपय विषयहरू भने अझै पनि बाँकी छन् । विशेष गरेर आन्दोलनको नयाँ उचाइको अनुपातमा माग र नाराहरूको पुनर्संयोजन यतिबेला सबभन्दा आवश्यक विषयको रूपमा उपस्थित भएको छ । हामी सबैलाई थाहा छ-यो आन्दोलन प्रतिगमनलाई परास्त गर्ने उद्देश्यले संचालित छ र राजाबाट चालिएका जनविरोधी, असंवैधानिक र गैर प्रजातान्त्रिक कदमका विरूद्ध केन्द्रित छ । हामीले ती माग र नाराहरू अगाडि सार्नुपर्छ, जसले साँचो अर्थमा राजाको प्रतिगमनलाई परास्त गरोस् र जनताको सम्प्रभुता र राजकीय सत्तालाई स्थापित गरोस् । प्रजातन्त्रको लागि पुस्तौंसम्म लडिरहनुपर्ने अवस्था अब समाप्त हुनुपर्छ र लडेर ल्याएको प्रजातन्त्र दस वर्षमै अपहरित हुने यो स्थिति बन्द हुनुपर्छ भन्ने सडकको भावनालाई हाम्रा माग र नाराहरूले प्रतिविम्बित गर्न सक्नुपर्छ ।

पाँच राजनीतिक पार्टीहरूले आन्दोलनको मुख्य मागको रूपमा संसदमा प्रतिनिधित्व गर्ने दलहरूको सिफारिसमा सर्वदलीय सरकार वा विघटित प्रतिनिधिसभाको पुनर्स्थापनालाई अगाडि सारेका छन् । विगतमा संसदमा प्रतिनिधित्व गरेका दलहरूको सिफारिसमा सर्वदलीय सरकार गठन गर्ने मागले राजकीय सत्ताको प्रयोग जनताले गर्न पाउनुपर्छ भन्ने सारभूत कुरालाई प्रतिनिधित्व गर्छ, त्यसैले आज पनि यो मागको सान्दर्भिकता विद्यमान छ । त्यतिमात्र होइन, यसले राष्ट्रिय सहमतिको आधारमा समस्याको समाधान गर्नुपर्छ भन्ने वर्तमान समयको आवश्यकतालाई पनि अभिव्यक्त गर्छ यद्यपि हामी सबैलाई थाहा छ, समस्या समाधान गर्ने लामो यात्राको पहिलो ढोका उघार्ने काममात्र यसले गर्छ । यसबाट अगाडि बढेर शान्तिवार्तामार्फत् माओवादी समस्याको समाधान, नयाँ संविधानको निर्माणद्वारा प्रतिगमनका आधारहरूलाई समाप्त पार्ने र जनताको सार्वभौमसत्तालाई सुदृढ पार्ने काम एवं राज्यसत्ताको पुनर्संरचनाद्वारा वर्तमान सामाजिक द्वन्द्वहरूको समाधानको दिशामा जान सकिन्छ र जानुपर्छ ।

प्रतिनिधिसभाको पुनर्स्थापनाको माग धेरै विवादास्पद, जटिल र असहज छ । पहिलो कुरा, राजाको प्रतिगमनको कारणले होइन, जननिर्वाचित प्रधानमन्त्रीको गैरजिम्मेवार तर संवैधानिक निर्णयबाट प्रतिनिधिसभा विघटन भएको हो भन्ने हामी सबैलाई थाहा छ । त्यसैले जननिर्वाचित प्रधानमन्त्रीको संवैधानिक अधिकारलाई चुनौती दिने गरी यो मागलाई प्रतिगमनविरोधी आन्दोलनको मुख्य माग बनाउने कुराले गम्भीर प्रश्नहरू उठाइ रहेको छ । त्यसमाथि, न्यायपालिकाबाट समेत वैधता प्राप्त गरेको यो कदमलाई मागको रूपमा अगाडि सार्दा राजालाई कमजोर पार्ने काम हुन्छ कि उनलाई अझ बलियो बनाउने काम हुन्छ भनेर उठिरहेका प्रश्नहरूलाई नजरअन्दाज गर्न सकिन्न । यी गम्भीर प्रश्नहरूका अतिरिक्त अब केही दिनमात्र म्याद रहेको प्रतिनिधिसभा पुनर्स्थापनाको मागको सान्दर्भिकता त्यसै पनि समाप्त हुँदै गइरहेको छ । त्यसैले साझा मागमध्ये पनि यो चाहिँ मागलाई प्राथमिकता दिइरहेको नेपाली कांग्रेसले यसको बारेमा पुनर्विचार गर्नैपर्छ र मागहरूको पुनर्संयोजनको लागि तत्पर हुनैपर्छ ।

समस्या समाधानको समग्र विकल्पसँग आन्दोलनको मुख्य माग जोडिनसक्यो भने मात्र त्यस्तो मागले जनतालाई आकर्षित गर्नसक्छ र त्यसले प्रभावशाली भौतिक शक्तिको काम गर्नसक्छ । यतिबेला तीनवटा महत्वपूर्ण अन्तर्विरोधहरू-प्रतिगमन र प्रजातन्त्रबीचको अन्तरविरोध, राज्य र माओवादी विद्रोहीहरूबीचको अन्तरविरोध र परम्परागत राज्यसत्ता एवं सहभागिमूलक प्रजातन्त्र चाहने जनताबीचको अन्तरविरोधहरूलाई ध्यानमा राख्नुपर्छ । यी सबै समस्याहरूलाई समग्र रूपमा समाधान गर्ने उद्देश्यका साथ नेकपा (एमाले)ले सर्वदलीय सरकारको स्थापना र माओवादीसँग वार्ता, गोलमेच सम्मेलन, अन्तरिम सरकार, आम निर्वाचन र संसदबाट नयाँ संविधानको विकल्प अगाडि सारेको छ । यसरी सर्वदलीय सरकार र नयाँ संविधानका मागहरू जोडेर नेकपा (एमाले)ले समस्या समाधानको ठोस विकल्प प्रस्तुत गरेको छ । अन्य पार्टीहरूले पनि समस्या समाधानका ठोस विकल्प प्रस्तुत गर्नुपर्छ र यी विषयहरूलाई मुख्य मागसँग जोड्नुपर्छ । तबमात्र आन्दोलनले ठोस परिणाम हासिल गर्न सक्नेछ । पूर्ण प्रजातन्त्र प्राप्तिलाई अभिव्यक्त गर्ने नारा र मागको पुनर्संयोजन अत्यन्त जरूरी भएको छ ।

आन्दोलनको आगोले प्रतिगमन र निरंकुशतालाई खरानी पारी छाड्नेछ । आन्दोलनकारीहरूको पूर्ण प्रजातन्त्र प्राप्तिको भावना र हाम्रा माग एवं नाराहरूको बीचमा पुनर्संयोजन हुन सक्यो भने यो संघर्षलाई कुनै दमनले नियन्त्रण गर्न सक्नेछैन ।

# किन राजतन्त्रप्रतिको विरोध बढ्दैछ ?

' युवराज कार्की

जतिबेला रोम जलिरहेको थियो, त्यहाँका राजा 'निरो' आफ्नो आलिसान महलमा बसेर मस्तसँग बाँसुरी बजाइरहेका थिए भन्दा धेरैलाई विश्वास नलाग्न सक्छ । तर यो दन्त्यकथा नभएर इतिहासको कुनै कालखण्डमा घटेको एउटा अनौठो तर यथार्थ घटना हो । जनताप्रति जवाफदेही नरहेका निरंकुश शासकहरूका निम्ति यस्ता घटना सामान्य हुन पुग्छन् । अहिले हाम्रो देशमा पनि त्यसको पुनरावृत्ति भइरहेको छ । देश जलिरहेको छ, मानिसहरू मारिइरहेका छन् । हत्या, हिंसा र आतंक प्रत्येक नेपालीको नियतिजस्तै बनेको छ । यस्तो स्थितिमा पनि नेपालका राजा भने आफ्नो अभिनन्दन थाप्नमै ब्यस्त छन् । अभिनन्दन कुनै उल्लेखनीय काम गर्नेहरूको सम्मानमा आयोजना गर्ने गरिन्छ । वर्तमान राजाले नेपाली जनताको शीर उठाउने त्यस्तो के काम गरेका छन् र उनको अभिनन्दन गर्ने ?

राजाले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई निर्धारित समयमा निर्वाचन गराउन नसक्दा असक्षम भएको आरोप लगाएर पदबाट बर्खास्त गरेका थिए । प्रधानमन्त्रीको रूपमा शेरबहादुर देउवासक्षम कि असक्षम, यो बेग्लै छलफलको विषय हुनसक्छ । उनी असक्षम ठहरिन पनि सक्छन् । तर जननिर्वाचित प्रधानमन्त्रीलाई असक्षम भनेर बर्खास्त गर्ने अधिकार वर्तमान संविधानले राजालाई दिएको छैन । त्यो अधिकार सार्वभौम नेपाली जनतालाई मात्र छ । उनीहरूले त्यो अधिकार आफूद्वारा निर्वाचित संसदद्वारा प्रयोग गर्न सक्छन् । त्यसैले जननिर्वाचित प्रधानमन्त्रीलाई बर्खास्त गर्ने राजाको कदम संविधानमाथिको गम्भीर अतिक्रमण हो । नेपालको संविधानले राजालाई स्वेच्छाचारी ढंगले प्रधानमन्त्री नियुक्त गर्ने अधिकार दिएको छैन । त्यो अधिकार सार्वभौम नेपाली जनतालाई मात्र छ । उनीहरूले त्यो अधिकार आफूद्वारा निर्वाचित संसदमार्फत् प्रयोग गर्छन् । संसद नभएको अवस्थामा त्यो अधिकार संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको हातमा रहन्छ ।

अब जनताले निम्न प्रश्नहरू पनि उठाउने बेला भएको छ- शेरबहादुर देउवाले ६ महिनाभित्र चुनाव गराउन नसक्दा 'असक्षम' भएको आरोपमा बर्खास्त हुनुपर्ने तर राजाको सरकारले डेढ वर्षसम्म चुनाव गराउन नसक्दा पनि 'सक्षम' भएर कुर्सीमा बसिरहन पाउने ? राजाले कार्यकारी अधिकार आफ्नो हातमा लिएको वर्तमान अवस्थामा चुनाव गराउन नसक्ने कुराको जिम्मेवारी कसले लिने ? हिजो जुन आरोप शेरबहादुर देउवामाथि लगाइयो, अब त्यही आरोप राजामाथि लगाउन पाइने कि नपाइने ? के २०६१ सालभित्र चुनावको प्रक्रिया सुरू गर्ने भन्ने जस्तो गोलमटोल कुरा गरेर उम्कन पाइन्छ ? अहिले राजाको सरकार जहींतहीं चुनावको हौवा पिट्दै हिंडिरहेको छ । यस्तो बेलामा राजाले चुनावको मिति नतोकेर गोलमटोल कुरा गर्नुको अर्थ के हो ? यसको अर्थ के हो भने- देशमा अहिले चुनाव हुनसक्ने स्थिति नै छैन । चुनावको घोषणा गर्नुभन्दा पहिले देशको विद्यमान शान्तिसुरक्षाको स्थितिमा सुधार ल्याई जनताले स्वतन्त्रतापूर्वक मतदान गर्न सक्ने वातावरण तयार गर्नु जरूरी छ । त्यसो नगर्ने हो भने चुनावको घोषणा गरीहाले पनि त्यसलाई सम्पन्न गर्न सकिन्न । के शेरबहादुर देउवाले चुनावको घोषणा गरेका थिएनन् र ? तर मुलुकको शान्तिसुरक्षाको नाजुक स्थितिले गर्दा त्यसलाई कार्यान्वयन गर्न सकिएन । स्वयम् प्रधानमन्त्री सूर्यबहादुर थापाले पनि त्यसबेला निर्वाचन गर्न सम्भव छैन भनेर मुलुकका प्रमुख राजनीतिक दलहरूले तयार गरेको राजनीतिक प्रस्तावमा हस्ताक्षर गरेका थिए । देशको शान्तिसुरक्षाको स्थिति अहिले झन् धेरै बिग्रेर गएको छ । त्यसलाई सुधार गर्नेतर्फ सरकारले कुनै ध्यान दिएको छैन । त्यसबाट प्रष्ट हुन्छ कि वर्तमान सरकार कुनै पनि हालतमा चुनाव गराउन चाहँदैन । ऊ चुनवाको कुरा गरेर आफ्नो आयु लम्ब्याउन मात्र चाहन्छ ।

राजनीतिक दलहरूले देश बर्बाद बनाए भन्दै संविधानविपरीत कार्यकारी अधिकार आफ्नो हातमा लिएर राजाले प्रत्यक्ष शासन गर्न थालेको १८ महिना पुरा भएको छ । राजनीतिक दलहरूलाई देश बिगारेको आरोप लगाउने राजाले देश सपार्न के कस्ता काम गरिरहेका छन् भन्ने कुराको पनि लेखाजोखा हुनैपर्छ । राजाको अठार महिने प्रत्यक्ष शासनका केही झाँकीहरू यस्ता छन्- माओवादीहरूको पटक-पटकको नाकाबन्दी र बन्दले मुलुक अस्तव्यस्त बनिरहेको छ । लामो दूरीका सवारी साधनहरू निर्बाधरूपमा चल्न सकिरहेका छैनन् । सरकारले राजमार्गहरूसमेत खोल्न सकिरहेको छैन । हत्या, हिंसाले जनजिवन आतंकित छ । राज्यकै अगुवाईमा नागरिकहरू बेपत्ता पार्ने र निर्दोष नागरिकहरूको हत्या गर्ने क्रम बढिरहेको छ । यसबीच राज्यको संरक्षणमा राजनीतिक हत्याको डरलाग्दो क्रम पनि सुरू भएको छ । तेस्रो प्रतिनिधिसभामा सिरहाबाट निर्वाचित सांसद हेमनारायण यादवको हत्या त्यसको प्रत्यक्ष उदाहरण हो । राजनीतिक दलहरूलाई अपमान गर्दै राजा स्वयं निरंकुश र हुकुमी शासनको अभ्यासमा लागेका छन् । प्रशासनलाई तीव्ररूपमा मण्डलेकरण गरिंदैछ । देश तलदेखि माथिसम्म टीकाबहादुरहरूले चलाइरहेका छन् । महंगी, कृत्रिम अभाव र कालोबजारीले जनताको ढाड भाँचिरहेको छ । भ्रष्टाचारले पंचायती कालखण्डका कुख्यात काण्डहरूलाई पनि माथ गर्न थालेको छ । अभिनन्दनको नाममा समेत लाखौं भ्रष्टाचार भएको छ । मुलुकको अर्थतन्त्र तहसनहस भएको छ । विकास-निर्माणका कामहरू ठप्प छन् । सैनिक खर्चमा व्यापक बृद्धि भइरहेको छ । राजदरबारको खर्च अकल्पनीय रूपमा बढाइएको छ । देशभक्तिको गीत गाउँदै मुलुकको अस्मिता बिक्री गर्ने काम भइरहेको छ । माथिल्लो कर्णाली र बुढीगण्डकी परियोजनाहरू भारतलाई सुम्पनु, वीरगंज सुख्खा बन्दरगाह भारतीय कानुनअन्तर्गत संचालन गर्नु, नेपाल र भारतबीच यातायात संचालन गर्नु, संविधानको मर्मविपरीत भुटानी नागरिकहरूलाई नेपालको नागरिकता दिने निर्णय गर्नु, नेपालको भूभाग डुवाउने गरी निर्माण गरिएको महलीसागर बाँधप्रति राजाद्वारा मौन समर्थन गरिनु, संसद नभएको मौका छोपी मुलुकको राष्ट्रिय अखण्डतामाथि नै गम्भीर असर पर्ने गरी अध्यादेशमार्फत् सन्धि ऐन संशोधन गर्नु यसका केही उदाहरण हुन् । प्रतिगमनले पूर्णता प्राप्त गरिनसकेको वर्तमान अवस्थामा भएका उल्लेखित काम कारबाहीहरू राजाको शासनका कास्टिङ्ग मात्र

हुन् । राष्ट्र र जनताको भविष्य अन्धकारमा डुबाउने राजाको प्रतिगमनलाई जतिसक्दो चाँडो पराजित गर्नैपर्छ । हाल देशमा चलिरहेको संयुक्त जनआन्दोलन यसै दिशातर्फ केन्द्रित छ ।

राजाको प्रतिगमनका विरूद्ध मुलुकमा पाँच प्रमुख राजनीतिक दलहरूले संचालन गर्दै आएको संयुक्त आन्दोलन चैत १९ गतेदेखि नयाँ चरणमा प्रवेश गरेको छ । यस पटकको आन्दोलनमा लाखौं जनता सडकमा उत्रेर राजनीतिक दलहरूको साथमा जनता छैनन् भन्ने प्रतिगामी तत्वहरूको कुप्रचारलाई चोटिलो जवाफ दिएका छन् । आन्दोलनकारीहरूद्वारा आयोजित शान्तिपूर्ण जुलुस, धर्ना र अन्य विरोध कार्यक्रमहरूमाथि सांघातिक आक्रमण गरेर सूर्यबहादुर थापाको नेतृत्वमा रहेको असंवैधानिक सरकारले आफ्नो सक्कली अनुहार उदांग पारेको छ । तर सरकारले जतिसुकै दमन चर्काए पनि आन्दोलनप्रति जनताको समर्थन बृद्धि हुँदै गएको छ । यस्तो स्थितिमा आन्दोलनले प्रतिगमनलाई घुँडा टेकाएरै छाड्ने कुरा निश्चित छ ।

अहिले सडकमा गणतन्त्रका नारा लाग्नुमा राजाका आफ्नै क्रियाकलाप जिम्मेवार छन् । राजाले प्रतिगमनको नेतृत्व गरिरहेको वर्तमान अवस्थामा राजतन्त्र नै प्रहारको प्रमुख निशाना बन्नु स्वाभाविक छ । सडकमा गणतन्त्रको नारा लाग्दा जनता र प्रजातन्त्रको पक्षमा रहेका कसैले पनि चित्त दुखाउनुहुँदैन । राजा समयमै सच्चिएर संवैधानिक दायरामा फर्कंदैनन् भने गणतन्त्रका नारा अझै चर्किंदैजाने र तिनीहरू क्रमशः कारबाहीका विषय बन्ने कुरालाई कसैले रोक्न सक्तैन । विश्वमा विभिन्न मुलुकको इतिहासको अध्ययन गर्दा राजतन्त्रको अन्त्य यस्तै किसिमले भएको देखिन्छ । हाम्रो देशमात्र त्यसको अपवाद हुन सक्तैन । संवैधानिक भएर बस्ने विगतको सहमतिलाई एकपक्षीय रूपमा तोडेर राजा एक्लै अघि बढ्छन् भने जनताले गणतन्त्रको बाटो रोज्ने कुरालाई स्वाभाविक रूपमा लिनुपर्छ ।

# त्यसबेला रसिद काटेर पार्टी सदस्यता दिइन्थ्यो

## ' ईश्वर पोखरेल

**मै**ले थाहा पाउँदा मेरो परिवारको वर्गीय स्थिति निम्न मध्यम किसान वर्गमा खस्कँदै थियो । झण्डै दश जनाको परिवार संख्या, गंभीर अस्वस्थताले आज होकि भोली हुनु भएको बा, नहुर्किसकेका तीन जना- दाई, दिदी र मैले खासै उत्पादनमूलक श्रममा भाग लिन सक्दैनथ्यौं । दुई जना हुर्किएका दाईहरू भविष्य सपार्न मधेशतिर झरिसक्नु भएको थियो । चालिस वर्ष भरखर पूरा गर्नु भएकी मेरी आमाले घर धन्दादेखि मेलापातका काम समेत भ्याउनै पर्ने बाध्यात्मक स्थिति थियो । खेतवारीमा बाली नाली लगाउने र उठाउने बेलामा केही केही खेताला खोज्नै पर्थ्यो । यसको जोहो गर्न पनि आमा प्रायः भालेको डाकमा घरबाट निस्कीसक्नु हुन्थ्यो । कतिपटक त विहानीपख हामीले आमालाई ओछ्यानमा नभेट्दा 'आमा, आमा' भन्दै रोएको सम्झना अहिले पनि आउँछ ।

पन्ध्र मुरी जति धान फल्ने खेत थियो । झण्डै यतिनै जति पाखा बाली फल्ने बारी थियो । परिवारको अरू आयश्रोत केही थिएन । बस् .... यतिले नै हामी परिवारिक गुजारा चलाइरहेका हुन्थ्यौं । पुग नपुग अरू सितको सरसापटमा हाम्रो परिवार धानिँदै थियो ।

मेरा बा आखिरी जीवनतिर आइपुग्दा स्थिति खस्केर यो ठाउँमा पुगेको थियो । पुराना ऐतिहासिक अभिलेखहरूमा समेत उल्लेख गरिएको छ - पृथ्वीनारायण शाहले शुरू गरेको नेपालको पुनः एकिकरणमा हाम्रा पुर्खाहरूले उल्लेखनीय सहयोग पुऱ्याएका थिए र त्यसबापत मनग्गे विर्ता समेत पाएका थिए । उक्त विर्ताको रहलपहल मेरा बाको समयसम्म आइपुग्दा विभिन्न कारणले करिव सकिएको थियो । यसरी विपन्नताले हाम्रो परिवार गाँजिदै गएको थियो । म परिवारको कान्छो छोरा भएकाले पनि निरन्तरको आफ्नो खस्कक्दो अवस्थाको भुक्तभोगी बनेको थिएँ । बाबु-बाजेहरू विर्तावाल भएको, आर्थिक हैसियत भएको, सम्पन्नताकासाथ रहेको कुरा मैले कहिलेकहीं सुनेपनि खस्कक्दो आर्थिक अवस्था र पारिवारिक विपन्नताका कारण मेरो बाल्यकाल त्यो स्थितिबाट प्रभावित बनेको छ । यही अवस्थामा २०१८ पुसमा मेरो बाको निधन भएको थियो ।

मैले आफ्नो पढाईको प्रारम्भ जनकपुरमा न्यून वेतनिक सरकारी कर्मचारीको रूपमा रहनु भएको दाइकोमा बसेर गरें ।

म आफ्नो जन्मथलो विकट पहाडी जिल्ला ओखलढुंगाबाट जनकपुर झर्दा १० वर्ष पुगेर ११ वर्ष लागेको थिएँ । विलकुल पहाडको सामाजिक परिवेशमा वाल्यकालका प्रारम्भिक दिनहरू विताएको मलाई त्यसवेला जनकपुरको वातावरण अनौठो लागेको थियो । भौगोलिक बनौट, मानिसहरू, रहनसहन, बोली भाषा आदि सवै मेरा लागि अत्यन्त अनौठो लाग्ने खालका थिए । जनकपुर बजारमा पहिलो पटक प्रवेश गर्दै गर्दा मलाई लागेको थियो - म एउटा अजंगको घना वस्तीमा प्रवेश गर्दैछु । त्यसवेला तत्कालिन सोभियतसंघको विशेष सहयोगमा जनकपुर चुरोट कारखानाको निर्माण भैरहेको थियो । यसरी, २०२० को पुस महिनामा जनकपुर रूपी अनौठो संसारमा मेरो प्रवेश भएको थियो ।

पहाडबाट झरेको ६ महिना विल्दा नविल्दै मलाई त्यहींको एकजना भारतीय शिक्षकले पढाउने गरेको 'घरेलु पाठशाला' मा भर्ना गरिएको थियो । डेरा नजिकै रहेको, त्यही पढ्ने गरेको मेरै उमेरका बृषेशचन्द्रलालको सहयोगमा म त्यहाँको 'निमगाछी' मा पढ्न जान थालें । अग्लो, कालो अनुहार, व्यवहारमा कठोर देखिने 'काइस्त मास्टर' ले मलाई पढाएका थिए । म प्रत्येक दिन ओछ्याउने बोरा, झोलामा काठको पाटी, एउटा-दुईटा किताव र कापी बोकेर डराउँदै डराउँदै ती माष्टर सामु पुग्थे । सम्पूर्ण रूपमा हिन्दी भाषामा पढाउने ती माष्टरको कुरा मैले धेरै समयसम्म बुझ्दै बुझिन । 'मूँहजमानी' (किताव नहेरी कण्ठ सुनाउनु पर्ने पाठ) छ कि छैन भनेर उनले सोद्धा मेरो एक किसिमले सातो नै जान्थ्यो । म पहाडे केटोले, भाषा नै नबुझ्ने विद्यार्थीले कसरी हिन्दीमा लेखिएको कितावको पाठ 'मूँह जमानी' सुनाउनु ! पाठ सुनाउन माष्टरका अगाडि उभिनु मलाई कालका अगाडि उभिए जस्तो हुन्थ्यो । त्यसवेलाका पाठका अरू कुनैपनि अंश म अहिले सम्झन्न तर त्यसवेलाको एउटा कुराको भने संझना अहिले पनि ताजै छ । पढाई शुरू हुने बेलामा ती माष्टरले हिन्दीमा हामी सवैलाई उभ्याएर राष्ट्रिय गीत गाउन लगाउँथे - "जनगण मन हे नायक भारत भाग्य विधाता ......" र पाठको बीच बीचमा "हमारा प्रधानमन्त्री जवाहरलाल नेहरू ....." भन्ने लेखिएका अंश उनले हामीलाई सुनाउँथे । यी कुराको, त्यसवेला मैले खासै केही अर्थ बुझ्न सकेको थिइन । बेलाबेलामा जनकपुर भारतकै अंग पो हो कि जस्तो पनि लाग्थ्यो । ती माष्टरले हामीलाई प्रत्येक दिन क्लास छुट्ने बेलामा 'पाहाडा' घोकाउँथे । शुरूका केही दिन मलाई अप्ठेरो लागेपनि लयात्मक लाग्ने भएका कारण पछि पछि मन पर्दै गयो । एक किसिमले यातनादायी पढाईका ती दिन मैले विताएँ ।

त्यहाँबाट निस्कँदा मैले कक्षा चार पास गरेको प्रमाणपत्र पाएको थिएँ । त्यसपछि जानकी मिडिल स्कूलमा कक्षा ५ मा मेरो नाम लेखाइयो । म अहिले पनि संझन्छु - जानकी स्कूलमा पुग्दा मैले स्वतन्त्राताको सुखद सास फेरेको थिएँ । त्यहाँ पढ्ने विद्यार्थी तथा शिक्षकहरू, पाठ्य पुस्तकहरू, अन्य समग्र वातावरणले मलाई अत्यन्त प्रभावित बनायो । त्यहाँ पुगेपछि मात्र मलाई जनकपुर नेपालकै भूभाग हो भन्ने लाग्यो ।

पाँच र छ कक्षाको पढाई पछि मैले जानकी स्कूल छोडेर जनकपुरको चर्चित सरस्वती हाइस्कूलमा कक्षा ८ मा नाम लेखाएँ । सरस्वती हाई स्कूलमा पुगेपछि मेरो ज्ञान, चेतना र गतिविधिहरूको क्षितीज केही उघारिएको थियो । त्यहाँ हामी सहपाठी - दौंतरीहरूका बीचमा मुलुकको राजनीतिक स्थितिको वारेमा केटौले हिसावले नै भएपनि कुराकानीहरू हुने गर्थ्यो । हामी प्रजातन्त्रका वारेमा पनि कुराहरू गर्थ्यौ । यही सिलसिलामा वि.पी. कोइराला, मनमोहन अधिकारी आदिका वारेमा कुराहरू हुने गर्थे ।

केही समयपछि नै त्यस्ता कुरा गर्नेहरू मध्ये धेरैका विचार र आचरणलाई देखेपछि ती व्यक्तिहरू मलाई ठीक लागेनन् । सामान्य जनतासित र महिलाहरूसित उनीहरूको व्यवहार राम्रो हुँदैनथ्यो । उनीहरू मध्ये धेरै गुण्डागर्दीमा पनि संलग्न हुने र कहिलेकहीं त लुटपाटमा समेत संलग्न हुन्थे । भेषभुषा र खानपानमा पनि उनीहरू ठीक थिएनन् । तर कुरा भने प्रजातन्त्रका - काँग्रेसका गर्ने गर्थे । विस्तारी त्यस्ता साथीहरूको साथ मैले छोड्दै गएँ । मैले थाहा पाएँ - ती साथीहरू मध्ये धेरैजना नेपाली काँग्रेससित सम्बन्धित रहेछन् । तिनीहरूको मुखबाट मैले वि.पी. कोइराला, नेपाली काँग्रेस, प्रजातन्त्र, भारत आदिको खुवै नाम सुन्ने गर्थे । म त्यस्ता व्यक्तिहरूबाट टाढिँदै गएँ । नेपालजस्तो सानो मुलुकलाई चीनले हेप्दैन रे भन्ने थाहा पाएपछि म चीनप्रति आकर्षित भएँ । काम गरी खाने मानिसलाई माया गर्ने र साना ठूला सवैलाई बरावरीको दृष्टिकोण कम्युनिष्टले राख्छन् भन्ने थाहा पाएपछि म कम्युनिष्टप्रति आकर्षित हुँदै गएँ । कम्युनिष्ट पार्टी गरीव दुःखीको पार्टी भन्ने थाहा पाएपछि म त्यसैको नजिक हुनुपर्छ भन्ने ठान्न थालें । त्यस्ता साहित्यहरू खोजी खोजी पढ्न थालें । यसै क्रममा जनकपुरका चिनिएका कम्युनिष्ट नेता लेखनाथ शर्मासित मेरो परिचय भयो । उहाँसित म धेरै कुरा सिक्न, बुझ्न थालें । यसरी सरस्वती हाईस्कूलको कक्षा आठ देखिनै मेरो संगत कम्युनिष्टहरूसित हुन थाल्यो ।

जनकपुरको सरस्वती हाई स्कूलमा कक्षा ८ मा पढ्दा म पहिलो पटक राजनीतिक कारणले पुलिसको हिरासतमा पुगेको थिएँ । भारतले नेपालको अविछिन्न भूभाग - सुस्ता र महेशपुरमाथि अतिक्रमण गरेको थियो र त्यसवेला भारतको विस्तारवादी कार्यको देशव्यापी विरोध गरिएको थियो । विभिन्न समूहमा विभाजित भएपनि आ-आफ्ना ठाउँबाट राष्ट्रियता र प्रजातन्त्रका लागि कृयाशील कम्युनिष्ट पार्टीका कार्यकर्ताहरू खासगरी नौजवान युवा विद्यार्थीहरू विरोध अभियानमा जुटेका थिए । जनकपुरको विरोध जुलुशमा पुलिसले टियर ग्याँसका धेरै गोला फालेको थियो र लाठी चार्जमा धेरैले कुटाई खाएका थिए । जुलुशको पछि पछि नै लागेको भए पनि पुलिसले दुई लाठी हिर्काएर मलाई पनि मुन्ट्याउँदै लगेको थियो । यो २०२५ को माघ वा फागुनतिरको कुरा हो । त्यसवेला मलाई २ दिनमै छोडिएको थियो । यही सिलसिलामा केही दिन पछिको अर्को कार्यक्रममा मैले पुलिसबाट नराम्ररी कुटाई खाएको थिएँ । त्यसवेला म एक किसिमले थलै परेको थिएँ ।

२०२६ को आखिरीतिर भारतले नेपालसितको व्यापार तथा पारवाहन सन्धीको म्याद नथपी नाकाबन्दी गरेको थियो । भारतको यस किसिमको कार्यको विरोधमा पुनः देशव्यापी विरोध प्रदर्शन गरिएको थियो । जनकपुरका प्रगतिशील तथा देशभक्त व्यक्तिहरूले भारतीय नाकाबन्दीको विरोधमा प्रदर्शन गरेका थिए । कतिपय भारतीय उत्पादनहरूलाई सार्वजनिक ठाउँमा जलाइएको थियो । म त्यसमा संलग्न भएको थिएँ । पुलिसले प्रदर्शनकारीहरू मध्ये केहीलाई गिरफ्तार गरेर यातना समेत दिएको थियो । त्यसवेला म एस.एल.सी. परीक्षाको सम्मुख थिएँ । झण्डै मेरो परीक्षामा समेत असर गरेको ! कसो - एक हप्ताको सेरोफेरो मै मैले हिरासतबाट छुटकारा पाएको थिएँ ।

एस.एल.सी. पास भएपछि, म जेहेन्दार विद्यार्थीमा गनिए पनि, प्रमाणपत्र तहमा आर्टस् लिएर पढ्न थालें। विज्ञान विषय लिई अध्ययन गर्न विराटनगरको महेन्द्र मोरङ कलेजमा गएपनि त्यहाँ विद्यमान द्वन्दग्रस्त विद्यार्थी राजनीतिका कारण मैले जनकपुर नै फिर्नु परेको थियो। कलेजमा पुगेपछि मेरो राजनीतिक कृयाशीलता बढेको थियो। कलेजको खुला राजनीति गर्न पाउने वातावरणले मलाई निकै प्रेरित गरेको थियो। म घोषित रूपमा अनेरास्ववियूको सानोतिनो नेता नै बनिसकेको थिएँ। कविता तथा निवन्ध प्रतियोगिता, गोष्ठी तथा सभाहरू, भाषण तथा जुलुशहरूमा मेरो अनेरास्ववियूको विद्यार्थी नेताको हैसियतले उपस्थिति तथा सहभागिता हुने गरेको थियो।

२०२८ को विद्यार्थीहरूको राष्ट्रव्यापी संयुक्त आन्दोलनमा मेरो सकृय सहभागिता रह्यो। उक्त आन्दोलनमा हामी अनेरास्ववियूका विद्यार्थीहरूले आन्दोलनलाई अगाडि बढाउन विशेष योजनाकासाथ लागेका थियौं। त्यसवेला संभवतः जनकपुरमा पहिलो पटक हामीले पंचायती सरकारको विरोधमा मसाल जुलुश निकालेका थियौं। म लगायतका केही विद्यार्थी साथीहरू लुकिछिपी आन्दोलनमा नेतृत्व गरिरहेको बेला गिरफ्तारीमा पर्‍यौं। त्यसवेला हामीले प्रहरी कष्टडीमा पाएको चरम यातनाको वर्णन गरी साध्य छैन। उँधोमुन्टो पारेर पैतालामा कुट्ने, पंखामा झुण्ड्याउने, हातखुट्टा बाँधेर लात्ते भकुण्डो गर्ने - के मात्रै गरिएन ! पहिलो पटक हप्ता-दस दिनको पुलिस कस्टडीको यातनापछि हामीलाई जलेश्वर जेल लागिएको थियो। हाम्रो तर्फबाट जेलमा रहनुभएका विष्णुबहादुर राउत लगायत नेविसंघका अन्य केही विद्यार्थीहरू पनि थिए। झण्डै दुई महिनाको जेल बसाइले मलाई भित्रैदेखि झन् मजबुत बनाएको थियो।

२०२९ को शुरूमा कलेजको विद्यार्थी चुनावमा पहिलो पटक सभापति लगायत बहुमत सीट अनेरास्ववियूले जितेको थियो। जनकपुरको रा.रा. क्याम्पसको इतिहासमै यो पहिलो पटक भएको थियो। त्यसवेला आइ.ए.को फाइनल वर्षमा भएकोले म सदस्यको रूपमा मात्र उम्मेदवार बनेको थिएँ। मैले त्यस चुनावमा विजयी विद्यार्थीहरूमध्ये सवैभन्दा ज्यादा मत प्राप्त गरेको थिएँ।

मैले जव एस.एल.सी. पास गरी आई.ए. मा अध्ययन गर्न शुरू गरेको थिएँ - त्यसैवेला कम्युनिष्ट सिद्धान्त सम्बन्धी किताबहरू खासगरी चिनियाँ प्रकाशनहरूको मैले अध्ययन गर्न थालेको थिएँ। बेजिङको कम्युनिष्ट प्रकाशन केन्द्र क्योजी सुद्यानसित मेरो आफैं पत्राचार हुन्थ्यो। त्यसैमार्फत म विभिन्न प्रकाशनहरू मगाउने गर्थें। भियतनामी जनताको अमेरिकी आक्रमण विरोधी देशभक्तीपूर्ण युद्धले त्यसवेला मलाई साह्रै प्रभावित बनाएको थियो। यस सम्बन्धी रचनाहरूको अध्ययनबाट मलाई कम्युनिष्ट बन्ने प्रेरणा मिलेको थियो। जनकपुरका प्रतिष्ठित कम्युनिष्ट नेता लेखनाथ शर्मा मार्फत पनि म त्यस्ता किताबहरू पाउँथे। उहाँ कहिलेकहीं हामीलाई क्लास पनि लिने गर्नुहुन्थ्यो। यही क्रममा उहाँले नै मलाई पार्टीको सदस्यता प्रदान गर्नुभएको थियो। त्यसवेला रसिद काटेर पार्टी सदस्यता दिइन्थ्यो। मैले त्यसवेला गोजी टक्टक्याएर उहाँलाई पाँच रूपैयाँ बुझाएको छु।

मैले जनकपुरबाट आई.ए. पास गरून्जेल कम्युनिष्ट विचारप्रति मेरो प्रतिबद्धता झन् दृढ बनेको थियो। यसरी २०२१ देखि २०२९ सम्म नौ वर्षको अवधिमा मैले कम्युनिष्ट पार्टीको प्रारम्भिक राजनीति मात्र होइन जनकपुर मै कृयाशील हुने सिलसिलामा कम्युनिष्ट पार्टीको सदस्यता समेत जनकपुरमै प्राप्त गरेको थिएँ। यसरी जनकपुरमा मेरो प्रारम्भिक कम्युनिष्ट राजनीतिको शुरूवात भएको थियो।

२०३२ को शुरूदेखि जब मैले 'को-अर्डिनेशन केन्द्र' को क्रान्तिकारी राजनीति बोकेर भूमिगत पेशेवर कार्यकर्ताको रूपमा भुमिहीन-गरीव किसानहरूको वस्तीमा जानु पर्‍यो, संयोगले नै भन्नु पर्छ, मलाई धनुषा नै कार्यक्षेत्र तोकियो। काठमाडौंको पढाई सकेर म घरै नगई सिधै धनुषाका भूमिहीन-गरीव किसानहरूको वस्तीमा पुगेको थिएँ। गरीव-भूमिहीन किसान जनताका बीचमा जाने, उनीहरूसित एकाकार हुने र यसैक्रममा आफुलाई रूपान्तरित गर्नुपर्ने अनिवार्यतालाई आत्मैदेखि स्वीकार गरेर म गाउँ आएको थिएँ। हो, मेरो यो अग्रसारितामा सैद्धान्तिक - राजनीतिक स्पष्टता कम र क्रान्तिकारी भावना ज्यादा प्रकट भएको थियो। म अहिले पनि संझन्छु - त्यसवेला मेरो त्यो भावना यति प्रचण्ड र वेगवान थियो की मैले आफ्ना सबै व्यक्तिगत चाहना र आकाँक्षालाई विर्सेको थिएँ। एक जोर लगाएका लुगा, एउटा लुँगी, कम्युनिष्ट सिद्धान्तका केही रचनाहरू, एउटा नोटबुक र एउटा कलम भएको झोला बोकेर म हिंडेको थिएँ।

खुला रहँदा धनुषा, जनकपुरबाट मैले जे कुरा थाहा पाएको थिएँ, सिकेको थिएँ, त्यसले मलाई खासै केही काम नदिने भयो। त्यहाँ मैले विल्कुलै नयाँ शुरूआत गर्नुपर्‍यो। भूमिहीन-गरीव किसानहरूसित एकाकार भएर मात्रै बुद्धिजीवी-विद्यार्थी क्षेत्रबाट आएका नौजवानहरूले आफुलाई रूपान्तरित गर्न सक्छन् भन्ने कुरालाई मैले मूल मन्त्र बनाएर भूमिगत भएको थिएँ। विद्यार्थी बुद्धिजीवीहरूका लागि श्रमजीवी जनतासित एकाकार हुने कुरा ठूलो परीक्षा तथा चुनौतीको विषय थियो - त्यसवेला। आफुलाई रूपान्तरित गर्न श्रमजीवी जनतासित एकाकार हुनै पर्छ र एकाकार हुन नसक्नेहरू रूपान्तरित हुन सक्तैनन् भन्ने मान्यता थियो। मेरो अनुभवमा श्रमजीवी जनतासित त्यो व्यक्ति मात्र एकाकार हुन सक्छ जसले उनीहरूलाई श्रद्धाको नजरले हेर्न सक्छ र जो उनीहरूसित सिक्न सधैं ललायित रहन्छ। मैले भूमिगत कालका प्रारम्भिक दिनहरूमा अनेकौं कष्टकर तथा रोमान्चकारी अभ्यासका क्रममा श्रमजीवी जनतासित एकाकार हुने कुरालाई बुझ्न सकें - सिक्न सकें। म कम्युनिष्ट बन्ने यही ऐतिहासिक प्रारम्भ थियो।

# जनताको माया कायम छ

' बेदुराम भुसाल

**मा**ओवादीहरूले मुलुकको सम्पूर्ण ग्रामीण इलाका आफ्नो कब्जामा रहेको छ भनेर दावी गरिरहेका र राज्यले माओवादीलाई नियन्त्रण गरिरहेको तथा गाउँमा रहेको राजनीतिक रिक्ततालाई सुरक्षाफौजले पूर्ति गरिरहेको छ भन्दै दुईथरी बन्दुकले गाउँमा आतंक मच्चाइरहेको बेला हाम्रो पार्टी नेकपा (एमाले)ले शान्ति र प्रजातन्त्रको आवाज बोकेर गाउँका जनताबीच पुग्न 'शान्ति र प्रजातन्त्रका निम्ति जनअभियान' नामक एक अभियानको कार्ययोजना तयार भयो। त्यस योजनाको कार्यान्वयनमा उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रत्येक जिल्लामा कम्तीमा एकजना केन्द्रीय नेतालाई पठाउने निर्णय भयो। त्यही निर्णयअनुसार केन्द्रीय सचिवालयबाट तोकिएर म कपिलवस्तु जिल्लामा पुगें।

अभियान संचालनको योजना निर्माण कार्य लुम्बिनी अञ्चल समन्वय कमिटी लुम्बिनीको बैठकबाट शुरू भएको थियो। अञ्चलको निर्णय र निर्देशनअनुसार २०६० माघ ९ गते जिल्ला कमिटीको बैठक बसी विस्तृत र घनिभूत योजना तयार पारियो। जिल्लास्तरीय कार्यकर्ता भेलाबाट कार्यक्रम शुरू गरियो। त्यस योजनामा विभिन्न कमिटीहरूका बैठक, इलाका तथा गाउँ तहमा कार्यकर्ता भेला, इलाका तथा गाउँ र टोल तहमा समेत जनसभा वा जभेला र घरदैलो जस्ता कार्यक्रमहरू गर्दै अन्तमा पदयात्रा एवम् साइकल यात्रासमेतबाट जिल्ला सदरमुकाममा पुगी आमसभा गरेर अभियानको समापन गर्ने कार्यहरू तय भएका थिए।

यस अभियानको लक्ष्य नै युद्ध र प्रतिगमन विरूद्ध शान्ति र प्रजातन्त्रको सन्देश लिएर आमजनताबीच पुग्ने भन्ने भएकाले हामीले त्यही अनुरूपका तरिकाहरू अवलम्बन गर्‍यौं। अभियानका दौरान औपचारिक कार्यक्रमहरूमात्रै भएनन् अनौपचारिकरूपमा जनतासँग बस्ने, कुराकानी गर्ने, हामीलाई सोधिएका प्रश्नको जवाफ दिने र जवाफबाट चित्त बुझे नबुझेको सोध्ने जस्ता कार्यहरूसमेत गरियो। दिउँसो जुन गाउँमा कार्यक्रम हुन्छ, त्यही गाउँमा नै साँझ बास बस्ने र जनतासँग माथि भनिएजस्तै अनौपचारिक कार्यहरू गर्ने गरियो। त्यसरी अनौपचारिकरूपमा कुराकानी हुँदा जनताले अत्यन्त खुला-खुलस्त भएर आफ्ना राखेको पाइयो।

जनताका खुला हृदयको आवाज के पाइयो भने वास्तवमा आम नेपाली जनता युद्धको पक्षमा छैनन् र प्रतिगमनको पक्षमा पनि छैनन्। उनीहरूले हामीलाई त दुवैथरीले सताए, एकथरि आउँछन् र खान बस्न नदिए मारिदिन्छौं भन्छन् अनि अर्काथरी आएर फेरि माओवादीलाई किन सहयोग गरेको भनेर हामीलाई नै सताउँदछन् भन्दै आफूहरू दुवैथरी बन्दुकको मारमा परेको कुरा स्पष्टसँग राख्दछन्। गाउँमा जहाँ जाँदा पनि जनताले माओवादीका क्रियाकलाप र राज्यपक्षका क्रियाकलाप कुनैलाई पनि समर्थन गरेका पाइएन। हामीले अनौपचारिकरूपमा कुराकानी गरेका कसैले पनि युद्ध, प्रतिगमन, हिंसा र प्रतिहिंसाको पक्ष लिएको पाइएन। सबैले अहिलेको आवश्यकता द्वन्द्व होइन सहमति र मेलमिलाप हो भनेर स्पष्टरूपमा भन्दथे। दुईखाले बन्दुकको मारमा परेका सर्वसाधारण जनताले मात्र होइन, जिल्लाको प्रशासन चलाएर बसेका राज्यपक्षका जिम्मेवार व्यक्तिहरूले समेत अहिलेको आवश्यकता मेलिमिलाप नै हो भनेर प्रष्टसँग भन्दथे।

सुरक्षाफौजले राजनीतिक रिक्ततालाई पूर्ति गरेको छ भनेर डिङ हाँक्ने राज्यपक्षको अस्तित्व गाउँमा कहीँ पनि देखिएन। सबै गाउँले इलाकाबाट सुरक्षा चौकीहरू हटाइएका छन्। विदेशी सिमानाका नाकाहरूबाट समेत चौकीहरू हटाइएका छन् र तस्करी निर्वाधरूपमा चलिरहेको छ। तस्करीमात्र होइन गाउँ-गाउँमा डकैती भइरहेको छ र दिनदहाडै लुटपाट मच्चिइरहेको छ। यसबारे प्रशासनमा कुरा गर्दा प्रजिअको भनाइ "हामी त मुख थुनिएका व्यक्ति हामीले के गर्न सक्छौं र" भन्ने रह्यो भने प्रहरी उपरीक्षकको भनाइ हामीलाई त चौकी हटाउन भनियो र हटायौं, राख भने फेरि राख्छौं भन्ने रह्यो। राज्यले जनताका ज्यूधनको रक्षा गर्न नसक्नेमात्र होइन, गाउँमा के भइराखेको छ भनेर जानकारी पाउन पनि नसक्ने स्थिति रहेको पाइयो। जनता राज्यपक्षलाई सहयोग र समर्थन गर्ने पक्षमा पटक्कै नरहेको देखियो। जनताले त गाउँका अधुरा योजनाहरू (बाटो, पुल, बिजुलीका तार, नतानिएका खम्बा आदि देखाउँदै यी सबै योजनाहरू बीचैमा रोकिए, के यही हो, बाबु प्रतिगमन भनेको ? भनेर हामीलाई प्रश्न गरेको पाइयो।

अर्कोतर्फ सबै ग्रामीण क्षेत्र कब्जा गरिसक्यौं भनेर प्रचार गर्ने माओवादीहरूले पनि जनताको मनमा सकारात्मक प्रभाव पार्न सकेको देखिएन। उनीहरूका व्यवहारबाट जनता वाक्क भइसकेको देखियो। उनीहरूबाट भएका सार्वजनिक संरचनाहरूको विनास र काम रोक्का जस्ता सवालले जनतामा अत्यन्तै नकारात्मक प्रभाव परेको पाइयो। जनतालाई बन्दुक देखाएर आतंकित तुल्याई आफ्नो चाहना पूरा गर्ने प्रवृत्तिलाई पनि जनताले विल्कुलै नरूचाएको पाइयो। एकमुष्टमा भन्नुपर्दा जनता शान्तिपूर्ण रूपान्तरणको पक्षमा छन् भन्ने कुरा स्पष्टरूपमा देखियो।

राजनीतिक पार्टीका कार्यकर्ताहरू गाउँमा छैनन् भन्ने कुरालाई नेकपा (एमाले)का कार्यकर्ताहरूले गाउँमै बसेर चुनौती दिइरहेको तथ्य व्यवहारद्वारा नै पुष्टी भएको देखियो। हाम्रो पार्टीका जिल्ला नेताहरू सबै आ-आफ्नो गाउँमा नै बसिरहनु भएको र गाउँ तहसम्मका पार्टी कमिटीहरू चलिरहेको वास्तविकतामा आफैं पनि सहभागी बनिसकेपछि शरहमा बसेर कल्पनाको डुंगामा शैर गर्दै गाउँमा यस्तो छ र उस्तो भनी विश्लेषण गर्नेहरूलाई यदि सत्य कुरा बुझ्न चाहन्छौ भने नेपालका गाउँहरूमा गएर नेकपा (एमाले)का कार्यकर्ताहरूलाई भेट्ने हिम्मत गर भनेर चुनौती दिन मन लाग्यो। जनमोर्चा नेपालका कार्यकर्ताहरूले पनि गाउँ छाडेर हिंडेको पाइएन। दुवै कांग्रेसका कैयन् कार्यकर्ताहरू पनि गाउँमै भेटिए।

राजनीतिक पार्टीका पछाडि जनता छैनन् भन्नेहरूको मुटुमा ढ्यांग्रो ठोक्ने गरी गगनभेदी नारा घन्काउँदै जिल्लाको सदरमुकाममा हजारौंको जुलुस प्रदर्शन र आमसभा भइसकेपछि भने बजारका चोकहरूमा "वास्तवमा एमालेको प्रभाव त अझै पनि रहेछ" भनेर टिप्पणी गरेको सुनियो।

योजना निर्माणको प्रक्रियामा अर्थात् जिल्लास्तरीय भेला, बैठक आदिको सिलसिलामा १० दिन र योजना कार्यान्वयनको सिलसिलामा ३५ दिन गरी जम्मा ४५ दिन जिल्लामा बसियो । त्यस अवधिको ७५ प्रतिशतभन्दा बढी समय जनताकै घरदैलोमा अत्यन्तै न्यानो माया र स्नेहपूर्ण व्यवहारद्वारा खुसी हुँदै बिताइयो । सिंगो अभियानबाट के अनुभव प्राप्त भयो भने जनता हिमालजत्तिकै अटल छन् र जनताको माया समुन्द्र जत्तिकै गहिरो छ, खाँचो निरन्तररूपमा जनताबीच पुग्ने र उनीहरूका भावना बुझेर काम गर्नुपर्ने कुराको नै छ ।

# बाऱ्ह बर्षपछि दैलेख–जाजरकोट पुग्दा

**’ लक्ष्मणराज ज्ञवाली**

जरकोटमा २०६० साल पुस १ र २ गते पार्टीको जिल्लास्तरीय कार्यकर्ता भेलाको आयोजना गरी अञ्चल समन्वय कमिटीको निर्णयअनुसार जिल्ला संगठन कमिटी निर्माण गरिएको थियो । भेलामा देशको समसामयिक स्थिति, हाम्रो दायित्व र पार्टीका निर्णयहरूको बारेमा प्रशिक्षण दिइएको थियो भने पार्टीका आन्तरिक कामका योजना र अन्य विविध विषयमा सुझाव पेश गरिएको थियो । त्यसैगरी माघ ४ गते दैलेख जिल्ला कमिटीको आयोजनामा पार्टीको जिल्ला भेला सम्पन्न गरिएको थियो । जसमा देशको समसामयिक स्थिति र कार्यकर्ताको दायित्व विषयमा प्रशिक्षण तथा अन्य विविध विषयमा छलफल गरिएको थियो ।

“शान्ति र प्रजातन्त्रको लागि जनअभियान” कार्यक्रमको सन्दर्भमा जाजरकोटमा फागुन ७ गते जिल्ला कमिटीको बैठक र ८ गते जिल्ला कार्यकर्ता भेलाको आयोजना गरिएको थियो । माओवादीले सदरमुकाम खलंगामा सम्पूर्णरूपमा नाकाबन्दी लगाई आवागमनमा समेत रोक लगाएको कारण भेलामा साथीहरूको अपेक्षाकृत संख्या उपस्थित नभए पनि उपलब्ध कमरेडहरूका बीच देशको परिस्थिति, पार्टी निर्माण र जनअभियानको सन्दर्भमा छलफल गरियो भने जिल्ला कमिटीको बैठकबाट कम्तिमा पनि सबै इलाका तथा गाविसस्तरसम्मका कार्यक्रमसहित जाने र सम्भव स्थानमा भेला, बैठक, पुनगर्ठन, गठन, प्रशिक्षण, भेटघाट र जनसभा गर्ने निर्णय गरियो । त्यसको कार्यान्वयनको लागि जिल्लामा दुईवटा समूह निर्माण गरियो । ती समूह ३ वटा इलाकासम्म संयुक्तरूपमा झण्डा, ब्यानरसहित जाने । त्यसपछि १ नं. क्षेत्रमा केन्द्रबाट खटाइएका उत्प्रेरक, उपसचिव र पूर्व उपसभापतिसहितको समूह र २ नं. क्षेत्रमा सचिव, पूर्वसांसद र पूर्वसभापतिसहितको समूह सम्पूर्ण गाविसमा जसरी पनि जाने, एक महिनासम्म त्यो भ्रमण सकेर जिल्लास्तरमा त्यसको समीक्षा-मूल्यांकन गर्ने र त्यो अनुभवको आधारमा अन्य कामको थालनी गर्ने निर्णय गरियो ।

यसरी उपरोक्त काममा लागिरहँदा २०४७ सालमा तत्कालीन भेरी-कर्णाली क्षेत्रीय कमिटीले दैलेख, जाजरकोटको इन्चार्ज तोकी पठाएपछि ती जिल्लामा पार्टीको जिल्लास्तरका कमिटी निर्माण गर्दा भएका तीता-मिठा अनुभूतिहरू अहिले पुनः मेरो मानसपटलमा नाचिरहेका छन् । त्यसबेला राजनीति अत्यन्त मर्यादित र जनताको निम्ति आवश्यक मानिन्थ्यो । जनता र राजनीतिक कार्यकर्ता आफ्ना गतिविधि गर्न सक्दथे । जनता शक्तिशाली थिए र पार्टी रोज्न-खोज्न लालायित हुन्थे । तर अहिले जनतालाई निरीह बनाइएको छ । उग्र वाम र दक्षिणपन्थी शक्तिहरू कम्मर कसेर प्रजातन्त्रलाई बदनाम गर्न र आफ्नो तानाशाही लाद्न तम्सिएका छन् । उनीहरू बन्दुकको भाषामात्र बोलिरहेका छन् । यी दुवै अतिवादी शक्तिको कारणले देश जर्जर रणभूमिमा परिणत भएको छ ।

यस अवधिमा भेरी-कर्णालीको पानीभैं यो भूमिमा हजारौं नागरिकको खुन-पसिना बगिसकेको छ र यस क्षेत्रमा अनेकौं दर्दनाक, अमानवीय र त्रासदीपूर्ण घटना दोहोरिइरहेका छन् । साथीहरूको सहयोग तथा आफ्नै पहल, प्रयत्न र उपस्थितिमा पार्टीको जिल्ला कमिटी स्थापना गरिएको १२ बर्षपछि त्यही पार्टीको कामलाई पुनर्व्यवस्थित गर्न अहिले दैलेख-जाजरकोट पुग्दा एकातिर गौरवको अनुभूति हुन्छ भने अर्कोतिर त्यस क्षेत्रका जनता-कार्यकर्ताको दर्दनाक पीडा देख्दा-सुन्दा मन अमिलो भएर चस्स-चस्स दुख्ने गर्दछ । २०६० मंसिरमा जब हामी सुर्खेतको छिञ्चुबाट जाजरकोटतर्फ लाग्यौं । बसमा यात्रा गरेका प्रायः मानिसहरूले “अब माओवादीको एरिया प्रवेश गरियो-अनिश्चयको यात्रा शुरू भयो” भन्ने टिप्पणी गर्दै थिए । नभन्दै जब हामी मेहेलकुनाबाट अगाडि बढ्यौं एक हुल युवाहरू गाडी रोकेर भित्र पसे, होटलमा “नास्ता-पानी” गरिरहेका साथीहरूलाई पर्खिन ड्राइभरलाई दबाव दिए । रात परिसकेको थियो, भोक, प्यास, थकान र गन्तव्यमा पुग्ने आतुरताले हैरान भएका यात्रुहरू छटपटिन्थे तर कोही पनि एक शब्द बोल्ने आँट गर्दैनथे । नशाले उन्मत्त ती युवाहरू अश्लील शब्द ओकल्दै ठाउँ कु-ठाउँमा गाडी रोक्न लगाई आपसमा बाझाबाझ गर्थे । यस्तो क्रियाकलापले हद नाघिसक्दा पनि कसैले त्यसको प्रतिवाद गर्दैनथे-चुपचाप पीडा सहेर बस्थे । हामीले आपसमा कुरा गऱ्यौं । “के माओवादीको आधार इलाका यस्तै हुन्छ ?” यद्यपी ती मानिस माओवादी थिएनन् तर माओवादी इलाका भनिएको स्थानमा त्यस्ता अराजक घटना सयौंको संख्यामा घटिरहेका छन् । के “आफ्नो नियन्त्रणमा भएको” भनिएको इलाकामा सुशासनको अनुभूति दिलाउने माओवादीको नैतिक दायित्व होइन ? हामी माओवादीको संभावित अवरोधलाई छल्दै पैदलयात्राको क्रममा दोस्रो दिन जब चौरजहारी पुग्यौं त्यसबेला चौरजहारीको जनजीवन अत्यन्त त्रासदीपूर्ण थियो । माओवादीको “जनसरकार” मा दुकान दर्ता नगरेका पसलेहरूको सामान लुटिएको थियो, उनीहरूलाई समर्थन नगर्नेहरूको खेतबारीमा सिंचाइ गर्ने कुलो दिइएको थिएन, खानेपानीको पाइप काटेर पानी बन्द गरिएको थियो र अझै पनि अटेर गरे भेरी नदीको पानी लिन जान पनि नपाइने धम्की दिइएको थियो । राप्ती, भेरी र कर्णाली अञ्चलका

कतिपय जिल्लाको व्यापारिक केन्द्रको रूपमा स्थापित चौरजहारीको पुरानो सुन्दरता र चहलपहल समाप्त भई उजाड खण्डहरको रूपमा परिणत भएको थियो ।

तेस्रो दिन, जब हामी जाजरकोटको सदरमुकाम पुग्यौं । थाहा लाग्यो कि ! त्यहाँको तमासा अर्को थियो । सम्मानित निवर्तमान जनप्रतिनिधि (जो वर्तमान संविधानको पूर्ण पारिपालनाको वकालत गरिरहेको छ) लाई हिरासतमा लिई यातना दिने, राजनीतिक पार्टीका कार्यकर्तालाई अनावश्यक केरकार तथा खानतलासी लिने, अपमान गर्ने, धम्की दिने कार्य गरिन्थ्यो । तर प्रहरी कार्यालयको ३ सय मिटर दूरीनजिकैबाट माओवादीले जनता अपहरण गर्दा बचाउनेसम्मको हुती पनि सरकारी पक्षसँग थिएन । माओवादीको "आधार इलाका" भनिएका ग्रामीण क्षेत्रमा असंलग्न सामान्य जनता र अन्य पार्टीका कार्यकर्तालाई अंगभंग, लुटपिट, दण्ड, जरिवाना र अपहरणका सयौं घटना चुपचाप सहेर बस्नुपर्ने बाध्यता रहेको छ । यस्ता घटनाबाट दैलेख पनि अछुतो छैन । त्यहाँका पार्टीका अगुवा कार्यकर्तालाई आफ्नो गाउँघरमा बस्न दिइएको छैन, सम्पत्ति लुटिएको छ, अपहरण गरिएको छ । यस्तो हुँदाहुँदै पनि साथीहरू आफ्नो आस्था बचाएर प्रतिकूलतासँग जुध्दै सुखद् भविष्यको पर्खाइमा हुनुहुन्छ ।

**"मोडेल" हिरासतमा २६ घण्टा**

जाजरकोट जिल्ला कमिटीको पूर्व निर्णयानुसार फाल्गुण १२ गतेदेखि अभियानको पैदल यात्रा, भेटघाट जनसभाका कार्यक्रमहरू जगतिपुरबाट सुरू गर्ने भनिएकोमा १३ गतेदेखि १९ गतेसम्मका कार्यक्रम माओवादीले अवरोध खडा गरेपछि कार्यक्रमलाई केही परिवर्तन गरी एउटै टिम बनाई इलाका स्तरसम्म जाने, कामको तरिका र शैली स्थिति अनुसार परिमार्जन गर्ने गरी १४ वटा आमसभा सम्पन्न भए । जसमा २०० देखि १२०० सम्म जनताको उपस्थिति रह्यो । कोणसभा, अन्तरक्रिया, प्रत्यक्ष सम्वाद, भेटघाट र कुराकानी भए । केही औपचारिक कार्यक्रममा माओवादी, कांग्रेसका कार्यकर्ताले पनि मन्तव्य दिएका थिए । जनता कार्यकर्ता अत्यन्त उत्साहको साथ यो अभियानको प्रशंसा गर्दै कार्यक्रममा सरिक भए । सामान्य जनता र माओवादीले समेत टिप्पणी गरेको पाइयो-"माओवादीले १५/२० दिन लगाएर तयारी गरी, हतियारधारी व्यक्ति लगाई दवाव दिंदा पनि जम्मा नभएका जनता सामान्य प्रचारको भरमा एमालेको कार्यक्रममा उपस्थित भए ।" जनता-कार्यकर्ताले आफ्ना पीडा-व्यथा र शान्ति र प्रजातन्त्रको लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने कुरा विशेष आग्रहका साथ राखे । जब डी.आई.बाट "मोडेल" जिल्लामा हाम्रो टिम प्रवेश गर्‍यो, तब हाम्रो टिमलाई थप समस्या सिर्जना गरे माओवादी । चैत १ गते लिंसा भन्ने स्थानमा हाम्रो आमसभाको कार्यक्रम थियो र माओवादीलाई पनि वक्ताको रूपमा आमन्त्रण गरिएको थियो । सुरूमा स्थानीय माओवादी जिम्मेवारले "कार्यक्रम ठिकै हो तर जिल्लासँग समन्वय गरेर मात्र कार्यक्रम गर्ने" पत्र पठायो । जनता-कार्यकर्ता ठूलो संख्यामा उपस्थित भएको, हाम्रो कार्यक्रम पूर्व निर्धारित र सार्वजनिक भएकोले सुरू गर्‍यौं । त्यस इलाकाको जिम्मेवार माओवादीले २ वटा धम्कीपूर्ण पत्र पठायो कार्यक्रम रोक्न । तर हामीले कार्यक्रम सम्पन्न गर्‍यौं । २ गते सकला गाविसको लामितरामा पुगेको बेला एउटा जत्थाले "तपाईंहरूलाई अगाडि नबढ्ने आदेश छ" भनी रोक्यो । केही क्षणपछि अर्को जत्थाले फर्किने आदेश गर्‍यो । हामीले कारण सोधी अड्डी लिएपछि जिल्लाको आदेशको हवाला दियो, धेरै कुराकानी पछि "जिल्लाका प्रमुखहरूसँग भेट हुन सक्ने" बतायो र हामी पनि भेट्न चाहेकोले फर्किने भयौं । स्यापुखोला पुगेपछि हामीलाई बगरतर्फ लैजाने आदेश गर्‍यो । हामीले तपाईंको डी.सी.एस.लाई चिठ्ठीखबर लगिदिनोस् हामी जान सक्दैनौं भन्यौं । लामो विवादपछि माओवादीका शैन्यबल थपिएर हामीमाथि लाठीचार्ज गरे, प्रतिगमनकारीका सेना-प्रहरीले जस्तै अपशब्द गरे, झोला, माइक फालिदिए । केही साथीहरूलाई धम्क्याउने, पल्टाउने र लछार पछार गर्ने काम गरे । अन्ततः उनीहरूले भेरी अञ्चल समन्वय कमिटीका सचिव लक्ष्मण ज्ञवाली, जाजरकोट जि.क. सचिव लालबहादुर महतरा, उपसचिव डम्बरबहादुर सिं, सदस्यहरू रत्नप्रसाद शर्मा, भैरव श्रेष्ठ, कृष्ण बुढा, निरज आचार्य, खिमबहादुर शाही, नागेन्द्र शाह, कालु हमालसहित १० जनालाई नियन्त्रणमा लिई पुनः रकदा गाविस पुर्‍याई २६ घण्टापछि छाडे । हामीलाई नियन्त्रणमा लिएपछि उनीहरूले खाना खाने व्यवस्था पनि गरेनन्, राती एकजना क. बिमारी हुनुभयो र अनेकौं मानसिक तनावबाट ग्रस्त भयौं हामी । चैत ५ गते दल्लीमा हाम्रो भव्य कार्यक्रम सम्पन्न भयो । त्यहाँ माओवादी ज्यादतीको भण्डाफोर भयो र माओवादी नेताले रकमी भाषामा भएपनि हाम्रो अभियानको प्रशंसा गरे । ६ गते खलङ्गामा अभियान टिमका साथीहरूलाई भव्य स्वागत र कोणसभा सहित कार्यक्रम समापन भयो । ७ गते जि.क. को बैठक बसी यसको सामान्य समीक्षा गरियो ।

१) अभियान अत्यन्त सफल र उपलब्धीपूर्ण रहयो । २) यो उपलब्धिलाई समेट्दै संगठन सुदृढीकरण र विस्तारतर्फ लाग्नु पर्दछ । ३) परिवर्तित परिस्थितिमा हामीलाई ढाल्दै जनताको बीचमा जाने कामलाई निरन्तरता दिइरहनु पर्दछ । ४) आाट र भरोसा भए सफलता प्राप्त हुन्छ ५) माओवादीप्रति जनताको वितृष्णा बढ्दो छ र झिनो-मसिनो ढंगले माओवादीका आदेश अवज्ञा गर्ने र प्रतिवाद गर्नेतर्फ जनता उन्मुख भएका छन् । ६) माओवादीले शैन्य बलद्वारा हैकम चलाएका छन् । ७) संसदवादी दलको जनमत यथावत भए पनि त्यो खुलेर लाग्न सकेको छैन । ८) स्थापित नेता-कार्यकर्ताको खाने बस्ने समस्या र परिवारका सदस्यहरूको संरक्षणको लागि स्थानीयस्तरबाटै योजना बनाई कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ । ९) स्थानीय स्तरमै पनि माओवादीसँग वार्ता र सहमतिमा ध्यान दिनुपर्छ । १०) माओवादीको प्रस्तावित "एक्काइसौं शताब्दीको जनवाद" र हाम्रो जनताको बहुदलीय जनवादको तुलनात्मक बहस र अन्य वैचारिक काममा ध्यान दिनुपर्दछ । ११) माओवादीलाई वार्तामा ल्याउने विशेष पहल हामीले नै गर्नुपर्दछ ।

# दार्चुलामा सञ्चालित जनअभियान

**' रामकुमार ज्ञवाली**

**ऐ** मालेले देशव्यापीरूपमा जनअभियान संचालन गरेर गाउँ-गाउँमा गइरहेको समयमा राजाका आमसभाहरू पनि मध्यपश्चिममा केन्द्रित भइरहेका थिए। नेकपा (एमाले)ले पटक-पटक विभिन्न समयमा अभियानकै रूपमा गाउँ-गाउँमा गएर संगठन बनाएको र जनताको सुख दुःखका बारेमा जानकारी लिइरहेको छ। तर राजाका आमसभाहरूलाई एउटा बजारमा केन्द्रित गराएर "घरदैलो घुमेको" प्रचार गराइएको छ।

महाकाली अञ्चलमा माघ २५ गतेदेखि जनअभियान आरम्भ भयो। पार्टी जिल्ला कमिटीका बैठकहरू सम्पन्न गरी महाकालीका चारवटै जिल्लाले योजना बनाए। तद्नुसार दार्चुला, बैतडी र कञ्चनपुरले यही अभियानमा जिल्ला अधिवेशनहरू सम्पन्न गरे। महाकाली अञ्चलको हिमाली जिल्लाको रूपमा चिनिने दार्चुला जिल्लामा अभियानकै रूपमा केही गाविसको पैदलयात्रा सम्पन्न गरी जनअभियानको सन्देश गाउँ-गाउँमा पुऱ्याउने योजना बनाइएको थियो। अभियानको उत्प्रेरकका साथै जिल्ला कमिटीका नेताहरूसमेतको टोलीले खलङ्गा, धाप, दत्तु, भगवती र शङ्करपुरमा अभियान चलाए।

दार्चुला जिल्ला भेगीय हिसाबले ३ वटा भागमा विभक्त छ। दुहुँ, मार्मा र लेकम गरी ३ वटा भेगमा अवस्थित सो जिल्लाको एउटा छेउमा महाकाली किनारमा सदरमुकाम छ। जिल्ला सदरमुकाम जानका लागि बैतडीबाट हिंडेर जानुपर्दा कस्सिएरै ३ दिन लाग्छ भने मोटरबाटो जाँदा भारतीय भूमि नभई जाने सकिन्न। त्यस्तो विकट ठाउँमा अभियान संचालन गर्नु कम गाऱ्हो थिएन। मोटरबाटो नपुगेका मुलुकका अरू जिल्ला पनि छन्। तर ती जिल्लामा कम्तिमा पनि हवाईजहाजको यातायातको व्यवस्था छ। दार्चुला जिल्लामा पुग्नको लागि भारतीय भूमि भएरै जानुपर्ने बाध्यता छ।

यसपटकको अभियान दुहुँ र लेकम क्षेत्रमा केन्द्रित गरिएको थियो। लेकम क्षेत्रको पनि खास बीच पर्ने शङ्करपुर गाविसको पस्ती भन्ने ठाउँमा अभियानलाई केन्द्रित गरिएको थियो। माओवादीहरू पनि त्यो क्षेत्रलाई आफ्नो पकडको मान्दछन्। त्यही भेगको गोकुलेश्वरमा भएको प्रहरी चौकीमा ३ वर्षपहिले नै माओवादीले आक्रमण गरी हतियार लुटेका थिए र त्यस ६ जना प्रहरीको मृत्यु भएको थियो। पस्ती भन्ने ठाउँमा त्यो जिल्लाको सबैभन्दा पुरानो विद्यालय भएको ठाउँ हो। त्यही ठाउँमा हाल उच्च मा.वि. समेत संचालित छ। सदरमुकाम रहेको खलङ्गा गाविसबाट शुरू गरिएको पैदलयात्रा धाप गाविसमा गएर सभा गरिएको थियो। बाटोघाटोमा पर्ने सानातिना बजार र गाउँहरूमा यात्रा बारे चर्चा गर्दै फागुन ४ गते शंकरपुर गाविसको पस्तीमा आमसभा गरिएको थियो। माओवादीहरूले आफ्नो क्षेत्र भनी दावी गर्ने ती ठाउँमा पार्टीका झण्डा गाडेर वर्चश्व कायम रहेको प्रमाणित गरेका थिए।

झण्डै ८/९ महिना पहिले एमालेले सम्पन्न गरेको जनअभियान पुनः संचालित गरिएकोमा जनता उत्साहित देखिन्थे। कार्यकर्ताहरू जिल्लाका सबै नेताहरूको आगमनले खुसी थिए। जिल्ला पार्टी कमिटीका नेताहरूको भनाइअनुसार कतिपय माओवादीहरू कार्यक्रममा आएको भए पनि उनीहरूले खास कुनै अवरोध सिर्जना गरेनन्। त्यति हुँदाहुँदै पनि विगतका कैयौं डर र धम्कीका कारण पार्टीका कार्यक्रममा नआएको अवस्था यसपटक थिएन। टाढा-टाढाका गाविसबाट समेत पार्टीका कार्यकर्ता आएका र यो कार्यक्रमलाई सम्पन्न गर्ने तत्परता देखाएका थिए। जिल्ला पार्टी कमिटीले प्रकाशित गरेको पार्टी धारणाको पर्चा र पार्टी केन्द्रको नौ बुँदे प्रस्तावसमेत छापेर सबै गाविसमा अभियान साथ लैजाने काम दार्चुलाले गरेको छ यसपटक। शङ्करपुर उच्च माध्यमिक विद्यालयको प्राङ्गणमै भएको हाम्रो आमसभालाई त्यस विद्यालयका विद्यार्थीहरू र शिक्षकहरूले समेत गम्भीरताका साथ सुन्नुभएको थियो। त्यसपछि सो विद्यालयका शिक्षकहरूसँग गरिएको छलफलमा राजनीतिक शून्यतालाई चिर्दै एमालेले यो अभियान संचालन गरेकोमा धन्यवादसमेत दिनुभएको थियो। त्यसका साथै एमालेको नौ बुँदे प्रस्तावले समाधानको बाटो खोल्ने भएको हुँदा यस विषयमा छलफल गरिनुपर्ने समेत शिक्षक साथीहरूको सुझाव थियो। त्यहाँका अन्य कैयौं बृद्ध बुबाहरूले यस्तै अभियान सबै पार्टीहरूले गर्नुपर्ने समेत आग्रह गर्नुभएको थियो। त्यसमा एमाले पहिला भएको समेत उहाँहरूको टिप्पणी थियो।

# तेह्रथुम यात्राका सोह्र दिनः केही तीता र मीठा अनुभूतिहरू

**' राजेन्द्र गौतम**

पार्टी केन्द्रीय कमिटीको निर्णयलाई शिरोधार्य गरेर "युद्ध र प्रतिगमनका विरूद्ध शान्ति र प्रजातन्त्रका लागि जनअभियान" कार्यक्रम अन्तर्गत तेह्रथुम जिल्लामा संचालित बृहत् पदयात्रा तथा जनशक्ति परिचालन कार्यक्रममा भाग लिन पार्टी केन्द्रीय कमिटी सदस्य कमरेड गुरू बराल र म फागुन २३ गते छथर शुक्रवारे पुग्यौं ।

**सार्की दाई र अम्मरेको घोडा**

शुक्रवारेमा आयोजित जनसभालाई सम्बोधन गर्नुथियो । साथीहरू ढिलासम्म नपुग्दा साह्रै पिरोलिनु भएछ । सिंधुवामा संघर्षका लागि आएका दुईजना युवा साथी हामीलाई नभेटेर त्यसै फर्किनुभएछ । त्यसले पनि उहाँहरूलाई ननिको लागिरहेछ । ढिलै भएपनि हामी पुग्यौं । माथि डाँडाबाट ओरालो झर्दै गरेको देखेपछि माइक बज्यो ! आदरणीय जनसमुदाय ! हाम्रो अभियानमा सामेल हुन नेता कमरेडहरू आइपुग्नुभयो । हामी सरासर कार्यक्रम स्थल पुग्यौं । केही भय र सन्त्रासका बीच कार्यक्रम सुरूवात भयो । हामीले पदयात्रीका बारेमा सोधखोज गर्‍यौं । कतिजनाको समूह छ । कमरेड हामी तपाईंहरूसहित नौ जनामात्र भयौं भन्नु भो ! हामी पनि आश्चर्यचकित भयौं । हाम्रो न्यूनतम २५ जना सहभागी हुने पूर्वनिर्धारित कार्ययोजना बनेको थियो । त्यो कार्यान्वयन हुन सकेनछ । एकजना पूर्वसभापति किशोरचन्द्र दुलालबाहेक संसदीय मोर्चामा पार्टीद्वारा पठाइएका कुनै पनि जिम्मेवार प्रतिनिधि नदेख्दा हामीलाई आश्चर्य लाग्यो । तथापि हाम्रो शान्ति पैदलयात्रा छथर शुक्रवारेमा आयोजित जनसभालाई सम्बोधन गरेपछि केही स्थानीय साथीहरूका साथ ओखे हुँदै अगाडि बढ्यो । माओवादी सन्त्रासका कारण कार्यक्रम हुन्छ भन्ने हाम्रै कमरेडहरूलाई पनि लागेको रहेनछ । तर पनि हामी बेलुका सुहापमा गएर बास बस्यौं । बेलुका स्थानीय कमरेडहरूसँग बातचित भयो । त्यहाँ पनि माओवादीको आतंक नै थियो । त्यहीँदेखि माओवादीले हाम्रो पिछा गर्न थाले । उनीहरूका केही जिम्मेवारसँग बाटोमा भेट भएको थियो । ४०/५० जनाको जत्थामा रहेका माओवादीहरूले शुक्रवारेमा हाम्रो कार्यक्रम सुनेका थिए । शुक्रवारे बजारमा ४ सय ५ सय जनाको उपस्थिति रहेकाले त्यहाँ केही भएन । पार्टीको इलाका नं. ५ र ६ को केन्द्रको रूपमा रहेको छथरमा एमालेको खुल्ला जनसभा भयो भन्ने कुरा सर्वत्र फैलियो । यसमा साथ मानिसका बीचका केही खुसी र केही सन्त्रासको कुरा साथसाथै संचार भएछ । अब विध्वंश हुने भो ! होइन हो ! नेकपा (एमाले)ले आँट गर्‍यो । कार्यक्रम गर्‍यो । ठोकेको ठोक्यै गर्‍यो आदि । हामीले हाम्रो पैदलयात्रालाई आङ्गदिम, हामरजुङ्ग, ओखे हुँदै सुहापबाट अगाडि बढायौं । प्राक्चामारा र पञ्चकन्यालाई छुन सकिएन । यी कार्यक्रममा सम्बन्धित इलाकाका कमरेड दुर्गेन्द्र न्यौपाने, धर्म खनाल र भीम बस्नेत सँगै हुनुहुन्थ्यो ।

**कहालीलाग्दो पहिरो र चम्फूलाको हिउँ**

शान्तिपूर्ण पैदलयात्रा २४ गते बिहान दांगपा हुँदै फूलेकमा खाना खाने र कार्यकर्ता भेला गर्ने कार्ययोजनासाथ अगाडि बढ्यो । एकजना शिक्षक साथीले हामीलाई बाटोको अगुवाई गर्नुभो । र, हामी फूलेक पुग्यौं । यो पार्टीको ४ नं. इलाकाभित्रको कार्यक्षेत्र थियो । त्यहाँ त्यस क्षेत्रको कुनै जिम्मेवार फेला परेन । भूपू सैनिक संगठनका केन्द्रीय सदस्य उमेरमा हामी सबैभन्दा जेठो-पाको डम्बर निङ्लेखुले हमीलाई स्वागत गर्नुभयो । दिउँसो १ घण्टा स्थानीय मा.वि.मा एउटा अन्तर्क्रिया कार्यक्रम गरी हामी अगाडि बढ्यौं, चम्फूला हुँदै बसन्तपुरतर्फ । आकाश करायो ,असिना बर्सियो, हावा हुरी चल्यो । हामी त्यसपछि चम्फूलाको पुच्छरमा एकजना राईजीकोमा बस्यौं । २ घण्टापछि पानी पर्न छोड्यो । त्यसबीचमा मकै-भट्मास भुट्ने र खाने काम गर्‍यौं । पानीको विश्रामसँगै हाम्रो यात्रा पुनः प्रारम्भ भयो । चम्फूलाको उकालो, पहिरो, एकफिट गहिरो जमेको हिउँमा खेल्दै खेल्दै हामी बसन्तपुरतर्फ उक्लियौं । दुईजना साथीको खुट्टामा जुत्ता थिएन । चप्पलमा हुनुहुन्थ्यो । कठ्यांग्रिदो चिसो, रातको समय, सन्त्रास र भयको वातावरण, भीर र जंगलको बाटो यी सबैको बेवास्ता गर्दै बेलुका पौन आठ बजे बसन्तपुर लक्ष्मण तिवारीकोमा बास बस्न पुगियो । उहाँ नै त्यस क्षेत्रको मुख्य जिम्मेवार हुनुहुन्थ्यो ।

२५ गते बिहान बसन्तपुरबाट हाम्रो पैदलयात्रा पार्टीको इलाका नं. ३ तर्फ अर्थात् लसुने, सुक्नाम हुँदै सोल्मातर्फ अगाडि बढ्यो । हामी सोल्मामा आयोजित एउटा अन्तर्क्रिया कार्यक्रम र पार्टीको इलाका कमिटी र दुवै गाउँ कमिटीको विस्तारित बैठकमा सहभागी भयौं । इलाका इन्चार्ज कमरेड गंगाराम खनालसँगै हुनुहुन्थ्यो । कार्यक्रम प्रभावकारी ढंगले सम्पन्न गरिए । यहाँ पनि हामीले माओवादीको धम्की र दबाव खेप्नुपर्‍यो । हामी स्थानीय पार्टीको योजनाअनुरूप सोल्मामा नै बास बस्यौं । र, २६ गते बिहान सोल्माबाट पैदलयात्रा सुर्के, काँठे हुँदै जिरीखिम्तीतर्फ अगाडि बढ्यौं । बाटामा माओवादीका स्थानीय जिम्मेवारसँग भेटघाट र कुराकानी भयो । लामो छलफलपछि यसले यात्रालाई केही सहज बनाउँछ कि भन्ने हामीलाई लागेको थियो । तर त्यो सम्भव भएन । हामी पार्टीको २ नं. इलाका अन्तर्गत जिरीखिम्ती, आम्बुङ्ग र साब्ला क्षेत्रमा आइपुग्यौं । दिउँसो जिरीखिम्तीमा खुल्ला जनसभा सम्पन्न भयो । सभालाई मैले र गुरू बरालले सम्बोधन गर्‍यौं । हाम्रो कार्यक्रम भएपनि दिनभरी जिरीखिम्ती माओवादीकै कारण सन्त्रास र भयका बीचमा बाँचिरहेको थियो । हामी जिरीखिम्तीमा नै बास बस्यौं । यात्राको संयोग नै भन्नुपर्छ । जिरीखिम्तीमा मैले रिचा र रसु नामका दुई बालिकालाई भेट्ने र संगत गर्ने मौका पाएँ । "अंकल ! हजुर एमाले, हामी पनि एमाले क्या !" पछिमात्र थाहा पाएँ, मेरो भाषणका धेरै स्रोतामध्ये २ जना ती नानीहरू पनि रहेछन् ।

**वीआर सरको अपहरण र चन्दा आतंक**

जिरीखिम्तीबाट फागुन २७ गते पैदलयात्रा आम्बुङ्ग हुँदै मोराहाङ्ग प्रस्थान गर्‍यो । यो क्षेत्र पार्टीको सात नम्बर इलाकाभित्र पर्दोरहेछ । स्थानीय उच्च मा.वि.का प्राचार्य विश्वराज खापुङ (वी आर) त्यो सात नम्बरको इन्चार्ज हुनुहुँदोरहेछ । खापुङ्ग, भट्टराई र गौतमहरूको उल्लेख्य बस्ती रहेको मोराहाङ्ग भौगोलिक र प्राकृतिक सुन्दरताले भरिपूर्ण एउटा सुन्दर गाउँ पनि हो । वीआर सरको पनि सर, एउटा आस्थाको प्रतिमूर्ति र निष्ठाको धरोहर । जो एमालेको अगुवा भएर सतिसालझैं ठिंग उभिएको थियो । यो कुरा माओवादीलाई मन परेको थिएन । माओवादीले वीरआरलाई चन्दा तोके । जहाँ आस्था र विश्वास चन्दा त्यहीँ, विआरको यो आफ्नो अडान हो । हामीले उहाँकै अगुवाईमा अगुवा कार्यकर्ता भेला सम्पन्न गर्‍यौं । त्यस दिन हामी त्यही बास बस्यौं । फागुन २८ गते बिहानै पैदलयात्रा मोराहाङ्गबाट सिरजुङ्ग हुँदै पौठाकको लाद्री पुग्यो । त्यहाँ पनि अगुवा कार्यकर्तासँग भेटघाट गरियो र बिहानको खाना

खाएर आयोक्जुङ्गमा आयोजित कार्यकर्ता भेलामा भाग लिन शान्तिपूर्ण पैदलयात्रा त्यसतर्फ अगाडि बढ्यो । स्थानीय कमरेडहरूले यस क्षेत्रमा माओवादीहरूको ठूलो उपस्थिति छ भनी हामीलाई सजग हुन भन्नुभो ! हामी निरन्तर अगाडि बढ्यौं र ओयाक्जुङ्गमा आयोजित कार्यक्रममा सहभागी भयौं । भोलिपल्ट बिहान फागुन २९ गते ओयाक्जुङ्गबाट इसिबुका लागि प्रस्थान गऱ्यौं । दिउँसो इसिबुस्थित मा.वि. मा पार्टी कार्यकर्ता भेला सम्पन्न गरियो । तर सन्दु र खाम्लालुङ्ग भने पुग्न सकिएन । यहाँ पनि माओवादीहरूको विरोध सहनुपऱ्यो । विरोधका बाबजुद कार्यक्रम सम्पन्न गरी इसिबुमा नै बेलुकाको बास बसियो । मसान्तको दिन अर्थात् फागुन ३० गते कोयाखोलामा नुहाईधुवाई गरी पुरानोगाउँमा खाना खाएर पैदलयात्रा संक्रान्तिको डाँडागाउँमा आयोजित कार्यकर्ता भेलामा सहभागी हुन पुग्यो । बेलुका हाम्रो डाँडागाउँमा नै बास भयो । तर त्यहाँ पुगेपछि वीआर सरलाई माओवादीले अपहरण गरे भन्ने खबर सुनियो । हाम्रो मन बेचैन भयो । अगुवाहरू बसेर छलफल र बहस गऱ्यौं । जिल्ला कमिटीका सदस्य तथा इलाका नं. ७ को इन्चार्जलाई अपहरण गरी माओवादीले हाम्रो यात्रालाई चुनौती दिए । यद्यपि हामीले रत्तिभर नहडबडाई यात्रामा सामेल मोराहाङ्गबासी अनेकिसंघका जिल्ला उपाध्यक्ष यादव खापुङ्गलाई मोराहाङ्ग फिर्ता गऱ्यौं । एक अर्को साथीलाई अपहरणको वास्तविकता बुझ्न पार्टी जिल्ला कार्यालयमा सम्पर्क गर्न म्याग्लुङ्ग पठायौं । माओवादीले वीरआर सरलाई चन्दाको उर्दी सुनाउँदै भोलिपल्टै मुक्त गरिदिएछन् ।

**जनसभामा गगनभेदी नारा**

संक्रान्ति बजार- चैत १ गते ठूलो हटिया लाग्ने दिन । ताप्लेजुङ, पाँचथर र तेह्रथुमको समेत साझा बजार । तर माओवादीले घोषणा गरेको आधारक्षेत्र अकल्पनीय परिदृश्य । एकदलीय तानशाहीको अनुपम उदाहरण । बिहान डाँडागाउँबाट पैदलयात्रा आठराईको संक्रान्ति बजार पुग्यो । तुल, व्यानर र माइकिङ्ग गर्दै पैदलयात्री जनसभास्थलतर्फ अगाडि बढ्यो । जब पैदलयात्रा कार्यक्रमस्थल पुग्यो, तब माओवादीले कार्यक्रममाथि प्रतिबन्ध लगाइएको उर्दी सुनाए । २ घण्टासम्म कार्यक्रम गर्ने र गर्न नदिनेका बीचमा वादविवाद, छलफल, बहस, माइक खोसाखोस । पैदलयात्रीहरूद्वारा नारा, जुलुस, प्रदर्शन र बजार परिक्रमा । माओवादीहरूको भय, त्रास र सन्त्रासका कारण स्थानीय जनताले नारा, जुलुसमा भाग लिन सकेनन् । तर पनि संक्रान्ति बजारमा नेकपा (एमाले) जिन्दावादको नारा घन्किएर छोड्यो । र, पैदलयात्रा संक्रान्ति बजारबाट आठराईको ह्वाकू प्रस्थान गऱ्यो । हामी अनेरास्ववियुका जिल्ला अध्यक्ष भरत इङ्नामको घरमा बास बस्यौं । चैत २ गते स्थानीय ह्वाकूस्थित सरस्वती मा.वि.मा अगुवा कार्यकर्ता भेला सम्पन्न गरी हाम्रो पैदलयात्रा इवातर्फ लाग्यो । इवामा एउटा सानो अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरी हामी बेलुकाको बासका लागि छातेढुङ्गा पुग्यौं । चैत ३ गते छातेढुङ्गाबाट आठराईको चुहानडाँडामा अवस्थित तेह्रथुम क्याम्पसमा इलाका कार्यकर्ता भेला सम्पन्न गरियो । स्थानीय वखिम गाउँमा हाम्रो भान्साको तयारी थियो ।

चैत्र ४ गते स्थानीय भानु मा.वि.मा कार्यकर्ता भेला सम्पन्न । कार्यक्रममा माओवादी मिलिसियाको हस्तक्षेप । तथापि कार्यक्रम सम्पन्न । बेलुका थोक्लुङ्गमा नै बास बसियो । चैत ५ गते बिहान थोक्लुङ्गबाट साख्वामा हुँदै पैदलयात्रा सिम्ले पोक्लाबुङ्गको औंशबजारको सामुदायिक भवनमा आयोजित कार्यक्रम स्थल पुग्यो । औंशीबजारमा आयोजित कार्यकर्ता भेला भव्यरूपमा सम्पन्न भयो । पैदलयात्री बेलुका जलजलेमा पुगेर बास बसे । जलजलेबाट चैत ६ गते तम्फूला हुँदै म्याङ्लुङको शुक्रवारे बजारमा पुगेर जनसभामा परिणत भई जिल्लाव्यापी शान्तिपूर्ण पैदलयात्रा कार्यक्रमको समापन गरियो ।

# आन्तरिक रुपान्तरणको सम्बन्धमा

**' काशीनाथ अधिकारी**

पाँच हजार बर्षको मानव सभ्यताको इतिहासमा मान्छेले बनाएको सबैभन्दा ठूलो व्यक्तित्व हो- कम्युनिष्ट । पूर्ण मानव भन्नु नै कम्युनिष्ट हुनु हो । ज्ञान, सीप, नैतिकता, नम्रता, साहस, इमान्दारी र त्यागले भरिएको पूर्ण घडाजस्तो व्यक्ति हो कम्युनिष्ट । एउटा व्यक्तिमा आवश्यक पर्ने सबै राम्रा कुरा हुन्छन् एउटा कम्युनिष्टमा । एउटा सामान्य मानिसलाई जुनजुन कमजोरीहरूले गलाउँछन् ती सबैलाई जितेका हुन्छन् कम्युनिष्टले । वास्तवमा सही कम्युनिष्ट आफैंमा एउटा मुक्त मानव हो ।

एउटा राजनीतिक कार्यकर्ता सजिलै बन्न सकिएला तर कम्युनिष्ट बन्न निकै कठीन छ । राजनीतिक कार्यकर्ता आफ्नो सानो स्वार्थ पूरा गर्न केही समय क्रियाशील भए पनि पुग्ला । तर जो कम्युनिष्ट छ उसले त संसार बदल्नु छ, सिंगो पृथ्वीलाई नयाँ जगमा उभ्याउनु छ । सवाल एउटा निर्वाचन वा एउटा विषयगत आन्दोलनको होइन सवाल एउटा युगान्तकारी परिवर्तनको हो र सवाल पूर्णतः नयाँ संसार निर्माण गर्ने कुराको हो । त्यो महान कार्यको थालनी प्रथमतः आफैंबाट हुनुपर्छ ।

धेरै कुरा बुझेर पनि जीवनलाई बुझ्न सकिएन भने बाँच्नु निरर्थक हुन्छ । त्यसैले सबैभन्दा पहिले बुझ्नुपर्छ- आफ्नै जीवनलाई । यो संसारमा म केका लागि जन्मेको हुँ ? यो प्रश्नको जवाफ आफैंले तयार पार्नुपर्छ । जीवनयात्रामा यो अहं महत्वको प्रश्न भएर नै होला झण्डै २५०० वर्ष अगाडि ग्रीसका महान दार्शनिक सुकरातले एउटा गहिरो सन्देश दिएर गएका छन्- 'आफूलाई चिन' । दुई शब्दको यो सन्देशमा व्यापक अर्थ छ । हामी असल मानिस भएर एउटा सुन्दर संसार निर्माण गर्न नै यहाँ जन्मेका हौं भने आफ्नो भूमिका बुझेर त्यसका लागि लायक हामीले आफूलाई बनाउनै पर्छ ।

कम्युनिष्ट भएर मात्र सही अर्थमा संसार बदल्न सकिन्छ । कम्युनिष्ट बन्न आफूलाई नयाँ मानिसमा रूपान्तरण गर्नैपर्छ । निरन्तरको निर्मम आन्तरिक संघर्षद्वारा जब आफूलाई जितेर आफ्नो नेतृत्व स्वयं आफैंले गर्न सकिन्छ तबमात्र एउटा असल कम्युनिष्ट बन्ने प्रक्रिया आरम्भ हुन्छ । राजनीतिमा ठूलो नेता बन्न गाह्रो नहोला तर असल कम्युनिष्ट बन्न बडा गाह्रो छ ।

बुझ्नै पर्ने कुरा छ कि ठूला भनिएका नेताहरू पनि वास्तविक कम्युनिष्ट हुने प्रक्रियामा फेदीतिरै हुनसक्छन् र साना ठानिएका कर्यकर्ता कम्युनिष्ट बन्ने प्रक्रियामा धेरै उकाली र भञ्ज्याङहरू नाघिसकेका हुनसक्छन् । को कति क्यारेटको कम्युनिष्ट हो त्यसको मापन पदले गर्न सक्दैन । पद त खास परिस्थितिमा निश्चित समयावधिको लागि तोकिएको अस्थायी जिम्मेवारी मात्र हो । तसर्थ साँच्चिकै कम्युनिष्ट बन्ने संकल्प गर्नेहरूले आफ्नो जीवन यात्रामा केही पक्षमा ध्यान दिनैपर्छ । अब हामी ती पक्षबारे छलफल गरौं :

पहिलो कुरा, **विचार र व्यवहारमा एकरूपता** । कथनी र करनी एउटै हुनुपर्दछ । हामी दुनियाँलाई आफ्नो आदर्शबारे भनिरहेका हुन्छौं- आफ्नो स्वार्थ भन्दा पार्टी र देशको स्वार्थलाई माथि राख्नुपर्छ, सजिलो काम छोडेर असजिलो काम रोज्नुपर्छ, खतरा र कष्ट आफूलाई सुविधा र अवसर साथीलाई भन्ने  मान्यताबाट अघि बढ्नुपर्छ, पद र प्रतिष्ठालाई भन्दा आफ्नो दायित्वलाई महत्व दिनुपर्छ, संघर्षमा अरूलाई बचाएर आफू मर्न तयार हुनुपर्छ र सवैभन्दा नैतिकवान, अनुशासित, इमानदार र सक्रिय हुनुपर्छ आदि । हामीले भन्ने गरेको आदर्शको लामो सूची हुनसक्छ । अब फर्कौं व्यवहारिक जीवनतर्फ । वास्तविक जीवनमा हामीले के गरिरहेका छौं त ? मुख्य कुरा यो हो । आफ्नो विचार र आदर्शलाई व्यवहारिक जीवनमा पनि अनुवाद गरिरहेका छौं कि विपरीत दिशातिर चलिरहेका छौं ? अक्सर विचार र व्यवहारको भेट हुने गर्दैन । भनाइ एउटा र गराइ अर्को हुने गर्छ । 'धुम्रपान स्वास्थ्यका लागि हानिकारक छ' भनेर छोराछोरीलाई सिकाउँदै र त्यही वाक्य पढ्दै चुरोट सल्काउने हामीहरूका लागि यो नै पहिलो चुनौती हो । यस प्रसंगमा अंग्रेजी साहित्यका महान साहित्यकार सेक्सपियर हाम्रो कान निमोठ्दै भन्छन्- 'कुरा जस्तै काम गर, अनि काम जस्तो कुरा ।' अझै अघि बढेर उनी भन्छन्- 'विचारमा तिमी जति महान छौ व्यवहारमा त्यो भन्दा पनि महान बन्न सिक ।'

दोस्रो कुरा, **ज्ञान आर्जन** । हामीले आफूलाई साँच्चै रूपान्तरण गरेर कम्युनिष्ट बनाउन खोजेको हो भने जिन्दगीभर विद्यार्थी हुन सक्नुपर्छ । विद्यार्थी पनि लोसे र अल्छी होइन उत्साही र जाँगरिलो विद्यार्थी । जसले किताबहरूबाट सिकोस्, अनुभवहरूबाट सिकोस, मित्रबाट सिकोस् र शुत्रबाट पनि सिक्न सकोस् । उसका एक होइन हज्जार गुरू होउन्- दत्तात्रेयका जस्तै । जहाँ ज्ञान छ त्यहाँ हाम्रो जिज्ञासु नजर पुगिहालोस् र संसारको ज्ञानराशीलाई हामी टटोल्न सकौं । यस प्रसंगमा लेनिनको मननीय भनाइ छ- "तपाईं एउटा कम्युनिष्ट तबमात्र बन्न सक्नुहुन्छ जव तपाईंले आफ्नो मस्तिष्कलाई मानवजातिले सिर्जना गरेका सबै सम्पदाहरूको ज्ञानले समृद्ध पार्न सक्नुहुन्छ ।" अध्ययन गर्दा सतही शैलीको अन्त्य गर्नुपर्दछ । ज्ञान आर्जनका सन्दर्भमा टापटिपे शैली हुनुहुँदैन । हामीले स्वरूपमा भन्दा सारमा जानुपर्दछ । विषयको तत्व पकड्नु पर्दछ र पार्टी जीवनमा आत्मसात गुर्नपर्दछ । हामीमा हनुपर्ने शैली भनेको तत्वग्राही शैली हो । त्यही शैलीले मात्र चाहिएको ज्ञान आर्जन गर्न सकिन्छ । त्यही ज्ञान नै जीवनको शक्ति बन्नपुग्छ ।

तेस्रो कुरा, **जिन्दगी आफैंमा एउटा परीक्षा हो** । असल कम्युनिष्ट बन्न खोज्नेहरूको वर्ष वर्ष र महिना महिनामा मात्र होइन दिनदिनै र कहिलेकाहीँ त छिनछिनमै जाँच भइरहेको हुन्छ । थोरैमात्र लापर्बाही भयो भने कुन जाँचमा फेल होइने हो ठेगान हुँदैन । एकपटक लडेपछि फेरि उठ्न मुस्किल पर्छ । कम्युनिष्टहरूको जीवनमा हरक्षण संघर्ष चलिरहेको हुन्छ । बाहिरका बर्ग शत्रुलाई जित्न धेरै गाह्रो नपर्ला तर गाह्रो पर्छ आफैंभित्रका सैतान चिन्तनहरूलाई परास्त गर्न । संघर्षका दिनहरूमा हामी असजिलो परीक्षामा सामेल भइरहेका हुन्छौं । त्यो भन्दा कठोर अग्निपरीक्षा त सजिला र अवसरका दिनहरूमा हुने रहेछ कहाँनेर कतिवेला चुकिने हो ठेगान हुँदैन । आफैंसँगको लडाइँमा सजिला दिनमा नै बढ्ता हारेको इतिहास छ कम्युनिष्टहरूको । तसर्थ सत्ता र सुविधामा जव पुगिन्छ बुझ्नुपर्छ कि आफूभित्रको शत्रु बलवान भएर मोर्चा सम्हालिसक्यो । हाम्रो सुविधाको घोडा दुबैतर्फ छङ्गाछुर भीरकाबीच टाकुरामा दौडिरहेको हामीलाई पत्तै हुँदैन, अलिकति चिप्लियो कि सिद्धियो । तसर्थ याद राखौं सच्चा कम्युनिष्ट भइरहन जीवनभर जागा रहन सक्नुपर्छ ।

चौथो कुरा, **उत्साहपूर्ण क्रियाशीलता** । घोषित र औपचारिक जिम्मेवारी मात्र होइन अघोषित र अनौपचारिक दायित्व पूरा गर्न पनि लागि रहनुपर्दछ । क्रान्तिकालमा होस् वा शान्तिकालमा कामलाई नै मनोरञ्जनका रूपमा लिन सक्नुपर्दछ । कम्युनिष्टका लागि क्रियाशीलतानै जीवन हो, त्यो रहेन भने जीवन सकियो । यहाँनेर हामीले ब्रेख्तको एउटा भनाइ याद गर्नु प्रासंगिक हुन्छ- 'गति, गति र फेरि पनि गति, रोकियो कि जीवन सकियो । ' समृद्ध समाज निर्माण गर्न अघि बढ्ने कम्युनिष्टहरूमा अरू कसैमा भन्दा बढ्ता उत्साहपूर्ण र निष्ठापूर्ण सक्रियता हुनैपर्दछ । कामप्रतिको निरन्तर समर्पणले नै असम्भव जस्तै ठानिएको लक्षयरूपी चुचुरालाई पनि चुम्न सकिन्छ ।

पाँचौं कुरा, **त्याग** । विनात्याग कोही कम्युनिष्ट बन्न सक्दैन । गुमाउन तयार भएर नै कम्युनिष्ट पार्टीमा लाग्ने हो र जीवनभरी गुमाइरहनुपर्ने पनि हुन सक्छ । घाटा नाफाको हिसाव गर्नेले रातो झण्डातर्फ फर्केर नहेरे हुन्छ । आजकल एउटा विषैलो भनाइ सुन्ने गरिन्छ- 'जोगी बन्न कोही राजनीतिमा लाग्दैन ।' विकृति विसंगतिको बाहक यो भनाइलाई कसमेकम कम्युनिष्ट पार्टीको ढोकाभित्र छिर्न दिनुहुँदैन । वास्तवमा कम्युनिष्टहरू जोगी त होइनन्, त्यागलाई आफ्नो जीवनमा जोड्ने योगी अवश्य हुनुपर्दछ । तर 'यतिका वर्ष कम्युनिष्ट पार्टीमा लागियो, मूल्यांकन भएन केही पाइएन' जस्ता गुनासा सुन्दा लाग्छ हामीले कम्युनिष्ट हुनुको बाह्रखरी नै बुझेनछौं कि ? मैनबत्ती जसरी अरूलाई उज्यालो दिन जलेर आफैं सकिन्छ त्यस्तै हो हुनुपर्ने एउटा कम्युनिष्टको जीवन । विवेकानन्द पनि भन्छन् 'जीवन लिनका लागि होइन दिनका लागि हो ' । हामी देख्छौं स्वयं मार्क्सले सन् १८४८ ताका बेल्जियममा गणतन्त्रका लागि आन्दोलन छेडिंदा आफ्नो भागमा परेको पैत्रिक सम्पत्तिको ठूलो हिस्सा मजदुरहरूका लागि हतियार खरिद गर्न दिएका थिए । उनको सिंगो जीवन मानवजातिको उज्ज्वल भविष्यका निमित्त समर्पित त छँदै थियो । त्यस्तै मार्क्सले टिपोटमात्र बनाएको आधारमा उनको मृत्युपछि 'पूँजी'का दोस्रो र तेस्रो खण्डहरू लेखेर पनि एंगेल्सले आफ्नो नाम छपाएनन् । झण्डै मार्क्स बराबरको योगदान भएर पनि मार्क्सवादमा आफ्नो नाम गाँस्न एंगेल्सले

इन्कार गरे । आफ्नो योगदानको जस पनि मार्क्सलाई नै दिनुपर्ने कुरामा जोड दिइरहे । कति महान भावना ! जबकि दुनियाँलाई थाहा छ एंगेल्सको सहयोगविना कार्लमार्क्स आजको मार्क्स हुन सक्ने थिएनन् । त्यसरी नै भयानक ठूलो क्रान्तिपछि भियतनामको राष्ट्रपति बनेका होचिमिन्ह राष्ट्रपति भवनमा नबसी एउटा सामान्य काठको घरमा बस्थे र टायरको चप्पल लगाउँथे भन्दा एउटा दन्त्यकथाको कुरा गरेजस्तो हुन्छ । समकालीन राजनीतिमा जीवितमध्येकै दक्षिण अफ्रिकाका चर्चित पूर्व राष्ट्रपति नेल्सन मण्डेलाले पार्टीको ऋण तिर्नका लागि भनेर आफूले जेल बस्दा लगाएका लुगाफाटा, जुत्ता र डायरी बेचेर ४१ हजार डलर बनाई पार्टीलाई दिएको प्रसंग स्मरणीय छ । त्यसैगरी भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) का महासचिव हरिकृष्णसिंह सुरजितले पनि आफ्नो अंशमा पाएको पैत्रिक सम्पत्ति सबै पार्टीलाई सुम्पिएको सन्दर्भ सम्झिन लायक छ । दुनियाँका नेताहरूको कुरामात्र होइन नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले कलंकीको ८ आना घडेरी जग्गा पार्टीलाई सुम्पिएको कुरा किन नसम्झने ? त्यस्तै केन्द्रीय सदस्य अष्टलक्ष्मी शाक्यले आफ्नो विवाहका लागि किनेर ल्याएको सम्पूर्ण लुगाफाटा र गरगहना पार्टीलाई बुझाइएको प्रसंग पनि सम्झिनै पर्दछ । सम्पूर्णको अगाडि अंशको कुरा भयो, व्यापक अर्थको त्यागलाई साँघुरो पारेर चर्चा गरियो भन्ने लाग्नसक्छ । मैले यहाँ त्यागका केही बान्कीमात्रै प्रस्तुत गरेको हुँ । कम्युनिज्मको महान ध्येय प्राप्तीका लागि जसले जीवनै उत्सर्ग गरेका छन् तिनीहरू त प्रातः स्मरणीय नै भए जसको कसैसँग तुलना नै हुन सक्दैन । आफ्नो सम्पूर्ण जीवन, सन्तानको भविष्य, जायजेथा, स्वास्थ्य, पद र प्रतिष्ठा अर्पण गर्ने धेरै छन् जसको यहाँ चर्चा गर्नु सम्भव नै छैन । हामीले त अन्यथा अर्थ नलाग्ने गरी प्रसंगबस केही उदाहरणमात्र अगाडि सारेका हौं ।

छैठौं कुरा, **कम्युनिष्ट नम्रता** । नम्रतालाई सामान्य बोलिचाली र व्यवहारको अर्थमा मात्र होइन व्यापक अर्थमा बुझ्न र अपनाउन आवश्यक छ । चाहे साम्यवादी भविष्यका निमित्त जीवनसंघर्षको कठोर बाटो हिंड्न चाहिने धैर्यताको कुरा होस् वा आफूलाई लागेको सही विचारको पक्षमा पद्धतिको सीमाभित्र रहेर चित्त नबुझ्ञ्जेल मर्यादित ढंगले वैचारिक संघर्ष गरिरहने विषय होस्- त्यहाँ यही कम्युनिष्ट नम्रता चाहिन्छ । यहाँनेर 'ज्ञान भएर पनि मौन रहन सक्नु, बल भएर पनि क्षमा दिनसक्नु र त्याग गरेर पनि आत्मप्रशंसा नगर्नु राजनीतिकर्मीका मुख्य गुण हुन्' भन्ने रघुवंश महाकाव्यमा उल्लेखित सन्दर्भ सम्झनु प्रासङ्गिक हुनेछ । कम्युनिष्टमा हुनुपर्ने शैली भनेको सादा जीवन उच्च विचारको कार्यशैली हो । शब्दले भन्दा कामले नै कृतज्ञता ज्ञापन गर्ने शैली हो । प्रतिकूल परिस्थिति र निराशाका घडीमा पनि भविष्यप्रति आशावादी बनिरहन त्यही कम्युनिष्ट नम्रताको आवश्यकता पर्दछ ।

सातौं कुरा, **इमान्दारिता** । कम्युनिष्टका लागि इमान अक्सिजन जस्तै हो । सत्य र श्रमजीवी वर्गप्रति इमानदार नहुने हो भने कम्युनिष्ट हुनु ब्यर्थ छ । दुनियालाई ढाँटे पनि मानिसले आफैंलाई ढाँट्न सक्दैन । सायद यसै भएर प्रसंगबस रूजवेल्टले भनेका थिए "प्रसिद्ध हुनुभन्दा इमान्दार हुनु बढी राम्रो हो ।" जीवनका प्रत्येक कदममा साँच्चिनै इमानदार बन्ने प्रयत्न गर्नैपर्छ, त्यही गुणले नै हामीलाई एउटा कम्युनिष्टको उचाइमा उठाउने छ । कसैलाई देखाउन पार्टीमा लाग्ने होइन । हामी लाग्ने पुरानो समाज फेर्न र नयाँ समृद्ध समाज निर्माण गर्नका लागि हो ।

मानिस जे बन्छ र जे गर्छ मुख्य कारक ऊ आफैं हो । मन हिंडेपछि तन हिंड्ने हो, खुट्टा आफैं हिंड्दैन । मन दौडिएपछि खुट्टा सुत्न सम्भव छैन । तर मन सुत्यो भने खुट्टामात्रै कुद्नै सक्दैन । तसर्थ आफ्नै मनलाई ठीक पार्नु पहिलो आवश्यकता हो । मनोक्रान्ति भएपछि मात्रै सामाजिक क्रान्तिलाई सशक्त पार्न सकिन्छ । भनिन्छ संसारलाई बदल्नु छ भने सुरू आफैंबाट गर्नुपर्छ । बर्नाड शा भन्छन् 'जो आफैं परिवर्तित हुँदैनन तिनले केही पनि गर्न सक्दैनन् ।' जीवनको युद्ध हारेको व्यक्तिले कुनै युद्ध जित्दैन । सबभन्दा पहिले आफूलाई जित्न सक्नुपर्छ र आफ्नो गुरू आफैं हुन सक्नुपर्छ । साँच्चै आन्तरिक रूपान्तरणको अभ्यासमा हामी लागिरहेका छौं भने आफ्नो विवेकको आवाज सुनेर आफैं आफ्नो अघि लाग्नुपर्दछ । त्यसरी मात्रै पुरानो समजमा हामीभित्र हुर्किएका खराब प्रवृत्ति, स्वार्थ र मनोविकारलाई परास्त गर्न सकिन्छ । भौतिक परिस्थितिका कारण मान्छे आन्तरिक रूपमा बन्ने र भत्कने क्रम चलिरहेको हुन्छ । लगातारको मनोयुद्धद्वारा रूपान्तरण गरेर बनाइएको मन नभत्कियोस् भनेर मार्क्सवादी दृष्टिकोणले दह्रोसँग गार्ड गर्न सक्नुपर्दछ । तबमात्रै आत्मिक विकासले एउटा नयाँ उचाई छुन सक्छ । एउटा साधारण मान्छे सही अर्थमा कम्युनिष्ट हुनसक्दछ ।

# मोफसलमा स्ववियु निर्वाचनको परिणाम

**बुटवल बहुमुखी क्याम्पस** : सभापति रमेश राना, सचिव दामोदर घिमिरे, सहसचिव राजेन्द्र ढकाल, कोषाध्यक्ष बाबुराम पन्थी र सदस्यहरू बिमला ज्ञवाली, रमेश पाण्डे, शालिकराम न्यौपाने, केशव भण्डारी, प्रकाश पन्थी, बसुन्धरा जि.सी. र महेन्द्रलाल जि.सी. ।

**काठमाडौं शिक्षा क्याम्पस** : उपसभापति विष्णु पन्थी, सदस्य रोहित घिमिरे र हिरासिंह महरा ।

**यज्ञोदय बहुमुखी क्याम्पस, रूपन्देही** : सभापति श्रीराम यादव, उपसभापति देवराज पौडेल, सचिव दीपक देवकोटा, सहसचिव गजेन्द्र खनाल, कोषाध्यक्ष श्रीधर न्यौपाने र सदस्यहरू राधिका खरेल, दिनेश अधिकारी ।

**सूर्यनारायण, सत्यनारायण, मर्वेता यादव बहुमुखी क्याम्पस, सिरहा** : कोषाध्यक्ष कौशलेन्द्र यादव, सदस्यहरू सुदन कुसियत, रामदयाल यादव, सूर्यलाल यादव, राम उद्गार शाह ।

**पृथ्वीनारायण क्याम्पस** : सभापति सोभियत ढकाल, उपसभापति पदम गिरी, सचिव शिवजी गुरूङ, सहसचिव सावित्री थापा, कोषाध्यक्ष होमबहादुर नेपाली, सदस्यहरू इमानराज पौडेल, सुरजमोहन पोखेल, भीमबहादुर गुरूङ, अर्जुन सुनाम, मनकुमार श्रेष्ठ, सीतादेवी वि.क., नवराज सुवेदी, दिलीप न्यौपाने, सुभाषचन्द्र अधिकारी र गणेशमान पुन ।

**सुकुना बहुमुखी क्याम्पस, मोरङ** : सभापति जीतबहादुर राई थुलुङ, उपसभापति रञ्जन शर्मा चौलागाईं, सचिव झरेन्द्र खनाल, कोषाध्यक्ष धीरेन्द्र चौधरी, सदस्यहरू भुवन पौडेल, महेन्द्र गिरी र यमकुमारी रिमाल (सरस्वती) ।

**भैरहवा बहुमुखी क्याम्पस** : सभापति सुधिरमान सिंह वि.क., कोषाध्यक्ष उमा अर्याल, सदस्य ओम मल्ल ।

**लुम्बिनी बाणिज्य क्याम्पस, बुटवल** : सहसचिव चेतमान श्रेष्ठ, सदस्य बसन्त थापा ।

**रामपुर क्याम्पस, रूपन्देही** : सभापति रोमाकान्त ज्ञवाली,

**त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा** : उपसभापति खेतबहादुर राना, कोषाध्यक्ष सुशीलकुमार श्रेष्ठ, सदस्यहरू नमिल बस्याल, तुलबहादुर अधिकारी, तेन्जिङ्ग रायमाझी, युवराज भण्डारी र दर्शन राना ।

**त्रिभुवन आदर्श क्याम्पस- स्याङ्जा** : सभापति राजेश पुरी, सचिव बालकृष्ण गोदार ।

**सिद्धार्थ क्याम्पस, कपिलवस्तु** : सभापति हरिशंकर पौडेल, सहसचिव अर्जुन सापकोटा, सदस्यहरू जंगबहादुर चौधरी, लक्ष्मी शाही, यमुना मरासिनी, पुष्पा परियार, कृष्णबहादुर वि.क., पदम आचार्य ।

**राममणि क्याम्पस, रूपन्देही** : कोषाध्यक्ष इश्वरी मरासिनी, सहसचिव तुलसी अर्याल, सदस्य सावित्री भण्डारी ।

**मर्स्याङ्दी बहुमुखी क्याम्पस, लमजुङ** : उपसभापति राममणि पौडेल, सचिव विश्वविनोद घिमिरे, सदस्यहरू अम्मिर वि.क., युधप्रसाद घले, सूर्यकला थापा, दिपा थापा ।

**भानुभक्त क्याम्पस, खैरेनी तनहुँ** : सदस्य बसन्त गुरूङ र विद्या नेपाली ।

**चिकित्साशास्त्र अध्ययन संस्थान पोखरा** : सभापति विनिता दाहाल (पौडेल), सहसचिव शोभा कँडेल, कोषाध्यक्ष प्रेरणा पाइजा, सदस्य शोभा लामिछाने ।

**नुवाकोट आदर्श बहुमुखी क्याम्पस, बट्टार, नुवाकोट** : सदस्य मुरारी गजुरेल, राजकुमार अर्याल, उद्धव बोगटी ।

**हात्तीसार क्याम्पस, धरान** : उपसभापति आलोकचन्द्र ठाकुर, सहसचिव प्रवीण सुब्बा, कोषाध्यक्ष मत्त राई, सदस्य शरद के.सी. ।

**डिग्री क्याम्पस, बिराटनगर** : सचिव धर्मराज ढकाल, योगेशराज राजभण्डारी, सदस्य युवराज सिवाकोटी ।

**भोजपुर बहुमुखी क्याम्पस** : सभापति ध्रुवराज राई, उपसभापति अधिराज राई, सचिव मकरबहादुर खड्का, सहसचिव राजन राई, कोषाध्यक्ष शारदा राउत, सदस्यहरू सुमनबाबु चौहान, सिर्जन तिवारी, यदिबहादुर श्रेष्ठ, तेजबहादुर प्रधान, हेमन्तकिरण बज्राचार्य, विन्द्रप्रसाद राई ।

**ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज** : कोषाध्यक्ष पुनम लामा ।

**कृषि क्याम्पस, लमजुङ** : सभापति इन्द्रप्रसाद शर्मा ढुंगाना, सहसचिव दिनेश काफ्ले, सदस्य राजेश्वर सिलवाल, रूमाकान्त सापकोटा ।

**वालिङ क्याम्पस, स्याङ्जा** : सभापति राजेन्द्र डुम्रे, उपसभापति दीपक पाण्डे, सचिव कमल पंगेनी, सहसचिव मोहन खनाल, कोषाध्यक्ष चन्द्रप्रकाश बस्याल, सदस्यहरू चुमा लुईटेल, सागर खनाल, कुमारराज गुरूङ, कृष्ण वस्ती, डोलराज पौड्याल, जगन्नाथ भट्टराई, झकबहादुर थापा र डोलराज डुम्रे ।

**वनविज्ञान क्याम्पस, पोखरा** : सभापति सूर्य पौडेल, उपसभापति रमेश सुनाम, सचिव हरिनारायण आचार्य, सहसचिव अमरबहादुर पराजुली, कोषाध्यक्ष सरोज जमरकट्टेल, सदस्यहरू सुमित्रा के.सी., कालीमाया गुरूङ, विष्णु अधिकारी, प्रेमबहादुर थापा, स्थिरबहादुर थापा र विष्णु पाण्डे ।

**इन्जिनियरिङ अध्ययन संस्थान, पोखरा** : सभापति चन्द्र बुढा, सहसचिव सरोज यादव, सदस्य मधुसुदन पुन, सदस्य नारायण रेग्मी, सुदीप कोइराला ।

**महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम** : उपसभापति प्रदीपकुमार आचार्य, सहसचिव अन्जानकुमार थेवे, कोषाध्यक्ष प्रकाशकिरण दाहाल, सदस्य सन्तोष पराजुली ।

**पाँचथर बहुमुखी क्याम्पस** : सभापति सोम थापा, सदस्य लक्ष्मी गौतम, दिनेशकुमार श्रेष्ठ, हेमनारायण रम्तेल ।

**महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराज** : सदस्य अखिलेशकुमार झा ।

त्रियुगा बहुमुखी क्याम्पस, उदयपुर :

**मेची बहुमुखी क्याम्पस, झापा** : सभापति बसन्त बानियाँ, कोषाध्यक्ष असारू राजवंशी, सदस्यहरू दावा दार्जे लामा, पदम भण्डारी, युवराज कार्की, विकास वन्त ।

**रारा बहुमुखी क्याम्पस, जनकपुर** : सचिव श्याम विहारी यादव, सहसचिव रामप्रमोद महत्तो, सदस्य युवराज पोखरेल, प्रमोद तिमिल्सिना ।

**यालना विद्यापिठ, मटिहानी** : सचिव तारानाथ  दाहाल, कोषाध्यक्ष कपिलदेव रिजाल, सदस्य केशवराज दाहाल ।

**हजारीजनक विद्यापिठ** : सभापति राधाकान्त झा, सचिव केदारप्रसाद भण्डारी, सहसचिव अमर यादव, सदस्यहरू देवी घिमिरे, उदितनारायण झा, चुडामणि दुलाल ।

**महेन्द्र मोरङ बहुमुखी क्याम्पस, विराटनगर** : सभापति सागर थापा, सहसचिव नवीन पौडेल, कोषाध्यक्ष कवि तिमिल्सिना, सदस्यहरू विकाश कट्टेल, कञ्चन बर्मा देवकोटा, हरि ढकाल र पुष्प श्रेष्ठ ।

**जनता क्याम्पस, इटहरी** : सभापति किशोर कोइराला, कोषाध्यक्ष एकता कोइराला र सदस्य राजकुमार कार्की ।

**पिण्डेश्वर विद्यापिठ, धरान** : सभापति सोमनाथ मिश्र, उपसभापति केशव न्यौपाने, सचिव शेखर दाहाल, सहसचिव लेखनाथ भट्टराई, कोषाध्यक्ष गिरीराज खतिवडा, सदस्यहरू रमेश नेपाल, रामप्रसाद कोइराला, मदन अधिकारी, गोपीकृष्ण लुईटेल, बिना राई र सोमनाथ अधिकारी ।

**धनकुटा बहुमुखी क्याम्पस, धनकुटा** : सभापति सोविस चेमजोङ, उपसभापति गोपाल गोले, सचिव त्रिविक्रम दाहाल, सहसचिव मथुरा दाहाल, कोषाध्यक्ष टिका घिमिरे, सदस्य समीर जोशी र फणिन्द्र तिम्सिना ।

**इनरूवा क्याम्पस, सुनसरी** : सचिव लालबहादुर श्रेष्ठ, कोषाध्यक्ष समीक्षा खारपाली, सदस्यहरू जमनारायण पोखरेल, जयकिशन यादव, उज्ज्वल घिमिरे, बद्री सुवेदी र सलिना थापा ।

**इन्जिनीयरिङ क्याम्पस, धरान** : उपसभापति माधवबहादुर माझी, सचिव सन्तोष आचार्य, कोषाध्यक्ष कैलाश विष्ट, सदस्यहरू सुमन खड्का, मधु श्रेष्ठ र जानव घिमिरे ।

**कुमारवर्ती बहुमुखी क्याम्पस, नवलपरासी** : उपसभापति युगबहादुर महतो, सचिव नवलसिंह आले, सहसचिव नवराज पोखरेल, सदस्य लिलावल्लभ डुम्रे ।

**महेन्द्र बहुमुखी क्याम्पस, धरान** : सभापति प्रकाश राई, उपसभापति सुनिता खतिवडा, सचिव भानुभक्त लिम्बु (विवेक), सहसचिव नवराज राई, कोषाध्यक्ष लक्ष्मी साम्वाहाम्फे, सदस्यहरू गणेश बस्नेत, नवीन राई, होमनाथ खड्का, विशन विष्ट, झरना लावती र खगेन्द्र गुरूङ ।

**सुर्खेत बहुमुखी क्याम्पस** : सभापति घनश्याम पाण्डे, उपसभापति नेत्रलाल महतरा, सचिव यामराज शर्मा, सहसचिव प्रचण्डकुमार पोखरेल, कोषाध्यक्ष रश्मी भट्टराई, सदस्यहरू मीना पौडेल, रचना विष्ट, जनकप्रसाद न्यौपाने, तुलबहादुर हमाल, चक्रपाणि गौतम, भीमबहादुर शाही ।

**सुर्खेत शिक्षा क्याम्पस** : सभापति तेजविक्रम बस्नेत, उपसभापति चतुर्भुज शाही, सचिव नरेन्द्रकुमार शाही, सहसचिव कमलबहादुर सिंजापती, कोषाध्यक्ष मनोज गौतम, सदस्यहरू अञ्जुकुमारी शाह, कमल सिंह, छुपलाल ढकाल, पूर्णबहादुर बस्नेत, मविन्द्रप्रसाद सम्पे ।

**सुनकोशी क्याम्पस, सिन्धुपाल्चोक** : सहसचिव महेश्वर पराजुली, सदस्य प्रदीप पौडेल ।

**महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज** : सभापति रत्न खत्री, सचिव खगेन्द्रप्रसाद खनाल, सदस्यहरू प्रकाश गौतम, सन्तोषबाबु सुवेदी, दीपेन्द्र भण्डारी ।

**रामापुर क्याम्पस, रूपन्देही** : सभापति रमाकान्त ज्ञवाली ।

**महेन्द्र बहुमुखी क्याम्पस, बाग्लुङ** : सभापति गोविन्द नेपाली, सदस्य लालबहादुर थापा र विधान के.सी. ।

**त्रिभुवन आदर्श क्याम्पस, स्याङ्जा** : सभापति राजेश पुरी, सचिव बालकृष्ण गोदार ।

**त्रियुगा बहुमुखी क्याम्पस, उदयपुर** : सभापति प्रमेश्वर घिमिरे, सहसचिव भीमेन्द्र खड्का, सदस्य रविन ढकाल ।

**बर्दिया बहुमुखी क्याम्पस, गुलरिया** : उपसभापति नुतनकुमार चौधरी, सचिव वामदेव ज्ञवाली, सदस्य पहलमान विष्ट, रचना शर्मा, पुष्प गौतम, मानबहादुर चौधरी ।

**बीरगञ्ज नर्सिङ क्याम्पस, वीरगञ्ज** : सभापति सुनिता प्रधान, उपसभापति पिंकी थापा, सचिव प्रगति खनाल, सहसचिव बिना बान्तवा, कोषाध्यक्ष सुनिता दवाडी, सदस्य शोभा श्रेष्ठ र अञ्जना श्रेष्ठ ।

**चैनपुर क्याम्पस, संखुवासभा** : उपसभापति शान्तिबहादुर डाँगी, सचिव हरेराम श्रेष्ठ, कोषाध्यक्ष सपना शाक्य, सदस्य विष्णु खड्का, सञ्जिता श्रेष्ठ र तारा खत्री ।

**मादी बहुमुखी क्याम्पस, संखुवासभा** : उपसभापति लक्ष्मी दाहाल, सचिव अम्बरहाङ लिग्थेप, सहसचिव सुशिला दाहाल, सदस्य गिता घिमिरे ।

**म्याग्दी बहुमुखी क्याम्पस** : सभापति प्रेमबहादुर कार्की, सचिव शान्तबहादुर नेपाली, कोषाध्यक्ष कौउप्रसाद बुढा, सदस्य संदीप मल्ल, डम्सरा पुन, दिलसोभा पुन र विजय खत्री ।

**कोहलपुर क्याम्पस, बाके** : सभापति अब्दुल हुसेन खाँ, सहसचिव सुमन पौडेल, सदस्य सबिता तिमल्सिना, चेतना कोइराला ।

**जनता क्याम्पस, अछाम** : सभापति हरिकला रावल, सचिव रेवन्त ठकुल्ला, सहसचिव भीम कुँवर, कोषाध्यक्ष कल्पना रावल, सदस्य टपेन्द्र बोहरा र मोहन साउद ।

**अछाम क्याम्पस, अछाम** : सभापति छत्र बोगटी, उपसभापति शिवराज ढुंगाना, सचिव नरेन्द्र रावल, सहसचिव डबल बोहरा, कोषाध्यक्ष विर्खबहादुर बोहरा, सदस्यहरू रेवन्त के.सी., मोहन मूल, सुश्री नन्दकुमारी बोहरा, पूर्ण राना, श्याम रावल र रामराज नाथ ।

**नारद आदर्श शिक्षा क्याम्पस बसाहा, उदयपुर** : सभापति भुपेन्द्र राई, उपसभापति राजन पराजुली, सचिव जीवनाथ खनाल, सहसचिव विशाल राई, कोषाध्यक्ष भीमा राई, सदस्य चन्द्रिका तामाङ ।

# अग्रगमनका लागि एमालेको कार्यक्रम

मुलुकको वर्तमान संकटको समाधानका लागि विभिन्न वर्ग र समूहहरू छलफलमा सहभागी हुने र सहमतिका आधारहरू खोज्ने प्रयत्नमा छन्। यो संकटको समाधानको सन्दर्भमा नागरिक समाजमात्र होइन, विभिन्न जनजाति, क्षेत्र र समूहका आन्दोलनहरू पनि राजनीतिमा आफ्नो सहभागिता र हैसियतको खोजीमा छन्। यी आकंक्षाहरूले राजनीति अब कुनै वर्ग, जातजाति र सम्प्रदायको पेवाको रूपमा मात्र नरहने सन्देश दिएको छ। हाम्रो पार्टीले पनि वर्तमान संकटको समाधानका लागि तात्कालिक कार्यक्रम प्रस्ताव गरेको छ। यद्यपि विभिन्न कोणबाट हाल पार्टीहरूसँग संकट समाधानका लागि कुनै कार्यक्रम नभएको भन्ने चर्चा गर्ने गरिन्छ। हाम्रोजस्तो मार्क्सवादी पार्टीका कार्यक्रम र नीतिहरू एउटा श्रृङ्खलाबद्ध र निरन्तर प्रक्रियाका रूपमा भइरहने कुरा हुन्। हाम्रो पार्टीको तात्कालिक कार्यक्रम, मुलुकको वर्तमान परिस्थिति र चुनौतीहरू तथा कार्ययोजनाका बारेमा जानकारी दिन तयार गरिएको छ।

***मार्क्सवादी साहित्यमा कार्यक्रमको अभिप्राय र अर्थ***

मार्क्सवादी साहित्यमा कार्यक्रमको अभिप्राय र अर्थ सामाजिक परिवर्तनको प्रस्ताव हो। मार्क्सवादले समाजको गरिबी, अभाव तथा सवै प्रकारका शोषण र असमानताहरूलाई अन्त्य गरी प्रगतिशील, विकसित, सम्पन्न र समृद्ध समाजको निर्माण हुने समाजवादको अधिकतम लक्ष्य राखेको छ। त्यस लक्ष्यमा पुग्ने बाटो र काम एउटा लामो र जटिल प्रक्रिया हो। यस जटिल प्रक्रियामा आ-आफ्नो सामाजिक विकासको अवस्था हेरी विविध चरण उपचरणहरूमा कार्यक्रमहरू तय गरिन्छन्। पूँजीवाद परिपक्व भइसकेको समाज चाँडै समाजवादमा रूपान्तरण हुन्छ। अविकसित पूँजवादी समाज प्रारम्भिक अवस्थामा रहेको सामन्तवाद या सामन्तवाद नै प्रवल भइरहेका समाजहरू एकैचोटी समाजवादमा प्रवेश गर्न सक्दैनन्।

नयाँ जनवादी क्रान्ति सामन्तवाद र सँगसँगै साम्राज्यवादको शोषण उत्पीडनबाट मुक्तिका लागि मार्गचित्र हो। यसखाले क्रान्तिलाई अन्य एसियाली, अफ्रिकी तथा दक्षिण अमेरिकी मुलुकहरूमा केहीले नयाँ जनवादी, केहीले राष्ट्रिय जनवादी वा केहीले जनताको जनवादी क्रान्तिको रूपमा परिभाषित गरेका छन्। हाम्रो देशमा नेकपा (एमाले)ले पार्टीको पाँचौं महाधिवेशनबाट यसलाई जनताको बहुदलीय जनवादको रूपमा परिभाषित गरेको छ।

**जनताको बहुदलीय जनवाद : प्रजातान्त्रिक र शान्तिपूर्ण समाजवादी बाटो**

जनताको बहुदलीय जनवाद वास्तवमा सामन्तवाद तथा साम्राज्यवादबाट छुटकारा पाउने प्रजातान्त्रिक बाटो हो। यो मार्गको यात्राबाट यथासम्भव शान्तिपूर्ण ढंगले समाजवादको अधिकतम लक्ष्य प्राप्त हुन्छ। यसले राज्यसत्ताको पुनः रचनामा "जनताको जनवादी अधिनायकत्व"को बहुलवादी संरचनालाई सार र रूप दुबैमा आत्मसात् गरेको छ। नेपालको सन्दर्भ, मार्क्सवादको प्रयोगको सफलता र असफलताको शिक्षा र विश्वका मित्र र शत्रुको लेखाजोखा तथा तिनका शक्तिको लेखाजोखाको निष्कर्षअनुरूप यस कार्यक्रमले नेतृत्वमा प्रजातान्त्रिक बहुदलीय प्रतिस्पर्धा, संविधानको सर्वोच्चता, कानुनी राज्य, खुला समाज, बहुमतको सरकार, मानव तथा मौलिक प्रजातान्त्रिक अधिकारको संवैधानिक प्रत्याभूति जस्ता राजनीतिक कार्यक्रमहरू अंगिकार गरेको छ। यसैगरी मिश्रित अर्थतन्त्रको कार्यक्रम, क्रान्तिकारी भूमिसुधार जसमा कतिपय सामन्तहरूको जमिन अधिग्रहण गरी भूमिहीन किसानलाई वितरण गरिंदा क्षतिपूर्ति दिन सकिने, जमिनमाथि निजी स्वामित्व कायम गरिने र राष्ट्रिय पूँजीको विकासमा राज्य तथा निजी क्षेत्र दुबैको अधिकतम उपयोग गरिने कार्यक्रम समावेश गरिएका छन्। यस कार्यक्रममा यी राजनीतिक तथा आर्थिक कार्यक्रमका साथै सामाजिक कार्यक्रम समाविष्ट छन्।

**प्रगतिशील सुधारका विभिन्न चरणहरूमा तात्कालिक ठोस कार्यक्रम**

मार्क्सवादीहरूले न्यूनतम तथा आम कार्यक्रमको लक्ष्य प्राप्ति गर्ने सन्दर्भमा कतिपय ठोस कार्यक्रम पनि अघि सार्ने गर्दछन्। यस्तो कार्यक्रमले आवधिक वा तत्कालिक समस्याको सम्बोधन गर्ने गर्दछ। यस कार्यक्रमले तत्कालका समस्या र आवश्यकतालाई व्यवस्थापन गर्दछ र समाजवादतर्फ अग्रगमनका लागि प्रगतिशील सुधारहरू पनि गर्दछ। यसकारण यो कार्यक्रम समाजमा तत्काल उब्जेका समस्याहरूको सम्बोधन गर्नका लागि तयार गरिएको हुन्छ र समाजवादी समाजमा पुग्न प्रक्षेपित सुधारमा अलि कम केन्द्रित भएको हुनसक्छ। यस विशिष्ट तथा ठोस कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थिति र क्रान्तिका शत्रु र मित्रहरूमा आएको भिन्नताको आधारमा आफ्ना उद्देश्यहरूलाई ठोसरूपमा प्रस्ताव गरिएको हुन्छ। तात्कालिक कार्यक्रमहरू समयसापेक्ष र तत्कालीन समस्याको रूपान्तरणपछि परिवर्तन हुने गर्दछन्।

हाम्रो पार्टी नेकपा (एमाले)ले विभिन्न महाधिवेशन, सम्मेलन, केन्द्रीय कमिटीका वैठकहरूमा आफ्नो ठोस कार्यक्रमले परिस्थिति अनुकूल तात्कालीन समस्याहरूलाई सम्बोधन गर्न सकेको या नसक्नेबारेमा मूल्यांकन गरेर समय-समयमा तात्कालिक कार्यक्रमहरूमा परिमार्जन गर्दै आएको छ। आमनिर्वाचनका घोषणापत्रहरू पनि निश्चित अवधिका लागि हाम्रो पार्टीका ठोस कार्यक्रमहरू हुन्। तर संसदीय राजनीतिमा गैरमार्क्सवादीहरूले निर्वाचन घोषणापत्रलाई चुनावी नाराको रूपमा मात्र बुझ्ने गरेका छन्। यसकारण निर्वाचन घोषणपत्रको हाम्रो प्रतिबद्धतालाई कम आँक्ने काम भएको छ।

माओवादी समस्याले विकराल रूप लिइसकेपछि र त्यसमाथि राजाले चालेको प्रतिगमनको कदमपछि मुलुकमा उत्पन्न राजनीतिक संकट समाधान गर्न नेकपा (एमाले)ले विभिन्न समयमा आफ्ना सोच र अवधारणा सार्वजनिक गर्दै आएको छ।

हाम्रो पार्टीले सर्वप्रथम राजाको प्रतिगमन र माओवादी समस्या समाधानका लागि २२ सूत्रीय ठोस कार्यक्रम सार्वजनिक गरेको थियो । त्यो कार्यक्रमलाई अरू परिमार्जित र व्यवस्थित बनाउँदै २०६० बैशाख १४ गते प्रतिगमनलाई परास्त गर्न, प्रजातन्त्रको बहाली गर्न तथा माओवादी समस्या समाधानको निम्ति ३५ सूत्रीय कार्यक्रम अघि सारेको थियो । यो तात्कालिक कार्यक्रमहरूको तात्कालिक लक्ष्य हो । यस कार्यक्रममा राजनीतिक, आर्थिक तथा सामाजिक प्रकृतिका प्रस्तावहरू समावेश छन् । ३५ सूत्रीय कार्यक्रमले राष्ट्रिय जनभावनालाई मुखरित गर्ने हुदाँहुँदै पनि यसमा अन्य राजनीतिक शक्तिको सहमति खोज्ने काम नेकपा (एमाले)ले गरेको थियो । त्यसै अनुरूप प्रजातन्त्र प्राप्तीको संयुक्त आन्दोलनलाई अघि बढाउने क्रममा नेपाली कांग्रेसलगायत अन्य आन्दोलनरत पार्टीसहित नेकपा (एमाले) १८ सूत्रीय साझा कार्यक्रममा सहहस्ताक्षरी बन्नपुग्यो । अहिले १८ सूत्रीय कार्यक्रम नै आन्दोलनरत विभिन्न दलहरूबीच एकताको न्यूनतम सहमति हो ।

हाम्रो पार्टीको ३५ सूत्रीय प्रस्ताव र पाँच दलको सहमतिका आधारमा पारित १८ सूत्रीय कार्यक्रमबीचको समानता र भिन्नता विश्लेषण गर्न सजिलोका लागि निम्नाअनुसार तालिकामा सूचीकृत गरिएको छ :

यसप्रकार मुलुकलाई शान्ति र अग्रगमनतर्फ लैजान एमालेको ३५ सूत्रीय प्रस्ताव र प्रतिगमनविरोधी शक्तिहरूको न्यूनतम सहमतिमा अघि सारिएको १८ सूत्रीय कार्यक्रम एकआपसमा सम्बन्धित छन् र परिपूरक पनि देखिन्छन् ।

**माओवादी समस्याको समाधानको विधि र कार्यक्रम**

बहुदलीय व्यवस्थाको स्थापनापश्चात् प्रजातान्त्रिक प्रक्रियाले संस्थागत आकार लिन खोजिरहेको बेलामा नै निरंकुश पुनरूत्थानवादी शक्तिले जनआन्दोलनले स्थापना गरेको प्रजातान्त्रिक पद्धतिका विरूद्ध तानाबाना बुनिरहेकै थिए । यसै अवस्थामा फौजी बलद्वारा मात्र नयाँ जनवादी क्रान्ति हुनसक्ने विश्वास राख्ने नेकपा (माओवादी) ले ०५२ सालबाट शुरू गरेको आतङ्क, राजनीतिक व्यक्तिको अपहरण, भौतिक संरचना र पूर्वाधारहरू ध्वस्त गर्ने काम-कारबाहीले मुलुकको प्रजातान्त्रिक प्रक्रियालाई अग्रगति दिनुको सट्टा प्रतिगमनलाई सहयोग पुग्यो । शुरूको अवस्थामा उनीहरूका गतिविधिलाई कुनै प्रतिक्रिया नदिइएपनि पछिल्लो अवधिमा माओवादी समस्याको जड खोजी भएर शान्तिका लागि प्रत्यक्ष र अप्रत्यक्ष प्रयत्न र वार्ता पनि भएका छन् । साथै समस्याको जड आर्थिक सामाजिक विषयवस्तुका बारेमा देशका सवै शक्तिहरूबीच समान मत बन्दै गइरहेको पनि थियो । तर राजनैतिक कारणहरूमध्ये राजाको स्थान, सेनाको व्यवस्थापन र संचालनका बारेमा मतभिन्नताका कारण माओवादी समस्याको समाधानमा गतिरोध आइरहेको थियो र त्यो क्रम अहिले पनि कायमै छ । राजाको प्रयत्नबाट मात्र माओवादी समस्या समाधान हुने होइन । राजाको प्रतिगमनपश्चात् माओवादी समस्या झन् विकराल बन्नुका पछाडि राजाको सक्रियता नै प्रमुख कारण हो । यसकारण मूलधारका प्रजातान्त्रिक शक्तिहरूको सक्रियता र सहभागिताविना माओवादी समस्या समाधान भएर शान्ति कायम होला भन्ने भ्रम त्याग्नु जरूरी छ । नेकपा (माओवादी)ले समस्या समाधानका लागि संवैधानिक र राजनीतिक प्रक्रियामा जोड दिएको छ, जसको मुख्य जोड 'जनताद्वारा निर्मित' संविधान भन्ने रहेको छ । "देशको राजनीतिक वस्तुस्थिति जुन दिशामा अगाडि बढिरहेको छ र द्वन्द्वले जसरी व्यापक रूप लिंदै गइरहेको छ यस्तो अवस्थामा समस्या समाधान गर्न अरू उचाइबाट राष्ट्रिय सहमतिको आधार खोज्नका लागि" नेकपा (एमाले)ले निम्नअनुसार ९ बुँदे प्रस्ताव अघि सारेको छः-

१. वर्तमान मनोनीत सरकारको खारेजी, विघटित संसदमा रहेका राजनीतिक दलहरूको सहमति र सिफारिसमा प्रधानमन्त्रीको नियुक्ति र सर्वदलीय सरकारको गठन तथा प्रतिनिधिसभा पुनर्स्थापना कायम गर्नको लागि अग्रसरता ।

२. सरकार र माओवादी दुबै पक्षबाट युद्धविराम गर्न वार्ताको वातावरणको स्थापना, दुबै पक्षबाट युद्धविरामको अवधिमा मानवअधिकार संहिता र आचारसंहितामा सहमति, त्यसको पूर्ण कार्यान्वयनका लागि प्रतिवद्धता ।

३. सर्वदलीय सरकार तथा अग्रगमनको विस्तृत कार्यक्रम तयार गरी त्यस आधारमा माओवादी पक्षसँग वार्ता ।

४. दलित, महिला, जनजाति, तराईका पिछडिएका जाति, समुदाय, क्षेत्र, गरिबीको रेखामुनी रहेका र बरोजगारीबाट आक्रान्त समुदायको हकहितको संरक्षण, विकेन्द्रित शासन प्रणाली, सुशासन, जनमुखी लोकतन्त्र, भ्रष्टाचार नियन्त्रण, दण्डहीनताको अन्त्य एवं समाज र राज्यको व्यापक प्रजातान्त्रिकरण एवं राष्ट्रियताको सुदृढीकरण जस्ता विषय समाविष्ट अग्रगामी साझा कार्यक्रमको निर्माण ।

५. माओवादीसँगको सहमतिपश्चात् विघटित प्रतिनिधिसभामा रहेका राजनीतिक दलका प्रतिनिधिहरू, माओवादीका प्रतिनिधिहरू र गोलमेचमा सहभागी हुने राजनीतिक दलहरूको सहमतिमा अत्यावश्यक व्यक्तिहरू सामेल भएको गोलमेच सम्मेलन, उक्त सम्मेलनबाट राष्ट्रिय सहमतिको आधारमा अग्रगमनको कार्यक्रमको निर्माण र कार्यविधिको तय ।

६. अग्रगमनको कार्यक्रम कार्यान्वयनका लागि संविधान संशोधन वा नयाँ संविधान निर्माण के गर्ने दुईमध्ये एकमा सहमति र सो सहमतिपश्चात प्रतिनिधिसभाको निर्वाचन र निर्वाचनका लागि माओवादी सहमतिको अन्तरिम सरकारको गठन ।

७. प्रतिनिधिसभाको निर्वाचनका लागि संयुक्त राष्ट्रसंघको संलग्नता र सहयोगको लागि आग्रह र संयुक्त राष्ट्रसंघका स्थापित मान्यता र प्रक्रियाअनुरूप निर्वाचनको अवधिमा सुरक्षाको व्यवस्थापन ।

८. निर्वाचित प्रतिनिधिसभाद्वारा गोलमेचको निष्कर्षअनुरूप संविधान निर्माणको प्रक्रिया आरम्भ । नयाँ संविधान निर्माण गर्ने निष्कर्षमा त्यस प्रयोजनका लागि हालको संविधानमा आवश्यक संशोधन गर्दै संविधान आयोगको गठन । आयोगद्वारा तोकिएको समयावधिभित्र नयाँ संविधानको मस्यौदा प्रस्तुत गरी त्यसलाई प्रतिनिधिसभाको सर्वसम्मत वा त्यसो हुननसके दुई तिहाईबाट अनुमोदन । तत्पश्चात् २०४७ को संविधान खारेजीको घोषणा ।

९. नयाँ संविधानको लागू गरेपश्चात् गठित सरकारद्वारा माओवादी सशस्त्र लडाकूको व्यवस्थापन । सशस्त्र द्वन्द्वका कारण विस्थापित जनताको पुनर्स्थापना र भौतिक संरचनाहरूको पुनर्निर्माण ।

उल्लेखित प्रस्तावमा अन्तर्निहीत प्रावधान प्रतिगमनको अन्त्य र माओवादीलाई शान्तिपूर्ण समाधानमा सहमत गराई मूलधारमा सामेल गराउन हो । यस प्रस्तावको मुख्य कडी नै बुँदा नं ८ हो, जसले संविधान संशोधन र नयाँ संविधान निर्माणका लागि मार्गप्रशस्त गरेको छ । यस प्रस्तावको बुँदा नं. ४ ले समस्या समाधानको न्यूनतम सीमा पनि तोकेको छ । अन्ततः यो प्रस्ताव मूलतः समस्या समाधानको सही विधि हो ।

**निष्कर्ष**

राजनीतिक पार्टीको तात्कालिक कार्यभार भनेको विद्यमान परिस्थितिको विश्लेषण र त्यसका चुनौतीहरूलाई समाधान गर्ने योजनाको एउटा खाका हो । मुलुकको अहिलेको परिस्थिति भनेको (१) निरकुंश राजावादी शक्तिहरूले मुलुकको राजनीतिलाई प्रतिगामी दिशामा धकेलेका छन्, (२) कतिपय सामाजिक न्यायका मुद्धाहरू उठाइरहेको उग्रवादी राजनीतिक शक्ति नेकपा ( माओवादी)को महत्वपूर्ण उपस्थिति छ । (३) नेपाली काग्रेस लगायत मध्यपन्थी सुधारवादी शक्तिहरू सामाजिक रूपान्तरणभन्दा पनि केही रूपगत सुधारहरू भन्दा अगाडि जान चाहादैनन् (४) मुलुकको यस्तो परिस्थितिमा नेकपा (एमाले) उल्लेखित शक्तिहरूको विभिन्न अर्थमा प्रतिस्पर्धीका रूपमा छ, लोकप्रिय छ र सबैभन्दा जिम्मेवार राजनीतिक शक्तिको रूपमा स्थापित छ । यी कारणहरूले गर्दा नेकपा (एमाले) का सामु खासगरी तीनवटा चुनौतीहरू छन्- (१) प्रतिगमनकारी शक्तिहरूलाई परास्त गर्ने (२) मध्यपन्थी सुधारवादीहरूलाई समेत साथ लिई मुलुकलाई अग्रगमनतर्फ अगाडि बढाउने र (३) माओवादीका सामाजिक न्यायका मागहरूलाई सम्बोधन गर्दै अगाडि बढ्ने । यी अहिलेका चुनौतीहरू हुन् । यी चुनौतीहरूलाई सामना गर्न नेकपा (एमाले)ले मध्यपन्थी सुधारवादीहरूसाग प्रतिगमनविरोधी आन्दोलनमा कार्यगत एकता गर्दै माओवादीको नयाा संविधानको मागलाई समेत सम्बोधन गरेर अग्रगमनको लागि मार्गप्रशस्त गर्ने खालको कार्ययोजना बनाएको छ । ३५ सूत्रीय प्रस्ताव अग्रगमनका लागि नेकपा (एमाले) ले एक्लै अघि सारेको हो, जुन प्रस्ताव पार्टीको तात्कालिक कार्यक्रम जनताको बहुदलीय जनवादका मातहत र त्यसतर्फ उन्मुख रहेको छ । १८ बुादे कार्यक्रम प्रतिगमनविरोधी मध्यपन्थी शक्तिहरूसमेतको कार्यगत एकताका लागि तय भएका साझा प्रस्ताव हो । यसैगरी नौ बुादे कार्यक्रम माओवादी समाधानका लागि प्रक्रियागत मार्गचित्र हो । प्रस्तुत विभिन्न खालका प्रस्तावहरूको संग्रह नै नेकपा (एमाले)को अहिलेको कार्ययोजनाको एकमुष्ट खाका हो ।

यसप्रकार नेकपा (एमाले)ले अहिलेको परिस्थिति, यसका चुनौती र अहिलेको काम अर्थात् पार्टी, जनता र अन्य राजनीतिक पार्टीहरूले आजै गर्नुपर्ने कामदेखि लिएर मुलुकको शान्ति, प्रजातन्त्र र अग्रगमनसम्मको कार्ययोजना स्पष्टरूपमा अगाडि सारेको छ ।

# सामाजिक रूपान्तरणका एजेन्डा

## ' श्रीविक्रम थापा

**ने**पाली समाजमा विविध प्रकारका सामाजिक अन्तरविरोधहरू विद्यमान छन् । जाति, भाषा, धर्म, संस्कृति, लैंगिक असमानता, भ्रष्टाचार, छुवाछूत र क्षेत्रीय असन्तुलनले उत्पन्न गरेका यस्ता सामाजिक समस्याहरूको समाधान नगरी मुलुक अघि बढ्न नसक्ने तथ्य जगजाहेर भइसकेको छ । २०४६ सालको ऐतिहासिक जनआन्दोलनले मुलुकको राजनीतिक स्थितिमा निकै ठूलो परिवर्तन ल्यायो, ०४७ को संविधानले पहिलोपल्ट नेपाली जनतालाई धेरै कुरामा अधिकार सम्पन्न बनाएर समान हक र मर्यादाको घोषणा गर्‍यो । तर हजारौं बर्षदेखि कायम सामन्ती शोषण र दशकौं लामो निरंकुश तानाशाही व्यवस्थाले मलजल र संरक्षण गरेका सामाजिक समस्याको समाधानका खातिर हरेक क्षेत्रमा एकसाथ र शीघ्र परिवर्तन गर्नु सम्भव थिएन ।

प्रजातान्त्रिक परिवेशमा समेत सत्ता संचालक सबै पक्षमा सामाजिक अन्तरविरोधहरूलाई सम्बोधन गरी समस्या समाधान गर्ने ठोस तत्परता देखा पर्न सकेन । अहिले पनि मुलुकमा धार्मिक भेदभाव र पक्षपात छ । दर्जनौं भाषा र बोलीहरू हुँदाहुँदै असमान भाषिक नीति थोपरिएको छ । कतिपय जाति वा जनजातिको अस्तित्व नै लोप हुँदै गइरहेको छ । विभिन्न जाति वा जनजातिका विशिष्ट सँस्कृतिप्रति राज्य उदासिन देखिन्छ । कानुनले निषेध गरेको भए पनि व्यवहारमा जातपात र छुवाछूतको कुप्रथा चलिरहेको छ । क्षेत्रीय भेदभाव र असन्तुलन कायम छ । खासगरी ग्रामीण क्षेत्र, दुर्गम, तराई र हिमाली भू-भागका वासिन्दाहरूले कैयौं प्रकारका भेदभाव भोगिरहेका छन् । सैनिक सेवा र अन्य कतिपय सरकारी सेवामा विभिन्न जाति, जनजाति र तराईवासीहरूलाई सहभागी हुनबाट बञ्चित गरिएको छ ।

लैङ्गिक विभेदका कारण महिलाहरू पुरूषको तुलनामा ज्यादै पछाडि छन् । यथास्थितिमा नेपाली समाजमा विद्यमान समस्याहरूको ठोस समाधान गर्नु सम्भव छैन । २०४७ को संविधानले शोषण र विभेदको अन्त्य एवं समानता र मर्यादाको खातिर व्यवस्था गरेका प्रावधानहरू भन्दा अघिको अवस्थातिर फर्केर होइन, ती उपलब्धिहरूमा टेकेर आवश्यक परे नयाँ संविधान र नयाँ सामाजिक संरचनाको निर्माण गरेर भएपनि सामाजिक रूपान्तरणको अभियानलाई अघि बढाउनु आवश्यक छ ।

यसका निम्ति नेकपा (एमाले)ले अघि सारेका एजेन्डाहरूको सम्बन्धमा स्पष्टता हुनुपर्दछ । जसले सामाजिक रूपान्तरण, समाजको पुनः संरचना र सामाजिक अन्तरविरोधको ठोस समाधान गर्नुपर्ने आवश्यकतामा जोड दिएको छ ।

नेपाली क्रान्तिको मौलिक कार्यक्रम जनताको बहुदलीय जनवाद (जवज) मा जाति, भाषा, धर्म र संस्कृतिको क्षेत्रमा रहेका सबै एकाधिकार र विशेषाधिकारको अन्त्य गरी सबै क्षेत्रमा समानता एवं जनवादी अधिकारको ग्यारेन्टी गर्ने, पछि परेका जाति, भाषा, साहित्य र संस्कृतिको ऐतिहासिक संरक्षण, सम्वर्द्धन र विकासको निम्ति विशेष कार्यक्रम संचालन गर्ने, कुनै पनि एउटा धर्मको एकाधिकारलाई अन्त्य गरी सबैलाई धार्मिक स्वतन्त्रता र समानता प्रदान गर्ने, राष्ट्रिय र सामाजिक जीवनका सबै क्षेत्रहरूमा महिला पुरूषबीच पूर्ण समानताको ग्यारेन्टी गर्ने, महिला-पुरूषबीच समान कामको समान ज्यालालाई प्रभावकारी ढंगले लागू गर्ने, पैत्रिक सम्पत्तिमा छोरा र छोरीको समान हक स्थापित गर्ने, महिलाहरूमा रहेको अज्ञानता र पछौटेपन हटाउन विशेष कार्यक्रम चलाउने, सामाजिक सुरक्षाको ग्यारेन्टी गर्ने र अपराधी तत्वहरूमाथि कडा संजायको व्यवस्था गर्ने, राजनीतिक, आर्थिक र सामाजिक जीवनका हरेक क्षेत्रमा महिलाहरूको सक्रिय सहभागितालाई बढाउँदै लैजाने र महिलामाथि भइरहेका सबै प्रकारका शोषण, उत्पीडन, अपहरण, बेचविखन तथा सामाजिक कुप्रथाको अन्त्य गर्ने, सामाजिक कुरीति, अन्धविश्वास, रूढीगत धारणाहरूलाई सामाजिक-सांस्कृतिक सुधार आन्दोलन चलाई हटाउँदै जाने, जातपात र छुवाछूत प्रथाको प्रभावकारी रूपमा अन्त्य गर्ने र असहाय भएका बृद्ध-बृद्धा तथा अपांग र अनाथ बालबालिकाको संरक्षण राज्यले गर्ने, कुनै जाति, भाषा वा क्षेत्रका जनसमुदायलाई सेनामा प्रवेश गर्न रोक लगाइएको वर्तमान परिपाटीको अन्त्य गरेर सबै नेपालीलाई सेनामा प्रवेशको द्वार खुल्ला गरी योग्यता, इमान्दारिता र क्षमताको आधारमा नियुक्ति र पदोन्नतिको व्यवस्था गर्ने, प्राथमिक तहसम्म अभिभावक एवं विद्यार्थीको रूचि र छनोटअनुसार मातृभाषा वा प्रचलित भाषामा शिक्षा आर्जनको व्यवस्था मिलाउने, सामन्ती तथा साम्राज्यवादी साहित्य सँस्कृतिको कुप्रभाव अन्त्य गरी सामाजिक कुरीति र अन्धविश्वासहरू समाप्त पारेर प्रगतिशील, राष्ट्रिय एवं जनवादी साहित्य संस्कृतिको विकास गर्ने, स्थानीय तहमै योजना तर्जुमा गर्दै स्थानीय, क्षेत्रीय र राष्ट्रिय प्राथमिकताको आधारमा विकास-निर्माणको काम अघि बढाउने, जसबाट बढ्दो बर्गीय असमानता, बसाई-सराईको समस्या, शहर-गाउँबीचको बढ्दो दूरी र केही सीमित क्षेत्रमा मात्र सुविधा र विकास केन्द्रित गर्ने प्रवृत्तिको अन्त्य गर्ने नीति अवलम्बन गर्ने स्पष्ट उल्लेख छ ।

नेपाल अधिराज्यको संविधान-२०४७ जारी हुँदा त्यसमा नेकपा (एमाले)का तत्कालीन महासचिव जननेता मदनकुमार भण्डारीले आलोचनाका सत्ताइस बुँदा प्रस्तुत गर्नुभएको थियो । संविधानमा उल्लेख भएको 'हिन्दु अधिराज्य' भन्ने व्यवस्था हटाउनुपर्ने, नेपाली भाषालाई 'राष्ट्रभाषा' र देशका सबै मातृभाषाहरूलाई 'राष्ट्रिय भाषा' लेखेको हुनाले पक्षपात गर्न खोजिएको भ्रम उत्पन्न भएकाले सबै भाषालाई समान ढंगले सम्मान गर्नको निम्ति एउटै मात्र शब्दको प्रयोग गर्ने र नेपाली भाषालाई राजकीय वा सरकारी कामकाजको भाषामात्र मान्ने, आमूल परिवर्तनकारी भूमिसुधार र अरू आर्थिक सुधारका कार्यक्रमहरू संचालन गर्ने, हदबन्दी निश्चित गर्ने र हदबन्दी भन्दा बढी जग्गालाई कानून बनाएर अधिग्रहण गर्ने संवैधानिक व्यवस्था हुनुपर्ने आवश्यकता सत्ताइस बुँदामा प्रष्ट औंल्याइएको थियो ।

नेकपा (एमाले)द्वारा अघि सारिएको अग्रगामी निकासका लागि राष्ट्रिय सहमतिको प्रस्तावमा-"राष्ट्रियसभाको पुनःसंरचना गर्दै यसलाई जनजाति, दलित, महिला तथा राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तिहरूसमेत समाविष्ट सदन बनाउने, राज्यलाई धर्मनिरपेक्ष घोषणा गरेर धर्म, भाषा र सँस्कृतिको क्षेत्रमा विद्यमान भेदभावहरू हटाउने, स्थानीय निकायको प्रशासनिक ढाँचाको पुनःसंरचना गरी विकेन्द्रीकरणको भावनाअनुरूप स्थानीय निकायलाई स्थानीय सरकारको रूपमा स्थापित गर्ने, मुलुकको विद्यमान राजनीतिक, प्रशासनिक ढाँचालाई सामाजिक र साँस्कृतिक विविधता एवं भौगोलिक यथार्थता र आर्थिक अवस्थाअनुरूप पुनःसंरचना गर्ने, प्रतिनिधिसभामा महिला सहभागिता क्रमशः बृद्धि गरी ३३ प्रतिशतको लक्ष्यअनुरूप प्रत्येक राजनीतिक पार्टीले उम्मेद्वार उठाउने व्यवस्था गर्ने, छुवाछूतलाई अक्षम्य र कडा दण्डनीय अपराधको रूपमा लिएर अन्त्य गर्ने, सबै जाति र जनजातिका नेपालीलाई बिना भेदभाव समान अवसर र सबै क्षेत्रमा समान पहुँचको नीति लिने, तराईवासीहरूप्रति रहेका सबै विभेदहरू समाप्त पार्ने एवं तराई क्षेत्रको द्रुततर विकासका लागि पूर्व-पश्चिम रेलवेमार्ग र हुलाकीमार्गको निर्माणलाई उच्च महत्व दिने, समानुपातिक विकासको अवधारणालाई आत्मसात् गर्दै दुर्गम क्षेत्रको विकासका लागि विशेष कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने, राष्ट्रिय सहमतिका आधारमा एउटा आधार वर्ष तय गरी तराईमा विद्यमान नागरिकता समस्याको समाधान गर्ने, सबै प्रकारका सामन्ती शोषण उन्मूलन गर्ने, क्रान्तिकारी भूमिसुधारको कार्यक्रम लागू गरी भूमिहीन, कमैया र सुकुम्वासीहरूलाई जग्गा उपलब्ध गराउने तथा कृषिक्षेत्रको विकासलाई उच्च प्राथमिकता दिएर अल्पकालीन, मध्यकालीन र दीर्घकालीन विकासको कार्यक्रम लागू गर्ने, भ्रष्टाचारको प्रभावकारी नियन्त्रण गरी कसैलाई पनि उन्मुक्ति नदिने र समाजमा पिछडिएका, उपेक्षित एवं गरिबीको रेखामुनि रहेका जनताका लागि सामाजिक सुरक्षाको विशेष कार्यक्रम लागू गर्ने ठोस प्रतिबद्धता अघि सारिएको छ ।

नेकपा (एमाले)को जाति, भाषा, धर्म र सँस्कृतिसम्बन्धी नीतिमा अहिलेसम्म विभिन्न जाति वा जनजाति र भाषाभाषीको सही ढंगको जनगणना हुन नसकेकाले विभिन्न जाति वा जनजातिका प्रतिनिधिहरूसमेत रहेको राष्ट्रिय जनगणना आयोग गठन गरी आगामी राष्ट्रिय जनगणनाको आयोजना गर्ने र सबै जाति वा जनजाति, भाषा, भाषी र धर्मावलम्बीहरूको यथार्थ तथ्यांक जनसमक्ष ल्याउने, मुलुकको राष्ट्रिय विधायिकाका दुई सदनमध्ये माथिल्लो सदनलाई विभिन्न जाति वा जनजातिका साथै महिला, विभिन्न उपेक्षित वा उत्पीडित समुदाय र पिछडिएका क्षेत्रका ख्यातिप्राप्त व्यक्तिहरूसमेतको समुचित प्रतिनिधित्व हुनेगरी पुनः संरचना गर्ने, जाति, भाषा, धर्म र सँस्कृतिसम्बन्धी नीति र कार्यक्रमहरूलाई लागू गर्ने उद्देश्यका निम्ति एउटा अलग मन्त्रालयको स्थापना गर्ने, देशका सबै जाति वा जनजातिहरूको सामाजिक, आर्थिक, साँस्कृतिक र प्राज्ञिक विकासका

निम्ति एउटा राष्ट्रिय जनजाति प्रतिष्ठानको स्थापना गर्ने, एउटा विश्वविद्यालयको स्थापना गरी उच्चशिक्षाका निम्ति छात्रवृत्तिको व्यवस्था गर्ने र महत्वपूर्ण ऐतिहासिक, सामाजिक र सांस्कृतिक वस्तुहरूको संरक्षण, सम्वर्द्धन गर्न एउटा आधुनिक जातीय संग्रहालयको स्थापना गर्ने, मुलुकमा कुनै पनि जाति विशेषको बहुसंख्या नरहेको, देशका सबैजसो भाग बहुजातीय बन्दै गएको तर पनि खास खास ठाउँमा विभिन्न जाति वा जनजातिका जनतालाई स्थानीय निकायहरूमा न्यायोचित प्रतिनिधित्व गराउने वैधानिक व्यवस्थाका साथै स्वशासनको मान्यताअनुरूप स्वायत्तताको अधिकार प्रदान गर्ने कुरा अघि सारिएको छ ।

नेकपा (एमाले)लगायत प्रतिगमनविरूद्ध आन्दोलनरत पाँच पार्टीले अघि सारेको अग्रगामी सुधारसम्बन्धी दृष्टिकोण र कार्यक्रममा सामाजिक रूपान्तरणका केही बुँदाहरूसमेत समेटिएका छन् । जसमा नेकपा (एमाले)द्वारा विगतमा पटक-पटक अघि सारिएका, खासगरी आलोचनाका सत्ताइस बुँदा, सुधारका २२ बुँदा र अग्रगामी निकासका ३५ बुँदामा उल्लेखित कार्यक्रमहरूको प्रतिबिम्ब र निरन्तरता देखिन्छ । पाँच पार्टीको अग्रगामी सुधारसम्बन्धी १८ बुँदे कार्यक्रममा वर्तमान राष्ट्रिय गानको सट्टामा राष्ट्रिय स्वाभिमान, एकता र देशप्रेमको भावनालाई प्रतिविम्बित गर्ने नयाँ राष्ट्रिय गानको व्यवस्था गर्ने, राष्ट्रियसभाको पुनः संरचना गर्दै यसलाई जाति, जनजाति, दलित, महिला तथा राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तिहरू समाविष्ट सदन बनाउने, केन्द्रीकरणले गर्दा उत्पन्न समस्याको समाधानका लागि आवश्यकता र औचित्यताको आधारमा शासन प्रणालीमा सुधार गर्दै विकेन्द्रीकरण र स्वायत्तताको भावनाअनुरूप स्थानीय निकायलाई साधन, स्रोत र अधिकार सम्पन्न बनाउने गरी संवैधानिक व्यवस्था गर्ने, नागरिकता समस्यालाई संवैधानिकलगायत सम्भव सबै उपाय अपनाउँदै राष्ट्रिय सहमतिअनुरूप एउटा आधार वर्ष तय गरी समाधान गर्ने, महिलाविरूद्धका आर्थिक, सामाजिक, राजनीतिक र कानुनीलगायत सबैखाले विभेदहरूलाई समाप्त गरी महिला विकास, समानता र अवसरको सिर्जनाको लागि विशेष कानुन र विशेष कार्यक्रमको निर्माण गरी कार्यान्वयन गर्ने, प्रतिनिधिसभाको निर्वाचनमा राजनीतिक दलले दिने महिला उम्मेदवारीको संख्या र स्थानीय निकायमा महिलाहरूको प्रतिनिधित्वलाई क्रमशः बढाउँदै ३३ प्रतिशत पुऱ्याउने भनिएको छ, यस्तै, राज्यले कुनै पनि धर्मलाई विशेष संरक्षण प्रदान नगर्ने, धर्म, भाषा र सँस्कृतिको क्षेत्रमा रहेका सबै खाले भेदभावलाई समाप्त गर्ने, सबै जाति, जनजातिका धर्म, भाषा र सँस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासको लागि विशेष नीति अवलम्बन गर्ने, सबै जातिका नेपालीलाई बिनाभेदभाव समान अवसर र सबै क्षेत्रमा समान पहुँचको नीति अवलम्बन गर्दै पिछडिएका वर्ग, समुदाय र क्षेत्रको आर्थिक सामाजिक उत्थानको लागि विशेष कानुन तथा कार्यक्रमको निर्माण गरी लागू गर्ने, यसक्रममा अति पिछडिएका जाति, जनजातिको उत्थानको लागि विशेष ध्यान दिने, दलित-उत्पीडितहरूको उत्थानको लागि विशेष व्यवस्था गर्ने, छुवाछूतलाई अक्षम्य र कडा दण्डनीय अपराधको रूपमा लिंदै त्यसलाई प्रभावकारी ढंगले नियन्त्रण गर्न कानून निर्माण गरी लागू गर्ने, जाति, क्षेत्र, समुदाय, भाषा, सँस्कृति र धर्मको आधारमा हुने सम्पूर्ण विभेदहरूलाई अन्त गर्ने, कर्णालीलगायत दुर्गम क्षेत्रको विकासका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गरिबीको रेखामुनी रहेका जनताको पहिचान गर्दै तिनको उत्थानका लागि योजनाबद्धरूपमा विशेष कार्यक्रम संचालन गर्ने, बेरोजगारी समस्या समाधानको लागि विशेष कार्यक्रम लागू गर्ने, जग्गाबिहीनको लागि उपयुक्त व्यवस्था गर्ने, कमैया, औद्योगिक तथा कृषि मजदुर, भूमिहीन किसान र हरूवा-चरूवाको आर्थिक-सामाजिक उत्थानको ठोस कार्यक्रम लागू गर्ने र भ्रष्टाचारको प्रभावकारी नियन्त्रण गर्ने, यसमा कसैलाई उन्मुक्ति नदिने र भ्रष्टाचार नियन्त्रण सम्बन्धी संवैधानिक तथा कानूनी संयन्त्रलाई अझ सशक्त, प्रभावकारी र क्रियाशील बनाउने' साझा सहमति जाहेर गरिएको छ । यसरी नेकपा (एमाले) समेतका पााच पार्टीले सामाजिक रूपान्तरणको मान्यतामा जोड दिएका छन् । तिनीहरूका उल्लेखित एजेन्डाहरूले मुलुकका सामाजिक अन्तर्विरोधहरूलाई वस्तुनिष्टरूपमा सम्बोधन गरेका छन् । प्रजातान्त्रिक विधि, प्रक्रिया र मान्यताबाट कुनै पनि रूपले टाढा हुनेवित्तिकै निरंकुशतन्त्र र सर्वसत्तावादी प्रवृत्तिलाई फाइदा उठाउने मौका मिल्छ । तसर्थ, नेकपा (एमाले)ले ठोस परिस्थितिको सही र बस्तुपरक मूल्यांकन र विश्लेषण गरी सामाजिक समस्याको समाधान र सामाजिक रूपान्तरणका सन्तुलित एजेन्डा अघि सारेको छ । चालु जनआन्दोलनको क्रममा पााच पार्टीको साझा कार्यक्रममा समेत प्रतिविम्बित भएर प्रस्तुत एजेन्डाले एक हदसम्म राष्ट्रिय सहमतिको आधार पनि प्राप्त गरेको मान्न सकिन्छ ।

तर सामन्ती प्रतिगामी शासकहरू मुलुकमा विद्यमान सामाजिक अन्तरविरोधको समाधान गर्न चाहादैनन् । उनीहरूले विद्यमान अन्तरविरोधलाई उपयोग गर्दै 'फुटाउ र शासन गर'को नीति अख्तियार गरेर आफ्नो लुटतन्त्र र जनविरोधी शासनलाई लम्ब्याउने प्रयास गरिरहेका छन् । जनतालाई एक आपसमा भिडाएर सामन्ती सत्तास्वार्थ सिद्ध गर्न तिनीहरूले विभिन्न खाले जातिवादी संगठनहरू बनाउने र त्यस्ता संगठन बनाउन अप्रत्यक्षरूपले प्रोत्साहन गर्ने काम गरिरहेका छन् । कतिपय अरू अतिवादी वामपन्थी समूहले सामन्ती शासकहरूकै शैलीमा धकेल्ने कोसिस गरिरहेका छन् । सच्चा मार्क्सवादीले वर्गको आधारमा राज्यसत्ता खडा गरेर त्यसको संचालन वर्गीय हितका निम्ति नै गर्नुपर्दछ । सच्चा प्रजातन्त्रवादीले जनताको समान पहाचको आधारमा राज्यको संरचना र संचालनमा जोड दिनुपर्छ ।

# रूकुमको कम्युनिष्ट आन्दोलन

' ठगेन्द्रप्रकाश पुरी

रुकुमको भलाक्चा गाविसमा जन्मेका कामी बुढाले भारतमा अध्ययन गरेर एस.एल.सी. (म्याट्रीकुलेशन) पास गरेका थिए । कामको खोजीमा भारतको कलकत्ता शहरमा पुगेका कामी बुढाले भारतीय मजदुर तथा कम्युनिष्ट आन्दोलनमा सहभागी भएर र आफ्नै स्वअध्ययनबाट कम्युनिष्ट विचार सम्बन्धी ज्ञान आर्जन गरे । आफूले प्राप्त गरेको अनुभवलाई आफ्नै ठाउँमा प्रयोग गर्ने उद्देश्यले आफ्ना प्रवासी मित्रहरूसहित उनी आफ्नो गाउँ फर्केर कम्युनिष्ट विचारको प्रचार प्रसारमा जुटे । २००९ सालमा आफ्नै अगुवाईमा उनले ग्रामीण वर्गसंघर्षको शुरूवात गरे । त्यसको निशाना स्थानीय जालीफटाहा र प्रशासकहरू बने । सशस्त्र ढंगले संचालित यस वर्गसंघर्षलाई हजारौं जनताले साथ दिएका थिए । कम्युनिष्ट विचारबाट प्रेरित यो सशस्त्र संघर्ष रूकुमका आसपासका जिल्लामा समेत प्रचारित भएको थियो । नेपालको इतिहासमा कम्युनिष्ट विचारबाट प्रेरित यो पहिलो सशस्त्र संघर्ष हो । तत्कालीन शासकहरूले शान्तिसुरक्षामा खलल पारेको आरोप लगाई कामी बुढाको नाममा वारेन्ट जारी गरेपछि उनी भूमिगत भए । भूमिगतरूपमा काम गरिरहेकै बेला उनलाई सहयोगीहरूका साथ २०१० सालमा बाग्लुङको दक्षिण-पश्चिम भेकमा सरकारले गिरफ्तार गर्‍यो । चरम यातना दिई जेल सार्ने निहुँमा उनलाई जुम्लाको चौभान भन्ने ठाउँमा हातखुट्टा काटेर हत्या गरियो ।

**पार्टीको पुनर्गठन**

कामी  बुढाको नेतृत्वमा संगठित र संचालित सशस्त्र ग्रामीण वर्गसंघर्ष उनको हत्यापछि सुचारू ढंगले अगाडि बढ्न सकेन । जनताको बीचमा रोपिएको विद्रोह केही समयसम्म असंगठित ढंगले छरपष्ट भयो । दाङको रझेना घर भएका बासुदेव गौतम २०२१ सालतिर मुसीकोट खलंगा हाइस्कूलमा पढाउन पुगे । वामपन्थी विचार भएका बासुदेवले कम्युनिष्ट पार्टीलाई संगठितरूपमा अगाडि बढाउने प्रयत्न गरे । र, खलंगा सेरीगाउँका स्कन्द गौतम, भलाक्चाका श्रीकुमार पुन र चौखावाङका खड्गबहदुर बुढाको सहयोगमा जिल्लास्तरीय कमिटी २०२२ सालमा गठन गर्न बासुदेव सफल भए । २०२५ सालमा रूघाका ताराप्रसाद घर्ती मगरसमेत रहेको कमिटी गठन भयो । उक्त कमिटीले शिक्षक र विद्यार्थीहरूका बीचमा विचारको प्रवाह गर्ने काम गर्‍यो ।

**कम्युनिष्ट पार्टीको विभाजन र रूकुममा यसको प्रभाव एवं विकास**

नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशनपछि शुरू भएको फुटको प्रभाव क्रमशः देशभरी फैलियो । व्यापक उत्साहसाथ लागेका तमाम कार्यकर्ताहरू शिथिल बने । २०२८ सालमा मोहनविक्रम सिंह जेलबाट छुटेपछि गठित केन्द्रीय न्यूक्लियसको प्रभाव पहिले कामी बुढाद्वारा संचालित आन्दोलनको भावमा क्रियाशील कमिटीलाई पर्‍यो । स्कन्द गौतम, ताराप्रसाद घर्तीमगर, श्रीकुमार पुनलगायतका वामपन्थीहरू केन्द्रीय न्यूक्लियसको निर्देशनमा क्रियाशील भए । उता २०२७ साल वैशाख १ गते शिक्षक वीरबहादुर रायमाझीको पहलमा रूकुमकोटमा पुष्पलाल समूहको सेल कमिटी गठन भयो । अध्यक्ष नन्दलाल शर्मा र सचिव भक्तबहादुर के.सी. रहनुभएको उक्त कमिटीको शिक्षक टीकाराम रिजालको सल्लाहबमोजिम २०२९ सालमा पुनर्गठन भयो । २०३० साल वैशाख ३ गते रूकुम जिल्लाको सदरमुकाम रूकुमकोटबाट मुसीकोट सर्‍यो ।

रूकुमकोट र पूर्वी भेगका जनता यसको विरोधमा उभिए । सदरमुकाम फिर्ता गराउन संचालित यस आन्दोलनलाई दबाउन शासकहरू क्रुर दमनमा उत्रिए । प्रहरीको गोलीबाट आन्दोलनकारी शोभा गाविसका मनवीर थापाको हत्या भयो । नेकपा (पुष्पलाल समूह)का सचिव भक्तबहादुर के.सी. गोली लागेर घाइते हुनुभयो । २०३० सालमै यस समूहको जिल्लास्तरीय संगठन कमिटी प्यूठानको लुङमा वीरबहादुर सिंह र खेमराज पण्डितको उपस्थितिमा गठन गरियो । यो कमिटीका सचिव नन्दलाल शर्मा रहनुभयो । पार्टी कामलाई व्यवस्थित बनाउन २०३१ साल वैशाख ५ गते यो कमिटी पुनर्गठन भयो । यसमा अध्यक्ष भक्तबहादुर के.सी. रहनुभयो । यो कमिटीको सक्रियतामा पञ्चायती व्यवस्थाका विरूद्ध पर्चा टाँस्ने र भित्तेलेखन गर्ने कामहरू गरिए । यसको भेद स्थानीय प्रशासनले पाएको हुनाले कमिटीका सबै पदाधिकारीहरू विभिन्न मितिमा पक्राउ परे । नन्दलाल शर्मा, भक्तबहादुर के.सी., चुडामणि गौतम, मोहन बुढा, चेतराम उपाध्याय, हरिकृष्ण गौतम, केशव शाह, अमृत नेपाली, डम्बर गौतम, टीकाराम उपाध्याय, नन्दबहादुर शाह, भुवनेश्वर गौतम, शान्तबहादुर बुढा, टोपबहादुर मल्ल राजकाज अपराध तथा संघसंस्थासम्बन्धी ऐनअन्तर्गतका मुद्दामा डेढ देखि अढाई वर्षसम्म सल्यान र दाङ घोराही जेलमा बस्नुभयो । जेलबाट छुटेर आएपछि यसको पोखरामा सेल कमिटी गठन गर्ने काम नन्दलाल शर्माले गर्नुभयो । २०३६ सालतिर उच्चशिक्षा अध्ययनका लागि पाल्पा गएका पोखरा-९ निवासी हस्तबहादुर के.सी. नेकपा (माले)को नजिक हुनुभयो ।

उहाँले पोखराका बलबहादुर के.सी.को नेतृत्वमा नेकपा (माले) गाउँ पार्टी सक्रिय दल गठन गर्नुभयो । यही समयमा पोखरा पृथ्वीनारायण क्याम्पसमा अध्ययन गर्ने बाँफीकोटका वीरभान पुरी, नेपालगञ्ज महेन्द्र बहुमुखी क्याम्पसमा अध्ययन गर्ने घेत्माका चिन्ताराम शर्मा, बाँफीकोटका हंसराज पुरी पनि नेकपा (माले) नजिक रही क्रियाशील रहनुभयो । आठविसकोटका लङ्कबहादुर के.सी. पनि वामपन्थी विचार बोकी क्रियाशील हुनुभयो । २०४२ सालमा दाङ भरतपुर क्याम्पसमा अध्ययन गर्ने खेममान खड्का, पंचबहादुर के.सी., दामोदर पौडेल, नेपालगञ्जमा अध्ययन गर्ने बमबहादुर खड्का, पाल्पामा अध्ययन गर्ने चिन्तामणि दाहाल, काठमाडौंमा अध्ययन गर्ने विवेक गौतम, वीरेन्द्र शाही र विवेक पौडेल पनि नेकपा (माले)को नजिक रही क्रियाशील हुनुभएको थियो ।

भारतबाट उच्चशिक्षा हासिल गरेका काँडा निवासी शिक्षक तीर्थबहादुर बुढाले पनि वामपन्थी विचारको प्रचार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । २०४७ साल जेठ १९ गते नेकपा (माले)का केन्द्रीय वैकल्पिक सदस्य  गोपाल शाक्यको उपस्थितिमा नेकपा (माले) जिल्ला सक्रिय दल गठन भयो । नेकपा (पुष्पलाल) समूह पनि यही मितिदेखि नेकपा (माले)मा समाहित भयो । जसका सचिव हस्तबहादुर के.सी. र उपसचिव भक्तबहादुर के.सी. हुनुभयो । २०४७ साल फागुन २ गते नेकपा (एमाले)का केन्द्रीय सदस्य युवराज ज्ञवालीको उपस्थितिमा केन्द्रमा नेकपा (माले) र नेकपा (मार्क्सवादी)बीच एकीकरण भएबमोजिम जिल्ला कमिटीलाई पनि नेकपा (एमाले)मा रूपान्तरण गरियो । २०४८ साल चैत १५ र १६ गते चौरजहारीमा नेकपा (एमाले) रूकुमको प्रथम जिल्ला अधिवेशन पार्टीका केन्द्रीय नेता युवराज ज्ञवालीको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

यस अधिवेशनबाट १५ सदस्यीय जिल्ला कमिटीको गठन भयो । जसको सचिव क. हस्तबहादुर के.सी. र उपसचिव नन्दलाल शर्मा हुनुभयो । २०५० साल फागुन ११ गते दोस्रो जिल्ला अधिवेशन आयोजक कमिटी गठन गरियो । यस कमिटीको सचिव हस्तबहादुर के.सी. र उपसचिव शेरबहादुर के.सी. हुनुभयो । २०५२ साल मंसिर महिनामा नेकपा (एमाले)का महासचिव माधवकुमार नेपालको समुपस्थितिमा सदरमुकाम मुसीकोट खलंगामा विशाल जनसभा सम्पन्न भयो ।

यसै कार्यक्रममा पुराना वामपन्थी नेताहरू यदु गौतम र ताराप्रसाद घर्ती मगर नेकपा (एमाले)मा प्रवेश गर्नुभयो । दोस्रो जिल्ला अधिवेशन भव्यतापूर्वक सफल बनाउन आयोजक कमिटीलाई विस्तार गरियो । २०५२ साल चैत ३० गते र २०५३ साल वैशाख १ गते सदरमुकाम मुसीकोट खलंगामा पार्टी स्थायी कमिटी सदस्य खड्गप्रसाद ओली, महिला नेतृ विद्यादेवी भण्डारीको समुपस्थितिमा दोस्रो जिल्ला अधिवेशन सम्पन्न भयो । यस अधिवेशनबाट गठित जिल्ला कमिटीको सचिव हस्तबहादुर के.सी. र उपसचिव यदुकुमार गौतम हुनुभयो । २०५४ साल माघ १२-१८ गतेसम्म नेपालगञ्जमा सम्पन्न नेकपा (एमाले)को छैटौं महाधिवेशनपछि पार्टीमा विभाजन आयो ।

यसको प्रभाव रूकुममा पनि पर्‍यो । जिल्ला कमिटी सचिव हस्तबहादुर के.सी. र सदस्य विद्यापति रिजाल प्रगतिशील सुधारको पक्षमा र उपसचिव यदु गौतमलगायत अन्य सबै शक्तिसञ्चयको पक्षमा उभिए । नेकपा (एमाले)बाट अलग भई नेकपा (माले) गठन भएपछि नेकपा (एमाले)को सचिव यदु गौतम र उपसचिव खेममान खड्का हुनुभयो भने नेकपा (माले)को सचिव हस्तबहादुर के.सी र उपसचिव विद्यापति रिजाल हुनुभयो । २०५५ साल फागुन २१ गते माओवादीले यदु गौतमको हत्या गरेपछि नेकपा (एमाले)को जिल्ला सचिव शेरबहादुर के.सी. हुनुभयो । २०५६ साल माघ ६ गते मुसीकोट खलंगामा पार्टी स्थायी कमिटी सदस्य प्रदीप नेपाल र केन्द्रीय सदस्य शंकर पोखरेलको समुपस्थितिमा तेस्रो जिल्ला अधिवेशन सम्पन्न भयो ।

२०६० साल वैशाख २० र २१ गते पार्टी स्थायी कमिटी सदस्य इश्वर पोखरेल र केन्द्रीय कमिटी वैकल्पिक सदस्य प्रकाश ज्वालाको समुपस्थितिमा चौथो जिल्ला अधिवेशन सम्पन्न भयो । यी दुवै अधिवेशनबाट गठित जि.क.को सचिव र उपसचिव क्रमशः शेरबहादुर के.सी. र नन्दलाल शर्मा हुनुभयो । २०५८ फागुन महिनामा सम्पन्न नेकपा (एमाले) र नेकपा (माले)को एकतापछि २०५९ वैशाखमा केन्द्रीय निर्देशनअनुसार रूकुममा पनि एकता प्रक्रिया सम्पन्न भयो ।

उता केन्द्रीय न्यूक्लियसको निर्देशनमा क्रियाशील रहेको जिल्ला पार्टी २०३१ सालमा मोहनविक्रम सिंहको नेतृत्वमा केन्द्रीय न्यूक्लियसद्वारा आयोजित चौथो महाधिवेशनमा सहभागी भयो । नेकपा (चौ.म.) द्वारा निर्देशित यस पार्टीले जिल्लामा विभिन्न समयमा भएका शिक्षक आन्दोलनहरूमा सक्रिय भूमिका खेलेको पाइन्छ । २०४० सालमा नेकपा (चौ.म.)द्वारा आयोजित राष्ट्रिय सम्मेलनबाट पार्टी विभाजित भएपछि बनेको नेकपा (मसाल)मा रूकुमको कमिटी आवद्ध भयो । २०४२ सालमा नेकपा (मसाल)द्वारा आयोजित पार्टीको पाँचौं महाधिवेशनमा फूट भई नेकपा (मशाल) र नेकपा (मसाल) बनेपछि रूकुमको बहुमत पक्ष नेकपा (मशाल) मै आबद्ध भइराख्यो । २०४६ सालको जनआन्दोलनमा यस पार्टीका विद्यार्थीहरूले पञ्चायती व्यवस्थाका विरूद्ध पर्चा छर्ने र भित्तेलेखन कार्य तीव्ररूपमा संचालन गरे । २०४७ सालमा नेकपा (मशाल), नेकपा (चौ.म.) र सर्वहारावादी श्रमिक संगठनबीच एकता सम्पन्न भएपछि नेकपा (एकता केन्द्र) बन्यो । खुल्ला मोर्चा, संयुक्त जनमोर्चा नेपालको नामबाट यो समूहले रूकुममा २०४८ सालको आमनिर्वाचन लड्यो । २०५१ सालमा निर्मल लामाहरूलाई केन्द्रमा निश्कासन गरी नेकपा (माओवादी)को गठन गरेपछि रूकुमको कमिटी पनि यसै पार्टीको निर्देशनमा संचालित भयो । विगत आठ वर्षदेखि यो पार्टीले रूकुमको हिंसात्मक संघर्ष गरिरहेको छ । २०४२ सालमा गठित मोहनविक्रम सिंहको नेतृत्वमा रहेको नेकपा (मसाल)को रूकुममा जिल्लास्तरीय कमिटी रहेको छ । रामप्रकाश पुरीले नेतृत्व गर्नुभएको यो पार्टीको खुला मोर्चा जनमोर्चा नेपाल हो । यस पार्टीका प्रभाव जिल्लाका केही गाविसहरूमा रहेको छ ।

**बलिदानीपूर्ण संघर्षको गाथा**

अर्धसामन्ती तथा अर्धऔपनिवेशिक राज्य व्यवस्था भएको नेपालमा आमूल परिवर्तन गरी सुखी र समृद्ध समाजको निर्माण गर्ने अभियानलाई सफल पार्न रूकुमका कम्युनिष्ट पार्टीका संस्थापक कामी बुढादेखि अहिलेसम्म थुप्रै ज्ञात-अज्ञात शहीदहरूले आफ्नो अमूल्य जीवन बलिदान गरेका छन् । रूकुमेली भूमिमा सामन्ती सत्ताधारीहरूको क्रूर दमन र नेकपा (माओवादी) द्वारा संचालित उग्रवामपन्थी भड्कावको शिकार थुप्रै योद्धाहरू भएका छन् । आफूलाई उन्नत क्रान्तिकारी भन्न रूचाउने नेकपा (माओवादी)को गलत राजनीतिक विश्लेषण र संकीर्ण सोचका कारण थुप्रै कम्युनिष्ट योद्धाहरूको जीवन गुमेको छ ।

माओवादीद्वारा हत्या गरिएका शहीद दलराम खड्का, यदु गौतम, चीनबहादुर रोका, शेरबहादुर खड्का, सक्तबहादुर वि.क. र चुडामणि सुनारको बलिदानले सामन्ती सत्तालाई चुनौती दिंदै बैचारिक स्पष्टताको मार्गलाई फराकिलो बनाइरहेको छ । प्रहरीले हत्या गरेका तकसेराका अध्यक्ष कृष्णबहादुर बुढाको बलिदानले वर्तमान राज्यसत्ताको नालायकीपनलाई गिज्याइरहेको छ । रूकुमेली जनतामा स्थापित नेता विशेश्वर पोखरेल र इमान्दार कम्युनिष्ट कार्यकर्ताहरू दौलत घर्ती, टोपजङ्ग गहतराजहरूको बलिदानीले नेकपा
(माओवादी)को हिंसालाई यो अवस्थासम्म ल्याइपुर्‍याए तापनि यदि माओवादीहरूले राजनीतिक व्यवहारमा सुधार नल्याउने हो भने यी नेताहरूको बलिदान अर्थहीन बन्न सक्छ । रूकुममा कम्युनिष्ट पार्टीको नामबाट करिब बाह्र सयभन्दा बढी मानिसहरूले रगत बगाइसकेका छन् ।

**अनुमोदित कम्युनिष्ट पार्टी- नेकपा (एमाले)**

रूकुम जिल्लाको कम्युनिष्ट इतिहास जनताको संघर्षको इतिहास हो भन्ने कुराको पुष्टी विभिन्न समयमा जनताले कम्युनिष्ट पार्टी जाहेर गरेको अभिमतबाट हुन्छ । २०४८ सालमा सम्पन्न आमनिर्वाचनमा नेकपा (एमाले)को समर्थन प्राप्त संयुक्त जनमोर्चाका उम्मेदवार खड्गबहादुर बुढाले आफ्ना प्रतिद्वन्दी नेपाली कांग्रेसका उम्मेदवारलाई दश मतको अन्तरमा पराजित गरेका थिए । २०५५ सालमा सम्पन्न जिल्ला विकास समितिको निर्वाचनमा विरोधीको संयुक्त मोर्चालाई पराजित गर्दै नेकपा (एमाले) विजयी भयो । नेकपा (एमाले)को तर्फबाट सभापति खेममान खड्का, उपसभापति ठगेन्द्रप्रकाश पुरी र सदस्यहरूमा केशव शाह, बलबहादुर के.सी., जितलाल कामी, भीउमान घर्ती, ओमप्रकाश राना, जनकप्रसाद शर्मा, हरिप्रसाद शर्मा, दीपाराम उपाध्याय, अनन्त वि.क., धनकुमारी के.सी. विजयी हुनुभयो । २०५६ सालको आमनिर्वाचनमा क्षेत्र नं. २ बाट तीर्था गौतमले सांसद जित्नुभयो । यसरी जनताले विभिन्न पटकको चुनावमा कम्युनिष्ट पार्टीमाथि विश्वास जाहेर गरेका छन् । र, नेकपा (एमाले) जनअनुमोदित कम्युनिष्ट पार्टीका रुपमा स्थापित भएको छ ।

**इतिहासले दिएको शिक्षा**

रूकुम जिल्ला राजनीतिक विचारहरूको कार्यान्वयन गर्ने व्यवहारिक थलोको रूपमा परिचित छ भन्दा अत्युक्ति नहोला । नेपालको इतिहासमा कम्युनिष्ट विचारबाट प्रेरित भएर सशस्त्र संघर्षको पहिलो उद्घोष रूकुमका कामी बुढाले गरेका थिए । समाजको चेतनास्तर र व्यापक संगठनको अभावमा उनको कदमले सफलता पाउन सकेन । आपसी फूट र विभाजनले लामो समय त्यत्तिकै खेर गयो । कम्युनिष्ट पार्टीको नीतिअनुसार जनतालाई गोलबन्द गरेर जनसेवा गर्ने अवसर हुँदाहुँदै हतियार उठाएको हुनाले पुरानो जनाधार पनि माओवादीले गुमाउँदै गइरहेको छ । व्यवहारिक प्रयोगले सिद्ध गरेका कुराहरूलाई आत्मसात गरेकै कारण दुई बन्दुकका बीचमा पनि नेकपा (एमाले)ले जनाकर्षण बढाउन सफल भइरहेको छ । नजितिने लडाइँ जतिसुकै इमान्दार भएर गरिएको भए पनि सफल हुन सक्दैन ।

हाँसीहाँसी जीवन अर्पण गर्ने माओवादीका कार्यकर्ताहरूको साहसलाई सम्मान गर्न सकिन्छ तर आफूभन्दा फरक मत राख्नेलाई “सफाया” गर्ने माओवादीको असहिष्णुता र निर्दोष मानिसलाई सुराकीको आरोप लगाएर गला रेट्ने उनीहरुको कुकर्मले गर्दा माओवादीप्रति जनताको विश्वास देखिँदैन । तैपनि गणतन्त्र नल्याई सशस्त्र संघर्ष नरोक्ने आह्वानका साथ हिंसामा उत्रेका माओवादीहरू संविधानसभाको माध्यमबाट समस्याको छिनोफानो गर्ने तहसम्म आइपुग्नलाई सकारात्मक मान्नुपर्दछ । सैन्यबलको आडमा सबैलाई पछि लगाउन नेपालमा सम्भव छैन । राज्यलाई जनआन्दोलनको माध्यमबाट जनपक्षीय बनाउँदै विकास गर्नुपर्दछ । जनभावनामा आधारित कुराहरूले मात्र जनसेवा गर्ने अवसर प्राप्त गर्दछन् । यो शिक्षा रूकुमेली कम्युनिष्ट आन्दोलनबाट लिन जरूरी छ ।

# संवैधानिक राजतन्त्रको भ्रम र जनवादी गणतन्त्रको लक्ष्य

## ' सूर्य थापा

२०१७ साल पुस १ गतेको सैनिक आंतक मच्चाउँदा राजा महेन्द्रको तर्क थियो-‘संसदीय व्यवस्था विदेशीको नक्कल भएको हुनाले देशमा अफापसिद्ध भयो र विघटन गरियो ।’ उनले जनतालाई आकर्षित गर्न यो पनि भनेका थिए-‘अरूले एक शताब्दीमा गरेको उन्नति हामीले एक दशकभित्र गर्नुपरेको छ ।’

संसद विघटन भएको एक्काइस दिनपछि राजा महेन्द्रले नेपालका सम्पूर्ण पार्टीहरूमाथि प्रतिबन्ध लगाए । त्यस काण्डप्रति सबभन्दा उन्नत चेतनाले युक्त भनिने कम्युनिष्ट पार्टीभित्र कुनै भ्रम नहुनुपर्दथ्यो । अझ त्यसमा विवाद र आन्तरिक मनोमालिन्य गर्ने हुँदैनथ्यो । तर पार्टीको मूल नेतृत्वमा रहेका डा. केशरजंग रायमाझी र उनको बहमुत मण्डलीले राजाको कदमलाई ‘प्रगतिशील’ कदम बताएपछि पार्टीभित्र विवाद चर्किन पुग्यो । २०१७ फागुनमा भारतको दरभंगामा भएको पार्टीको विस्तारित बैठक राजाको कदमलाई हेर्ने र निष्कर्षमा पुग्ने विषयमा चर्किएको विवादका कारण एक महिना लम्बियो । उक्त बैठकमा डा. रायमाझीले संसदीय व्यवस्थाको स्थापनाको मत, पुष्पलालले विघटित संसदको पुनर्स्थापनाको मत र मोहनविक्रम सिंहले-संविधानसभाको चुनाव हुनुपर्ने मतको नेतृत्व गर्नुभयो । उल्लेखित प्रस्तावहरूमा मतदान हुँदा रायमाझीको पक्षमा १७, पुष्पलालको पक्षमा ६ र मोहनविक्रम सिंहको पक्षमा २८ मत परेका थिए । तर प्लेनमको निर्णय मान्न केन्द्रीय समिति बाध्य छैन भनेर रायमाझी र उनको मण्डलीले दरभंगा प्लेनमको निर्णयलाई पूर्णत: बेवास्ता गरी ‘वैधानिक राजतन्त्र र निर्देशित प्रजातन्त्र’को पुरानै गलत नीतिलाई अघि बढायो । राजाले पार्टीमाथि प्रतिबन्धको घोषणा गरेको त्यस परिस्थितिमा कम्युनिष्ट पार्टीले गरेकै निर्णय भएपनि त्यो पूर्णत: आत्मसमर्पण थियो ।

२०१९ वैशाख (४-१५) सम्म बनारसमा सम्पन्न नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशन डा. रायमाझीको बहुमत रहेको तत्कालीन राजावादी शाही गुटका विरूद्ध क्रान्तिकारी नेता कार्यकर्ताहरूको बिद्रोहको पहल थियो । उक्त महाधिवेशनमा अन्तर जोन सामाञ्जस्य समितिको तर्फबाट सचिव तुलसीलाल अमात्यद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा उल्लेख छ-“२००७ सालको जनक्रान्तिपछि राणाशाहीको १ सय ४ वर्षको ‘फौलादी किल्ला’ ढलेर गयो । सबै शक्ति जनतामा निहीत गराउने कुरा टारेर राजालाई प्रजातन्त्रको संरक्षक भनी सबै शक्ति राजामा निहीत गरियो । तर यो एउटा मीठो कल्पनामात्र सावित भयो । राजाले यसै मौकाको फाइदा उठाई एकपछि अर्को गरी अधिकार खोस्दै गए । २०१५ सालमा चुनाव गराउन जनताले संघर्ष गर्नुपऱ्यो । तर २०१७ साल पुस १ गतेको काण्ड गरी त्यो संसद पनि राजाले भंग गरे । यो हाम्रो राष्ट्रिय जीवनको एउटा ऐतिहासिक कटु अनुभव हो, राजा प्रजातन्त्रको संरक्षक होइनन्, बरू राजाको हातमा शक्ति रहुन्जेल प्रजातन्त्रको कुनै ग्यारेन्टी हुँदैन । राजाको हातमा शक्ति राखी संविधानसभाको कुरा गर्नु, राष्ट्रिय प्रजातन्त्रकै कुरा गर्नु अथवा संसदीय व्यवस्थाकै कुरा गर्नु राजनीतिक मुर्खता मात्र हुनेछ । आजको प्रजातान्त्रिक आन्दोलन चलाउँदा हामीले यो कटु अनुभवलाई बिर्सनु हुँदैन । आजको प्रजातान्त्रिक आन्दोलनको कर्तव्य हिजोका अधिकारहरूको फिर्तामात्र नभई सबै शक्ति जनतामा हस्तान्तरण गराउनु हुन आएको छ ।”

नेपाल कम्युनिष्ट पार्टी जन्मजात गणतन्त्रको पक्षधर हो । संवैधानिक वा बैधानिक राजतन्त्र कम्युनिष्ट पार्टीको उद्देश्य, अडान र निष्ठा केही पनि होइन र नहुनुपर्थ्यो । तर तेस्रो महाधिवेशनबाट पारित ‘राष्ट्रिय प्रजातन्त्र’को कार्यक्रममा पनि भनिएको छ-“कम्युनिष्ट पार्टी आजको ऐतिहासिक आवश्यकतालाई जनसमक्ष राख्दै माग गर्दछ:

(क) राजाबाट सबै शक्ति जनतामा हस्तान्तरण गर, (ख) सर्वशक्ति सम्पन्न सार्वभौम संसदको स्थापना गर ।

सर्वशक्ति सम्पन्न सार्वभौम संसदको माग गणतन्त्रको माग होइन, कम्युनिष्ट पार्टीको यो स्पष्ट मत छ । आजको संघर्ष राजतन्त्र र गणतन्त्रको होइन, आजको संघर्ष राजाबाट शक्ति हस्तान्तरण गरेर जनतामा निहीत गराई देशमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गराउनु हो ।"

राजा महेन्द्रले देशको हावा, पानी र माटो सुहाउँदो भनिकन जबर्जस्त लादेको पञ्चायती व्यवस्थामा देशको प्रशासनयन्त्रमा नारायणहिटीकरण भयो । त्यसले गर्दा प्रशासनयन्त्रमा भय र त्रास छायो । नेकपाले आम देशवासीको नाममा जारी गरेको अपिलमा त्यसबेलाको चित्रण गर्दै भनेको छ-"राजनैतिक क्षेत्रमा माथिदेखि तलसम्म हुकुमशाहीको बोलवाला छ । केन्द्रमा ठाडो हुकुम चल्दछ भने अञ्चलमा अञ्चलाधीशको, जिल्लामा सीडीओको र गाउँमा प्रधानपञ्चको हुकुम चल्छ । अञ्चलाधीशहरूले बाइसे-चौबीसे राजाको र प्रधानपञ्चहरूले भुरे-टाकुरे राजाको रूप धारणा गरेका छन् । राजाद्वारा नेतृत्व गरिएको पंचायती व्यवस्थाले जनतालाई नागरिक र राजनीतिक अधिकारबाट बञ्चित गरी सामन्ती तत्वहरूको स्वार्थ रक्षा गरेको छ । रक्सौल-रसुवा र मेची-महाकालीभित्रका सम्पूर्ण नेपाली जनता निस्सासिएको स्थितिमा पुगेका छन् ।" यहाँ पञ्चायती कालरात्रीको प्रारम्भिक अवस्थाको मात्र चर्चा गरिएको पाइन्छ र थालनीमै त्यसको स्वरूप र चरित्र कति जनविरोधी र निरंकुश थियो भन्ने थाहा हुन्छ ।

भारतको गोरखपुरमा २०२५ जेष्ठमा आयोजित नेपाल कम्युनिष्ट पार्टीको तेस्रो सम्मेलनले पारित गरेको *'नेपाली क्रान्तिको एकमात्र मूलबाटो-नयाँ जनवादी कार्यक्रम'*मा पुष्पलालले प्रष्ट उल्लेख गर्नुभएको छ-'राजा महेन्द्रको नेतृत्वमा माथिदेखि तलसम्म चारतहको पंचायती व्यवस्था कायम गरिएको छ । यो व्यवस्था पैसामा बिकेका भ्रष्ट राजनीतिक व्यक्ति, भूमिपति, जाली-फटाहा, सूदखोर आदि तत्वहरूले भरिएको छ । यस सामन्ती पंचायती व्यवस्थालाई राजाले सामन्ती स्वार्थको निम्ति प्रयोग गरिरहेका छन् । अतः यो पञ्चायती व्यवस्था सामन्त वर्गको बर्गीय अधिनायकत्व हो । तसर्थ, नेपाल कम्युनिष्ट पार्टीले यस सामन्ती बर्गीय सत्तालाई खत्तम गरी देशमा सर्वहारा बर्गको नेतृत्वमा सम्पूर्ण क्रान्तिकारी बर्ग तथा जनसमुदायको संयुक्त अधिनायकत्वको एउटा जनवादी गणतन्त्रीय राज्यसत्ता कायम गर्नेछ । जसले देशमा सामन्ती व्यवस्थालाई समूल नष्ट गर्नेछ । यसको लागि संयुक्त जनवादी क्रान्तिकारी सरकारले देशमा एउटा यस्तो जनवादी गणतन्त्रको अर्थात् जनताको जनवादी अधिनायकत्वको स्थापना गर्नेछ, जसले सामन्तवाद, साम्राज्यवाद तथा विदेशी पूँजीवादविरोधी संघर्षमा सामेल हुने समस्त क्रान्तिकारी वर्ग तथा जनसमुदायको स्वार्थ रक्षा गर्नेछ ।"

एउटै स्थितिमा र एउटै समयमा मुख्य अन्तर्विरोध दुई वा दुईभन्दा धेरै हुन नसक्ने हुनाले उक्त कार्यक्रममा औंल्याइएको छ-"२००७ साल अगाडि राणाशाही र राणाशाही विरोधी जनसमुदायको अन्तर्विरोध मुख्य थियो र राजतन्त्र तथा जनताबीचको अन्तविरोध गौण अर्थात् सामान्य भएर गएको थियो । तर त्यसबेला पनि राजतन्त्रसित सामान्य अन्तर्विरोध थियो, साथै अन्य सामान्य अन्तर्विरोध पनि थिए । २००७ सालको क्रान्तिपछि राजतन्त्र सामन्ती व्यवस्थाको रक्षाको फौजी किल्ला तथा त्यसको पृष्ठपोषकको रूपमा देखापर्दै आयो र २००७ सालपछि यसले झनै तानाशाही रूप लियो । अतः सामन्ती व्यवस्थाको पृष्ठपोषक राजतन्त्र र जनताबीचको अन्तर्विरोधले आज मुख्य अन्तर्विरोधको रूप लिएको छ ।" यस निष्कर्षमा पहिलो महाधिवेशनपछि पार्टीले सोझो वा घुमाउरो रूपमा सम्झौता बेगरको वैधानिक राजतन्त्रको नीति अघि सारेर राजतन्त्रसँग एकपक्षीय रूपमा संघर्षबिराम गरेको इतिहासको कटु अनुभव र पाठ पनि समेटिएको देखिन्छ ।

नेपाली कम्युनिष्ट आन्दोलनमा यस ढंगले प्रष्टतः जनवादी गणतन्त्रको लक्ष्य किटान गरिएको हुनाले सिंगो कम्युनिष्ट आन्दोलनको सन्दर्भमा भन्नुपर्दा विभाजनकारी भूमिका खेलेको भएपनि राजतन्त्रको प्रश्नमा भने पुष्पलालको अगुवाईमा गोरखपुरमा सम्पन्न भएको तेस्रो राष्ट्रिय सम्मेलनले ऐतिहासिक निर्णय गरेको हुँदा विशेष महत्व राख्दछ । यसरी सोझो र सुस्पष्टरूपमा नेपालको कम्युनिष्ट आन्दोलनले त्यसअघि गणतन्त्रको लक्ष्य किटान गरेको देखिन्न । पार्टीको पहिलो घोषणापत्रमा "सामन्ती एकतन्त्रवाद तथा विदेशी आधिपत्यको पूर्ण उन्मूलन र पूर्ण तथा वास्तविक स्वाधिनता" को निम्ति अपिल गरिएको छ । प्रथम महाधिवेशनले 'राज्यका प्रधानलाई कुनै विशेष अधिकार नहोस्, पूरा शक्ति जनताको हातमा सुम्पियोस् । पूरा सार्वभौमिकता जनताबाट चुनिएको पार्लियामेन्टमा रहोस्' भनेको छ । दोस्रो महाधिवेशनमा 'रायमाझीको वैधानिक राजतन्त्र र निर्देशित प्रजातन्त्रको लाइन' प्रस्तुत भएकोमा हलले 'पुष्पलालको संविधानसभा र गणतन्त्र'को फरक मत पारित गरेको थियो । तर पार्टीको केन्द्रीय नेतृत्वमा रायमाझीको वैधानिक-राजतन्त्र र निर्देशित प्रजातन्त्रका पक्षधरहरूको बोलावाला कायम हुनाले महाधिवेशनबाट पारित मतलाई दस्तावेजको रूपमा सुरक्षित गर्ने कामसमेत भएन । राजतन्त्रप्रतिको यही अन्यौलग्रस्त नीति र नेतृत्वको बेइमानीले राजा महेन्द्रलाई २०१७ सालमा फौजी आतंक मच्चाउन सहयोग पुगेको तथ्य इतिहासले सिद्ध गरिसकेको छ । तर पुष्पलालले जोड दिनुभएको छ-"वैधानिक राजतन्त्रको नारालाई देशको परम्परागत सामन्ती शक्तिसँग सम्झौता गर्ने हाम्रो पूँजीपति वर्गको वर्गीय चरित्रमात्र हो । देशमा सामन्ती शक्तिलाई कुनै पनि रूपमा कायम गर्दा त्यसबाट देश विकास हुन सक्दैन भन्ने आजसम्मको इतिहासले सावित गरिसकेको छ ।"

'वैधानिक राजतन्त्रको नीतिअनुसार देशको राजनीतिक व्यवस्था कायम होस् भन्दैमा राजा स्वतः विधानमा बस्न अवश्य पनि जाने छैनन् । सात सालदेखि सत्र सालसम्मको राजतन्त्रको इतिहासलाई हेर्दा सात सालमा सीमितरूपमा भएतापनि जुन प्रजातान्त्रिक परिपाटी तथा अधिकार देशमा शुरू भएको थियो, त्यसलाई क्रमिक रूपले खत्तम गर्दै अन्तमा राजाले पुस १ गतेको काण्ड गरेको सबैमा स्पष्ट नै छ । अतः वैधानिक राजतन्त्रवादी विचारधारा अनुसार राजालाई विधानको परिधिमा राख्न पनि संघर्षमा परास्त नगरी सकिन्न । यो ध्रुवसत्य कुरा हो ।' नेपाल कम्युनिष्ट पार्टीको चतुर्थ सम्मेलन-२०२९ असोजमा पुष्पलालद्वारा प्रस्तुत एवं पारित राजनीतिक रिपोर्टमा औंल्याइएको छ ।

अहिले नेपाली कम्युनिष्ट आन्दोलनमा गणतन्त्रको मुद्दामा पहिलेजस्तो बहस र विवादको स्थिति छैन । संवैधानिक राजतन्त्रलाई सम्झौताको रूपमा इमान्दारीका साथ स्वीकारेर अघि बढेको नेकपा (एमाले)ले अघि सारेको जनताको बहुदलीय

जनवाद गणतन्त्रवादी कार्यक्रम हो। मुलुकको विशिष्ट परिस्थितिमा त्रिपक्षीय सम्झौतामा आबद्ध हुनुपरेको भएतापनि नेकपा (एमाले) जनवादी गणतन्त्रको स्पष्ट लक्ष्य बोकेको पार्टी हो। यो वास्तविकतालाई नबुझेर वा बुझ्न नखोजेर संवैधानिक राजतन्त्रको भ्रममा लट्पटिनु उपयुक्त होइन। माओवादीले आफूलाई जनवादी गणतन्त्रबाट लोकतान्त्रिक गणतन्त्रमा झारेको छ। यो देखेर लोकतान्त्रिक गणतन्त्र हाम्रो लक्ष्य हो भन्न मिल्दैन। किनकि जारशाहीसँगको अन्तर्विरोधका बेला रूसमा लेनिनले सोभियत कम्युनिष्ट पार्टीभित्रको मत-मतान्तरका बारेमा भन्नुभएको थियो-"हामी बोल्सेविकहरू प्रजातन्त्रवादी, क्रान्तिकारी, गणतन्त्रवादी पूँजीपतिवर्ग तथा उनीहरूसँग विलीन नभइकन सँगसँगै अघि बढ्न चाहन्छौं। जबकि मेन्सेविकहरू उदारवादी, राजापरस्त र पूँजीपति वर्ग तथा उनीहरूसँग विलीन नभइकन सँगसँगै अघि बढ्न चाहन्छन्।"

# सामन्ती एकतन्त्रवादको अन्त्य

**- पुष्पलाल -**

**नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणा पत्र (१५ सेप्टेम्बर १९४९) मा प्रस्तुत् जनवादी कार्यक्रमको आधारमा यसले राणा वा शाह जोसुकैको भए पनि सामन्ती एकतन्त्रवादको उन्मूलनमा जोड दिएको छ। उक्त घोषणापत्रको बान्ह बुँदे कार्यक्रम निम्नानुसार रहेको छ-**

**"हामी नेपालका, मजदुर, किसान, सिपाही, श्रमजीवी, मध्यमवर्गहरू र सारा प्रजातन्त्रप्रेमी जनतालाई के अपील गर्छौं भने उनीहरू सामन्ती एकतन्त्रवादको विरूद्ध र आफ्ना सबै प्रिय आकांक्षाहरूको शद्धीकरणका लागि एउटा साझा मोर्चामा एकगठ होऊन्। हामीलाई के कुरामा पूर्ण विश्वास छ भने जनवादी शक्तिहरू तलको जनवादी कार्यक्रमको आधारमा ठोस रूपले एकगठ हुन सक्दछन्ः-**

**१) सामन्ती एकतन्त्रवाद तथा विदेशी आधिपत्यको पूर्ण उन्मूलन र पूर्ण तथा वास्तविक स्वाधिनता।**

**२) मजदुर, श्रमजीवी, किसान र उत्पीडित निम्न पूँजीपति वर्गको प्रतिनिधित्व गर्ने जनवादी सरकार, जसले अंग्रेज-अमेरिकी साम्राज्यवाद र त्यसका भारतीय पिछलग्गुहरूसित सहयोगको विरोधी हुन्छ र जसले शान्ति तथा सबै जातिहरूको स्वतन्त्रताका लागि क्रियाशील जनवादी राज्यहरूसित सहयोग गर्दछ।**

**३) बालिग मताधिकारमा आधारित संविधान जसले सर्वसाधारणलाई पूर्ण स्वतन्त्रता तथा प्रजातन्त्र र आधारभूत आर्थिक अधिकारको ग्यारेन्टी गर्दछ। विशेषाधिकारीहरू र जातपात, नश्ल र जातिको आधारमा गरिने भेदभाव कानूनद्वारा खतम पारिनेछ र यसको उल्लंघनलाई कानूनद्वारा दण्डनीय पारिनेछ।**

**४) बिना मुआब्जा जमिन्दारी प्रथा र सबै खालको सामन्ती शोषणको उन्मूलन र जोताहाहरूलाई जमीनको वितरण गर्नु, ग्रामीण ऋण खतम गर्नु, कृषि मजदुरहरूलाई जीवनयोग्य ज्याला।**

**५) बैंक, औद्योगिक तथा यातायात व्यवसाय, बगान, खानी आदिमा लगाइएको विदेशी पूँजी राज्यद्वारा जफत गर्नु र ती व्यवसायहरूको राष्ट्रियकरण गर्नु,**

**६) ठूलठूला उद्योगहरू, ठूला बैंकहरू र बीमा कम्पनीहरूको राष्ट्रियकरण, मजदूर नियन्त्रणको ग्यारेन्टी, न्यूनतम जीवनयोग्य ज्याला, आठ घण्टा कामको दिन आदि।**

**७) मुलुकका साधन श्रोतहरूको विकास गर्न आर्थिक योजना र रणनैतिक आर्थिक केन्द्रहरूबाट ठूलो व्यवसायलाई हटाउनु। निजी उद्योगहरूमा नाफामाथि नियन्त्रण।**

**८) सबै दमनकारी कानुनहरू खारेज गर्नु।**

**९) नोकरशाहीको उन्मूलन र निर्वाचित अधिकारीहरूसहितको र जनसमितिहरूद्वारा निर्देशित प्रशासन।**

**१०) आमजनतालाई सशस्त्र पार्नु र जनताको जनवादी सेना स्थापना गर्नु।**

**११) स्वतन्त्र शिक्षा र अनिवार्य प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकार।**

**१२) महिलाहरूलाई समान प्रजातान्त्रिक अधिकारहरू।**

**जनवादी मोर्चा र यसको निर्माण गर्ने नेपाल कम्युनिष्ट पार्टीले नेपालका विश्वासघाती राजनैतिक पार्टी तथा नेताहरूको विरूद्ध दृढरूपमा संघर्ष गर्नुपर्छ र जनताका झुटा मित्रहरूलाई निर्ममतापूर्वक उदांग र एक्लो पार्नुपर्छ। जति हदसम्म बिगार्नेहरूको विरूद्ध संघर्ष चलाई तिनलाई परास्त गरिन्छ, त्यति हदसम्म नै नेपालमा जनसंघर्षले वास्तविक क्रान्तिकारी वेग प्राप्त गर्नेछ।"**

# तुलसीलालपछि मात्र पुष्पलाल आउनुभयो

**' गौरीभक्त प्रधान**

**का**ठमाडौंमा कम्युनिष्ट आन्दोलनको थालनी र विस्तारमा भारतको तेलंगाना लगायतका किसान आन्दोलनका दस्तावेजहरू र पत्र-पत्रिकाले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ। त्यस आन्दोलनका बारेमा पुष्पलाल, सूर्यबहादुर भारद्वाजलगायतले ती पत्रिकाहरू नेपाल पठाउने र यहाँ हामीले पढ्ने गर्दथ्यौं। त्यही समयमा २००५ सालमा म विश्वेश्वरप्रसाद कोइरालासँगै त्रिरत्न तुलाधरको घरबाट पक्राउ भएर छ महिना जेल परें। पछि २१ दिन अनसन बसेर जेलमुक्त भएका थियौं। त्यस घटनाले म

राजनीतिमा लाग्न प्रेरित भएँ । त्यसैक्रममा हामी महेश्वर मान छोंचु, केशवभक्त प्रधान, विष्णुबहादुर श्रेष्ठ र मलगायत २०-२५ जना साथीहरु भई २००६ सालको ठूलो एकादशीका दिन इचंगुको डाँडामाथि गएर हामीले मार्क्सवादी अध्ययन समूह जस्तो बनायौं । त्यसका तर्फबाट एउटा बुलेटिन निकाल्ने योजना बनाएर हामी काममा जुट्यौं । यसरी बुलेटिनको तयारी गरिरहेकै बेला पुष्पलालको अगुवाईमा कलकत्तामा नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको खबर आयो । पुष्पलाल त हाम्रो बीचकै मान्छे हुनुहुन्थ्यो । जब उहाँको नेतृत्वमा पार्टी स्थापना भइसक्यो भने किन छुट्टै समूह खडा गरेर बस्ने ? बरू पुष्पलालले स्थापना गर्नुभएको पार्टीमा समावेश हुने प्रयासमा लाग्यौं । त्यसका लागि साथीहरूले मलाई कलकत्ता पठाउने निर्णय गरे र म कलकत्तातिर लागें ।

यसरी कलकत्तातिर जाँदा पछि लाल कम्युनिष्ट पार्टीका नेता रहेका गंगालाल श्रेष्ठले पुष्पलाललाई एउटा चिट्ठी पुऱ्याइदिन भनेका थिए । म त्यो चिट्ठी पनि लिई बन्दीपुर नौतनवा हुँदै बनारसतिर लागें । त्यहाँ कृष्णप्रसाद भट्टराई, उहाँका जेठो दाजु बटुकप्रसाद भट्टराई र बालचन्द्र शर्माहरूसँग भेट भयो । नेपाली कांग्रेस स्थापना भइसकेको थियो, उहाँहरूले मलाई त्यसमा सामेल भएर काम गर्न आग्रह गर्नुभयो । मैले जवाफमा भनें-'पहिले कलकत्तासम्म पुग्छु, त्यसपछि मात्र यसबारेमा विचार गर्छु ।' बनारसबाट म पटना पुगें, त्यहाँ वीपी कोइरालासँग भेट भयो । उहाँले पनि पार्टीमा काम गर्न अनुरोध गर्नुभयो । तर म कलकत्ता जान लागेको छु र पछि कुरा गरौला भनेर हिंडे । यसरी कलकत्तातिर लागें र त्यहाँ पुगेपछि तुलसीलाल अमात्यसँग भेट भयो । उसबेला उहाँ वीपी र मातृकाको दाहिने हात भएर सचिवको रूपमा काम गर्दै हुनुहुन्थ्यो । मलाई लिनको निम्ति कलकत्तामा वीपीले नै तुलसीलाललाई पठाउनुभएको रहेछ । कुराकानीको सिलसिलामा त तुलसीलाल स्वयंले प्रस्ताव राख्नुभयो-'म पनि कम्युनिष्ट बन्न चाहन्छु ।' अनि मैले त्यो कुरा तुरून्तै पुष्पलालसम्म पुऱ्याएँ र उहाँसँग तुलसीलालको भेट पनि गराइदिएँ । यसरी तुलसीलाल पनि कम्युनिष्ट बन्नुभयो ।

पुष्पलालले मलाई कलकत्तामा खुला हिंडडुल गर्न दिनुभएन । उहाँले मलाई काठमाडौं उपत्यकाभित्र पार्टीको काम गर्न लगाउने विचार गरिरहनुभएको रहेछ । उहाँको सल्लाह मुताविक कलकत्तामा म अर्धभूमिगत जस्तो भएर बसें र ३-४ दिनपछि नारायणविलाश जोशीलाई समेत साथमा लिएर काठमाडौंतर्फ लागें । हामी काठमाडौं आइपुगेपछि मात्र यहाँ कम्युनिष्ट पार्टीको काम थालनी भयो । जसमा पहिलेदेखि सम्पर्कमा रहेका २०-२५ जना संलग्न भयौं । अनि महेश्वरमान छोंचु सचिव रहेको कमिटी गठन गऱ्यौं । त्यसमा नारायणविलाश जोशी र म पनि रह्यौं । उसबेला महेश्वरमानको नाम नुर्बु राखिएको थियो । कम्युनिष्ट पार्टीको संगठन त बन्यो काठमाडौंमा, तर काम के गर्ने ? कसरी काम गर्ने ? भन्ने प्रश्न खडा भयो । हामी कसरी यहाँका बुद्धिजीवी र जनताको बीचमा पुग्ने ? सिधै कम्युनिष्ट पार्टीको कुरा लिएर जानसक्ने स्थिति थिएन ।

दोस्रो विश्वयुद्ध भर्खरै सकिएको थियो । त्यसबखत संसारभरिका कम्युनिष्टहरूले 'नाभिकीय अस्त्र विनाशकारी हतियार हो, त्यसमा प्रतिबन्ध लगाउनुपर्छ' भनेर विश्वव्यापी हस्ताक्षर अभियान संचालन गरिरहेका थिए । त्यस अभियानलाई हामीले यहाँ पनि अघि बढायौं । त्यो बहानामा हामी धेरैभन्दा धेरै मान्छेको बीचमा पुग्न सक्यौं । मोतीदेवी श्रेष्ठ पनि त्यो अभियानको क्रममा खट्नुभएको थियो । यसप्रकार हामीले नेपालमा २-४ लाख हस्ताक्षर जम्मा गरेर कलकत्ता पठाएका थियौं ।

हस्ताक्षर अभियान सकिएपछि हामीले जनवर्गीय संगठनको निर्माणमा जोड दियौं । कम्युनिष्ट पार्टीले जनवर्गीय संगठनबिना कुनै चहलपहल गर्न सक्दैन । त्यसकारण जनवर्गीय संगठन बनाउनुपर्छ भन्ने महसुस भयो । २००४ सालमा बिराटनगरमा मजदुर आन्दोलन भएको थियो, तर त्यसमा सहभागी मजदुरहरूमध्ये धेरै भारतीय थिए । मजदुरबिनाको कम्युनिष्ट पार्टी कसरी हुन्छ ? हामीले सांच्न थाल्यौं । किसानले आन्दोलन गर्दा पूँजीवादीहरूलाई केही फरक पर्दैन, तर मजदुरले हड्ताल गर्दा त्यसको सोझो असर पर्न थान्छ । त्यसबेला नेपालमा दरबार हाइस्कूल शान्ति निकुञ्ज जस्ता थोरै स्कूल थिए । जब स्कूलै कम छन् भने विद्यार्थी कसरी धेरै हुने ? अनि हामीले केही विद्यार्थीहरूलाई अनुरोध गरेर बन्दीपुर लगायतका ठाउँमा स्कूल खोल्न पहल गऱ्यौं । हामीलाई नेपाली कांग्रेसका नेता श्रीभद्र शर्मालगायतले पनि सहयोग गर्नुभएको थियो । स्कूल बढ्दै जाँदा विद्यार्थी संख्या पनि बढ्दै गयो र हामीले विद्यार्थी संगठन बनायौं । त्यसपछि युवक, महिला, किसान र ट्रेड युनियन संगठनहरू पनि खोल्यौं । पार्टीको संगठन बलियो पार्टी हामीले विशेष जोड दिएका थियौं । उसबेला २००७ सालमा राणा शासन ढल्नासाथ काठमाडौंमा नेपाल कम्युनिष्ट पार्टीको कार्यालय खुल्यो । हामीले ओम बहालनेर मूल सडकमै पार्टी कार्यालय खोलेका थियौं ।

काठमाडौंमा पार्टीको बिस्तार भयो । त्यसबखत हाम्रो सम्पर्क बन्दीपुरमा थियो, त्यहाँ पनि पार्टीको विस्तार गरियो । मध्यगण्डक प्रान्तीय कमिटीको रूपमा त्यसका नेतृत्व कृष्णलाल प्रधान र कदमकुमार पियाले गर्न तोकिएको थियो ।

शुरूमा यहाँको किसान क्षेत्रमा ज्यापु साथीहरूमात्र थिए । खासगी सान्दाइ महर्जन आदि साथीहरूको सक्रियता राम्रो थियो । पछि शम्भुराम श्रेष्ठलाई किसान संगठनको काम हेर्ने जिम्मा दिइयो । शम्भुराम श्रेष्ठ, महेश्वरमान छोंचुको मित पनि हुनुहुन्थ्यो ।

काठमाडौंमा नेपाल कम्युनिष्ट पार्टीको कामले गति लिन थाल्यो । तर पुष्पलाल र तुलसीलाल कलकत्तामै बसिरहनुभएको थियो । हामीले उहाँहरूलाई स्वदेशमै आएर काम अघि बढाउने सुझाव दिइरहेका थियौं । त्यसैअनुरूप पहिले तुलसीलाल आउने कार्यक्रम तय भयो । हामीले तुलसीलाल आउने कार्यक्रम तय भयो । हामीले तुलसीलाल अमात्य काठमाडौं आउने कुराको खुब प्रचार गऱ्यौं र उहाँको स्वागत गर्ने तयारीमा जुट्यौं । बाजा-गाजासहित काठमाडौंबाट कलंकीसम्मको ठूलो जुलुसले उहाँको भव्य स्वागत गऱ्यो । फेरि काठमाडौंबाट पाटनसम्म पनि उहाँलाई जुलुससहित पुऱ्याउने काम भयो । त्यसपछि पुष्पलाल पनि काठमाडौं आउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टीले दिल्ली सम्झौताको विरोध गर्दै उद्घोष गऱ्यो-'सम्झौतावाद- मुर्दावाद !' उसबेला नेपाल कम्युनिष्ट पार्टीका मुख्य जोड दियो-'राणा शासन पूर्णरूपले खत्तम गर्नुपर्छ, अन्यथा धोका हुनसक्छ ।' तर मोहनसमशेरलाई प्रधानमन्त्री बनाएर अघि बढ्न नेपाली कांग्रेसले मञ्जुर गरिसकेको थियो । जसले गर्दा राणा-कांग्रेस र राजाकाबीच त्रिपक्षीय दिल्ली सम्झौता भएको थियो ।

राणा-कांग्रेसको संयुक्त सरकार बनेपछि हामीले वीपी कोइरालासँग भेटी राजनीतिक छलफल गर्न चाहेको खबर पठायौं । तर उहाँले भेटघाटको निम्ति समय नदिई पटक-पटक टार्न खोज्नुभयो । आखिरमा हामीले चौबीस घण्टे अल्टिमेटम दियौं र भन्यौं-यदि तोकिएको अवधिभित्र भेटघाट हुन सकेन भने हामी आन्दोलनमा उत्रिन्छौं र संयुक्त मोर्चाको तर्फबाट आन्दोलन गर्छौं । त्यसबेला नेपाल प्रजा परिषद् र किसान, विद्यार्थीलगायतका संयुक्त मोर्चा गठन भएको र पार्टीको तर्फबाट म सहभागी थिएँ । विद्यार्थीको तर्फबाट अध्यक्ष प्रचण्डमान सुवाललाई पठाइएको थियो ।

वीपीले भेट्न नचाहेपछि इटुम्बहालमा हाम्रो आमसभाको आयोजना भयो । त्यहाँ सभा हुँदाहुँदै पुलीसले केहीलाई समातेर लग्यो । तर जुलुस पनि पुलीसका पछिपछि हनुमान ढोकातिर अघि बढ्यो । जुलुस आइरहेको देखेर हनुमानढोका पुग्दा नपुग्दै पुलीसले गोली चलायो र चिनियाँकाजीको घटनास्थलमै निधन भयो । एकजना .... को खुट्टामा गोली लाग्यो । चिनियाँकाजी हत्याकाण्डको दोष वीपीले मोहनसमशेरमाथि र मोहनसमशेरले वीपीमाथि लगाउन खोजे । यो कुरा बढ्दै गएर राणा-कांग्रेसको संयुक्त सरकार ढल्न पुग्यो । यसले दिल्ली सम्झौता गलत थियो भन्ने हाम्रो अडानलाई सही सावित गऱ्यो । त्यसपछि मात्र राणाहरू शासनबाट पूर्णरूपमा हट्न पुगे ।

# आर्थिक असमानता कसरी बढ्दछ, कसरी कम गर्न सकिन्छ ?

' डा. गोविन्दबहादुर थापा

**१. आर्थिक असमानता कसरी पत्ता लगाउने ?**

**क.सम्पत्ति बितरण स्थितिबाट बढ्ने असमानताः–** अफ्रिका र ल्याटिन अमेरिकामा जमिनको असमान बितरणको कारणबाट अत्यधिक आर्थिक असमानता रहेको छ ।

**ख.स्वरोजगारीबाट बढ्ने असमानता :–** निजी पूँजी, बैंक कर्जा वा पूँजी बजारबाट साधन परिचालन गरी संचालन गरिने स्वरोजगारीका पेशा व्यवसायबाट पनि आर्थिक असमानता बढ्न सक्दछ ।

**ग. तलवी, ज्याला रोजगारीबाट बढ्ने असमानता :–** रोजगारीका अवसरको अभाव हुनु, उपलब्ध रोजगारीको पनि तलब, ज्याला न्यून हुनु, विदेशका शिक्षण संस्थाहरूबाट शिक्षा पाएकाहरूले उच्चस्तरको तलव र अन्य सुविधाहरू भएका रोजगारी पाउनु । निरक्षरता बढी भएको, जनस्वास्थ्य सुविधाको अभाव भएका मुलुकहरूमा आर्थिक असमानता बढ्दछ ।

घ. जात, जाति, समुदायको आधारमा पृथक राख्ने वा मूलप्रवाहबाट बाहिर राख्ने गरिएबाट पनि आर्थिक असमानता बढ्ने गरेको छ ।

**२. कस्तो अवस्थामा असमानता बढ्छ ?**

क. उच्चदरमा मूल्य बढ्दा गरिब र निश्चित आय भएका जनता गरिब हुँदै जाने र सम्पन्नहरू धनी बन्दै जाने हुन्छ ।

ख. प्रविधिको उपयोग बढ्दै जाँदा शिक्षित र सम्पन्न जनताको उत्पादकत्व र आय उच्चदरमा बढ्दछ तर बिपन्न, अशिक्षित र अदक्षहरूको आम्दानी बढ्दैन । फलस्वरूप आर्थिक असमानता बढ्छ ।

ग. स्वास्थ्य सुविधा पर्याप्त नभएका मुलुकहरूमा विपन्न वर्गका जनता रोगी र कमजोर हुने भएकाले आय आर्जन गर्न सक्दैनन् र भएको सीमित आय पनि उपचारमा खर्च हुने भएकोले गरिबी बढ्छ ।

घ. भ्रष्टचारले पनि आर्थिक असमानता बढाउँछ । किनभने सम्पन्न र टाठाबाठाहरूले मात्र भ्रष्टाचार गर्न सक्दछन् । भ्रष्टाचार त्यस्ता व्यक्तिहरूले मात्र गर्नसक्ने कुरा हो, जबकि साधारण जनता भ्रष्टाचारका शिकार हुन्छन् ।

ङ. कर छल्ने प्रवृत्ति बढी भएका मुलुकहरूमा पनि आर्थिक असमानता बढ्छ । बढी आय हुनेले तिर्नुपर्ने कर नतिरेपछि उनीहरू झन् धनी हुँदै जान्छन् । विकसित मुलुकहरूमा सरकारले बजेट अन्तर्गत कर कटौती गर्ने जुन गर्दछ त्यसले ती मुलुकहरूमा आर्थिक असमानता बढाएको छ ।

च. अदक्ष र असक्षम प्रशासनिक निकाय, सुरक्षा निकाय, न्यायपालिका आदि भएका मुलुकहरूमा पनि टाठाबाठाहरूको बोलवाला हुने र सोझा सिधाहरूको उपेक्षा हुने भएकोले त्यस्ता मुलुकहरूमा आर्थिक असमानता बढ्छ ।

**३. विश्वमा असमानता किन बढ्यो ?**

संयुक्त राष्ट्रसंघको एक अध्ययनअनुसार सन् १९६० मा धनी मुलुकका सबैभन्दा सम्पन्न २० प्रतिशत जनताले सबैभन्दा गरिब २० प्रतिशत जनताको ३० गुणा आय गर्दथे भने सन् १९९७ मा त्यो ७४ गुणा पुगेको छ ।

क. विकासशील मुलुकहरूमा उच्चदरमा र विकसित मुलुकहरूमा कम दरमा जनसंख्या बढ्नु,

ख. विकासशील मुलुकका कृषिजन्य उत्पादनहरूको मूल्य सन् १९८० र १९९५ को बीचमा आधाभन्दा बढीले घट्नु, तर विकसित मुलुकका उत्पादनहरूको मूल्य बढ्नु,

ग. विकासशील मुलुकहरू बढी ऋणमा डुब्नु । वित्तीय क्षेत्र खुला गर्ने मुलुकहरूले सबैले सुरूमा बित्तीय संकट व्यहोरे । त्यसबाट मुक्ति पाउन सबैले धेरै ऋण लिए,

घ. विकसित मुलुकहरूमा छिटोछिटो र पहिले विज्ञान र प्रविधिको विकास हुनु,

ङ. विकसित मुलुकहरूमा राजनीतिक स्थिरता र सुदृढ प्रजातन्त्र हुनु तर विकासशील मुलुकहरूमा तानाशाही, अप्रजातान्त्रिक शासन व्यवस्था हुनु, अस्थिरता, अशान्ति र हिंसात्मक गतिविधि भइरहनु ।

**४. आर्थिक असमानता घटाउन कस्ता नीतिहरू अपनाउनुपर्दछ ?**

क. भूमिसुधार कार्यक्रम लागु गरी भूमिको समान वितरण गर्ने ।

ख.सरकारी साधन सबैभन्दा विपन्न वर्गलाई माथि उठाउने काममा प्रयोग गर्ने ।
ग धनीवर्गमा प्रगतिशील कर लगाएर उनीहरूको धेरै आय सरकारले लिने ।
घ.दीगो र उच्च आर्थिक विकास हासिल गर्ने ।
ङ. निजीकृत सरकारी संस्थानहरूको शेयर आम जनतामा बिक्री गर्ने ।
च.लक्षित खालका अनुदान कार्यक्रमहरू संचालन गर्ने ।
छ.आर्थिक उदारीकरणको क्रममा रोजगारी गुमाएकाहरूलाई पुनर्तालिमको व्यवस्था गर्ने ।
ज.सरकारी निर्माणका कार्यक्रमहरू (Public Works Programs) संचालन गर्ने ।
झ. न्यूनतम ज्यालादर बढाउने ।
ञ.बेरोजगारी भत्ता दिने ।
ट.श्रम मूलक (Labour Intensive) उद्योगहरू तथा अन्य कार्यक्रमहरू संचालन गर्ने ।
ठ.भ्रष्टाचार र राजस्व चुहावट नियन्त्रण गर्ने ।
ड.मूल्य बढ्न नदिने ।
ढ. सरकारी निकायहरूलाई दक्ष, प्रभावकारी र पारदर्शी बनाउने । अर्थात् मुलुकमा सुशासन कायम गर्ने ।

ण.प्राथमिक शिक्षा, जनस्वास्थ्य र पिउने पानीमा सरकारी साधन बढी प्रवाहित गर्ने । यस्तो खर्चले समानता र आर्थिक बृद्धि दुबै सँगसँगै हासिल हुन सक्तछ । ((सुरक्षा खर्च, अधिक सरकारी कर्मचारी खर्च र धान्न नसकिने संस्थानमा हुने खर्च अनुत्पादक खर्च भएकाले नियन्त्रण गरिनुपर्दछ )

त.सरकारी वित्त नीति आर्थिक असमानता घटाउने सबै भन्दा प्रभावकारी उपाय भएतापनि विश्वव्यापीकरणले करको प्रभावकारिता घटाएकोले असमानता घटाउन सरकारी खर्च व्यवस्थालाई प्रभावकारी बनाइनुपर्दछ ।

**५. आर्थिक असमानता घटाउने कार्यक्रमका कठिनाईहरू**

क.सरकारसँग साधनको अभाव हुनु ।

ख.अर्थतन्त्रको ठूलो हिस्सा ग्रामीण र अनौपचारिक क्षेत्र हुनु । यसो हुँदा सरकारी सेवा र सुविधा लक्षित समूहमा पुऱ्याउन कठिनाई हुन्छ ।

ग. प्रशासनिक दक्षताको अभाव ।

घ.सत्तामा सम्पन्न वर्ग हावी हुने भएकोले प्रगतिशील कर लगाउन र धेरै साधन न्यून वर्गमा प्रवाहित गर्न कठिन हुने ।

ङ. विश्वव्यापीकरणको कारणले गर्दा सरकारलाई आर्थिक असमानता घटाउने कार्यक्रम लागु गर्न कठिनाई हुन्छ ।

समतामूलक समाजमा राजनीतिक द्वन्द्व हुँदैन र सामाजिक सद्भाव हुन्छ ।

# पोखरा सम्बोधन र पार्टीहरूको लागि सन्देश

**' मुक्ति खनाल**

अहिले राजनीतिक शक्तिहरूसँग मिलेर देशको समस्या समाधान गर्ने बेला हो, राज्यशक्तिको दुरूपयोग गर्दै राष्ट्रको ढुकुटी रित्याएर गर्ने अभिनन्दनले कुनै समाधान दिनेवाला छैन । एक्लै समस्या समाधान गर्नसक्ने भए अहिले राजालाई कसले छेकेको छ र ? जब एक्लै सकिंदैन राजनीतिक पार्टीहरूको मानमर्दन गर्दै, सार्वभौम जनताको खिसी उडाउँदै गरिने अभिनन्दनको मूल्य हुन सक्दैन ।

सबै अभिनन्दन एकै खालका हुन् । पछिल्लो पटक चैत १५ गते पोखरामा भएको अभिनन्दनमा पनि कुनै नयाँ विषय आएन । यस अभिनन्दन समारोहमा व्यक्त राजाको सम्बोधनले पछिल्लो पटकको राजाको चाहना थाहा हुन्छ ।

**गणतन्त्रवादीलाई जवाफ**

माओवादीले संविधानसभाको कुरा गरिरहेको र राजनीतिक पार्टीका नजिक रहेका विद्यार्थी संगठनहरूले गणतन्त्रको बहस थालनी गरिरहेको अवस्थामा राजाले 'यसको (राजतन्त्रको-ले) निरन्तरताका लागि हिजो पनि हामी समर्पित थियौं, आज पनि छौं र भविष्यमा पनि समर्पित रहिरहने हाम्रो प्रतिबद्धता दोहोऱ्याउन चाहन्छौं' भनेर जवाफ दिन खोजेको देखिन्छ । राजाले राजसंस्थालाई जस्तासुकै विशेषणले विभूषित गरे पनि र 'देशवासीको हित र कल्याण'का कुरा गरे पनि राजाले यो कुरा व्यक्त गरेर त्यसको प्रामाणिकता ठहर्दैन । यो त राजाको व्यवहारबाट जनताले के अनुभूत गरिरहेछन् र जनताले राजसंस्थालाई कस्तो ठानिरहेछन्, जनताले भन्ने कुरा हो । अचानोको पीर खुकुरीले भनेर हुँदैन । जहाँसम्म राजतन्त्रको निरन्तरताको कुरा छ, कुनै पनि राजाले यसको निरन्तरताको कुरा गर्नु कुनै नौलो कुरा होइन । यस्तो कुरा संसारभरिका राजाले हिजो पनि गरेका थिए, पछिल्लो पटक नेपालका राजाले अहिले पनि भनिरहेछन् । राजतन्त्र फाल्ने कुरा राजाको मुखबाट निस्कन्छ भनेर सोच्ने कुनै कच्चा राजनीतिक समूह नेपालमा छैन । राजाका

मानिससँग कुरा गरेर गणतन्त्रको ढोका उघार्न खोज्ने माओवादीलाई मात्रै एक्लै यो कुरा सुनाएको भएमात्रै नत्र भने यो राजाले भनिरहनुपर्ने विषय नै होइन ।

**थोत्रा विकासका कुरा र जनप्रेम**

विकास राजनीतिबाट अलग हुन सक्दैन । जनताको विश्वास जितेर मात्रै विकास-निर्माणका कुरा गर्न सकिन्छ । आज दिनदिनै भएका संरचनाहरूसमेत ध्वस्त हुँदै गइरहेको अवस्थामा र देशको अत्याधिक बजेट सुरक्षा बन्दोबस्तीमा खर्च गरिरहेको बेला विकास-निर्माण र चौतर्फी विकासका हावादारी कुरा राजाको मुखबाट आउनुले राजाको गरिमा बढाउँदैन । मौका पर्दा राजदरबारको खर्चसमेत ह्वात्तै बढाउने राजाले जनप्रेमको कुरा उल्लेख गर्दा कसलाई पाच्य भएको होला र ? जनतालाई विश्वास गर्न नसकेर सरकार चलाउन हिजोकै मण्डले पञ्चहरूमात्रै चाहिने र आफ्नो अभिनन्दन गर्ने प्रतिनिधि संस्थाका प्रमुखहरू आफैंले नियुक्त गरेका राजपरिषद्का सदस्यहरू र पञ्चायतकालीन खूँखार मण्डले अञ्चलाधीश खोज्दै हिंड्नुले कस्तो जनप्रेम दर्शाउँछ भन्ने छर्लङ्ग छैन र ?

**बहुदलीय प्रजातन्त्रको अनिच्छापूर्वक उल्लेख ?**

संवैधानिक राजतन्त्रलाई नेपालगञ्जबाटै छोडेका राजाले पोखरामा आएर यसको उल्लेख गर्लान् भनेर कसैले सोचेका थिएनन्, राजाले यसको उल्लेख गरेनन् पनि । अझै राजाले बहुदलीय प्रजातन्त्रको उल्लेख गर्न छोडेका छैनन् । यसलाई सकारात्मक नै मान्नुपर्ला । 'बहुदलीय प्रजातन्त्रलाई सबल र सार्थक' बनाउन चाहने राजालाई 'जनआकांक्षा पूरा गर्ने, जनहितका लागि सदा समर्पित रहने तथा जनताकै इच्छा अनुकूल सञ्चालन हुने शान्ति, स्थायित्व र समझदारी उन्मुख राष्ट्रिय राजनीति ..' जनताका प्रतिनिधिमूलक संस्था राजनीतिक पार्टीहरूलाई बेवास्ता गरेर हुन सक्दैन भन्ने कुरा थाहा हुनैपर्ने हो । 'देशवासीको बृहत्तर हितमा व्यक्तिगत अथवा समूहगत सबै प्रकारका संकुचित स्वार्थलाई परित्याग गर्ने विचार पद्दति ...' भनेर कस्तो विचार पद्दतिलाई भन्न खोजिएको हो-अस्पष्ट छ । यो सक्रिय वा निरंकुश राजतन्त्र त हुन सक्दैन होला । यदि यो विचार पद्दति बहुदलीय प्रजातन्त्र नै हो भने यसमा निष्ठा सर्वप्रथम राजाले नै देखाउनुपर्ने छ । एकातर्फ बहुदलीय प्रजातन्त्रको उल्लेख गर्ने, अर्कोतर्फ पार्टीहरूलाई बेवास्ता गर्ने र पाखा लगाउन खोज्ने व्यवहारले यहाँ 'बहुदलीय प्रजातन्त्र'को उल्लेख अनिच्छापूर्वक गरिएको त होइन ? शंका गर्ने ठाउँ प्रशस्त छ । यस्तो शंका राजाले पार्टीहरूप्रति विश्वास गरेर निवारण गर्नुपर्छ ।

**निर्वाचन गफ कि यथार्थता**

पोखरामा निर्वाचनको वातावरण तयार पार्न सम्बन्धित सबै पक्षलाई आह्वान गरिएको छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनको कुरा पनि गरिएको छ । यसका लागि 'राजनीतिक दलहरू लगायत बहुदलीय प्रजातन्त्रमा विश्वास राख्ने सबै पक्षबाट आवश्यक सहयोग ...' आशा गरिएको पनि छ । निर्वाचन गर्न नसक्ने भनेर देउवालाई फाल्ने राजाले समयमै निर्वाचन गराइदिएको भए योग्य ठहरिएको मानिन्थ्यो होला । अझै वातावरणको मात्रै र ०६१ सालमा प्रारम्भ मात्रैको कुरा गर्ने राजालाई कसरी योग्य भन्ने हो, विचारणीय विषय छ । पुराना कुरा छोडिदिउँ, तर अब वातावरण तयार गर्ने कुरा छ । के दलहरूलाई पन्छाएर र माओवादीलाई वार्तामा ल्याएर निष्कर्षमा नपुर्‍याइकन वातावरण तयार हुनसक्छ र ? अवश्य सक्दैन । 'प्रत्येक बालिग नागरिकले ढुक्क भएर आफ्नो स्वविवेकअनुसार मताधिकार प्रयोग गरी प्रतिनिधि छान्न पाउने सुनिश्चित अवस्थाको अनुभूति ...' वर्तमान सरकारले दिनै सक्तैन ।' राजाले भित्रैदेखि निर्वाचन नै मुख्य कुरा गरेको हो भने सबैभन्दा पहिला यो सरकारले राजीनामा दिएर सर्वदलीय सरकारको लागि बाटो खोल्नुपर्छ । तत्काल युद्धविराम, शान्तिवार्ता माओवादीसहितको अन्तरिम सरकार, संसदीय निर्वाचन र नवनिर्मित संविधानको दिशामा अग्रसर हुनुपर्छ । के राजा र अहिलेको राजाको सरकार यो गर्न तयार छ ? गाँठो फुकाउने हो भने तयार हुनुपर्छ ।

**राजाको फराकिलो राजमार्ग कि साँघुरो गल्ली**

राजाको अहिलेको मार्गमा माओवादी त के देशका संवैधानिक राजनीतिक पार्टीहरूलाई समेत प्रवेश छैन । यो मार्ग यति साँघुरो छ कि सत्तासिन पार्टी राप्रपा पनि सिंगो अटाउन सकेको छैन । राजाले यदि यस्तै मार्गलाई राजमार्गको कुरा गरेको हो भने त्यो अत्यन्तै साँघुरो गल्ली हो । साँच्चै राजमार्गको कुरा गरेको हो भने त्यसलाई फराकिलो बनाउनुपर्‍यो र सबै अटाउन सक्ने बनाउनुपर्‍यो ।

**देशभक्तिको रट**

राजाले देशभक्तिको रट लगाउन थालेको धेरै भयो-आफैंलाई मान्नेमात्रै देशभक्त हुन्छन् भन्न खोजेको हो भने बेग्लै कुरा नत्र भने विदेशी सेना देशभित्र हुल्ने हर्कत गर्ने र प्राकृतिक सम्पदा विदेशीलाई सुम्पिएर देशभक्त भइँदैन । जनतालाई पाखा लगाएर गरिएको देशभक्तिको रट पाखण्ड बाहेक केही हुन सक्दैन । जनतासँग सहकार्य गरेर मात्रै यथार्थमा देशभक्तिको मिलनविन्दू प्राप्त हुनेछ ।

**पार्टीहरूका लागि सन्देश**

राजाको पोखरा भाषण समष्टिमा के गर्ने के नगर्ने अन्तर्द्वन्द्वले भरिएको छ । एकातर्फ राजाको निरंकुशताको चाहना र अर्कोतर्फ दिनानुदिन त्यो असम्भव हुँदै गएको परिस्थितिको द्वन्द्वको प्रतिविम्ब सम्बोधनमा व्यक्त भएको छ । त्यसैकारण यो भाषणले पार्टीहरूलाई दृढताकासाथ आन्दोलन अगाडि बढाउन बाध्य पारेको छ । आन्दोलन अगाडि बढ्दछ राजा पार्टीहरूसँग सहकार्य गर्न नआएर सुखै छैन, यसमा कमी आउँछ, राजा आफ्नो बाटोमा अघि बढ्नेछन् ।

# कैयन् जंघार पार गरेर आन्दोलनमा

काठमाडौं । यही चैत १९ गतेदेखि संचालित काठमाडौं केन्द्रित संयुक्त जनआन्दोलनमा कर्मैया-काठमाडौं बागमती किनार मार्ग अभियान पदयात्रा टोलीका सहभागीहरू सो दिन राति ९ बजेमात्र राजधानी आइपुग्न सफल भएको जानकारी टोलीका प्रमुख रामचन्द्र झाले बताउनुभयो ।

उक्त टोलीलाई ललितपुरको कोटडाँडामा सुरक्षाकर्मीले पाँच घण्टा लामो जाँचपड्ताल गरी पूर्वनिर्धारित समयमै आन्दोलनमा सहभागी हुन अवरोध गरेको टोलीका अगुवा नेकपा (एमाले) सर्लाहीका सचिव केशव ढुंगानाले प्रष्ट्याउनुभयो ।

"पदयात्रीहरूको डायरीका पाना, पाना र झोलाका छेउ कुनासम्म खोजतलास गर्दा माथिको निर्देशन छ भनेर अल्मल्याउने काम गरियो'-उहाँको कथन थियो । उक्त टोली ललितपुरको छपेलीबाट छ वटा बसमा राती ९ बजेमात्र नेकपा (एमाले) केन्द्रीय कार्यालय पुग्न सकेको थियो ।

काठमाडौं-कर्मैयाको बागमती कोरिडर मार्गको ९२ किलोमिटर भन्दा पनि बढी करिब १ सय किमी हिंडेको उक्त टोलीमा १३ वर्षका किशोरदेखि ७५ वर्षका बृद्ध-बृद्धाहरू पनि सहभागी थिए । धनुषा रामदैया भवानी-४ का ७५ वर्षीया शनिश्चरी देवी र रामदया-२ का ७० वर्षीया जीवनीदेवी, सगरमधुकरही-५ का ७५ वर्षीया राम ठाकुर र पिगौला-७ का ७० वर्षीय भोला राम जस्ता बृद्ध बृद्धाहरूको सहभागिताले उक्त पदयात्रामा ऊर्जा थपेको थियो ।

चैत १६ गते अपरान्ह १२ बजे नेकपा (एमाले)का महासचिव माधवकुमार नेपालले उक्त पदयात्राको उद्घाटन गर्दै सफलताको शुभकामना प्रकट गर्नुभएपछि १ बजे उक्त टोली काठमाडौंतर्फ लागेको थियो । एमालेको बाहुल्यता तथा नेपाली कांग्रेस र जनमोर्चा नेपालको समेत प्रतिनिधिमूलक सहभागिता रहेको उक्त पदयात्रा शुभारम्भको अवसरमा आयोजित कार्यक्रमको सभापतित्व नेपाली कांग्रेसका पुराना नेता रामहरि जोशीले गर्नुभएको थियो । यात्राको प्रारम्भमा करिब ७ सय जना सहभागी रहेका भए पनि पाँच सय जना निरन्तर हिंडेर काठमाडौं पुग्न सफल भएको ढुंगानाले उल्लेख गर्नुभयो । उक्त यात्रामा धनुषा, महोत्तरी, सर्लाही र सिन्धुलीको पश्चिमी भेगका आन्दोलनकारीहरू सहभागी रहेका थिए ।

उक्त टोली चैत १६ गते आठ जंघार तरेर साँझ राईगाउँ गाविसको माझगाउँ टोलमा बास बस्न पुगेको थियो । तर अव्यवस्थाका कारण थकित पदयात्रीहरूले विद्यालयको चौरमा सुतेर रात गुजार्नुपरेको एक सहभागीले बताए । यात्राको व्यवस्थापन मिलाउन लक्ष्मण पौडेलको नेतृत्वमा १६ जनाको टोली चैत १५ गते नै अघि बढेको भएतापनि माओवादीले अवरोध गरेर उक्त टोलीलाई धेरै दुःख दिएका कारण व्यवस्थापन राम्रो हुन नसकेको बताइएको छ ।

पदयात्रा टोली चैत १७ गते घोर्लेनीमा बिहानको खाना खाई राति काभ्रेपलाञ्चोकको महांकालमा बास बस्न पुगेको तर त्यहाँ अधिकांश सहभागीहरू भोकै सुत्नुपरेको थियो । चैत १८ गते दिउँसो गिम्दीमा खाना खाएर उक्त टोली राति ललितपुरको प्यूटारमा बास बस्न पुगेको थियो, जहाँ एमाले ललिपतुर जिल्ला कमिटीका सदस्य एवं निवर्तमान गाविस अध्यक्ष उत्तम लामाको अगुवाईमा पदयात्रीहरूलाई खाने, बस्ने राम्रो व्यवस्था मिलाइएको थियो । चैत १९ गते दिउँसो उक्त टोलीले छपेलीमा खाना खाइसक्दा निकै ढिलो भएको थियो । त्यसैले बसका माध्यमबाट टोली काठमाडौं भित्रिनुपरेको सहभागीहरूले बताए ।

माओवादीको अवरोध र असहयोगले गर्दा समेत पदयात्राका सहभागीहरूले बढी दुःख पाउनुपरेको बुझिएको छ । 'एमालेको टोलीलाई भात पकाउने मान्छे, चामल, भाँडाकुँडा र त्यहाँ पाइने माछा केही पनि नदिनू भन्ने माओवादीको विशेष उर्दी रहेछ'-एक अगुवाले सुनाए ।

उक्त पदयात्रा टोलीले एकैसाथ दुईवटा उद्देश्य राखेको थियो । पहिलो, चैत १९ देखि संचालित काठमाडौं केन्द्रित संयुक्त जनआन्दोलनमा सहभागी हुने र दोस्रो राजधानी उपत्यकालाई तराईसँग जोड्ने सबभन्दा छोटो भनिएको कर्मैया-काठमाडौं बागमती कोरिडर सडक निर्माणको निम्ति काम अघि बढाउन राज्यलाई दबाव दिने तथा जनतामा त्यसको पक्षमा जागरण बढाउने । 'हामीलाई सिन्धुली, मकवानपुर, काभ्रे र ललितपुरका उक्त सडक आसपासका जनताले स्वागत गरे र अब केही काम हुन्छ कि भन्ने आशा बढेको बताए । त्यस क्षेत्रका जनता यो पदयात्रापश्चात् थप उत्साही भएका छन् । तर हाम्रो यात्राको लक्ष र उद्देश्य बाटो निर्माणको लागि दबाव दिनुका साथै प्रतिगमनविरोधी आन्दोलनलाई बल पुर्‍याउनु नै हो-ढुंगानाले थप प्रष्ट पार्दै भन्नुभयो ।

बागमती किनारको उक्त सडक निर्माण भएको खण्डमा मुलुकको राजधानीलाई भारतको मुजफरपुर, सीतामढी र पटनासँग जोड्न सकिने तथा छोटो समयमै तराईमा पुग्न सकिने संभावना रहेको छ । जसले गर्दा तराईको उत्पादन सस्तो मूल्यमै राजधानीसम्म पुर्‍याउन सकिने हुँदा उत्पादक र उपभोक्ता दुवैले लाभ उठाउन सक्ने देखिन्छ ।

यसैगरी सिन्धुलीको एक अर्को टोली पूर्वको खुर्कोट रोशीखोला हुँदै हिंडेर कालढुंगासम्म पुगेको र त्यहाँदेखि बसबाट चैत १९ गतेको आन्दोलनमा सहभागी भएको थियो । उक्त टोलीको नेतृत्व एमाले सिन्धुलीका सचिव केशव देवकोटा र उपसचिव विषमलाल दनुवारले गर्नुभएको थियो ।

# आफ्नो आँखामा आफ्नो जीवन

सहाना प्रधान नेपालको राजनीतिमा नौलो नाम होइन । २००४ सालबाट शुरू भएको उहाँको सक्रिय राजनीतिक जीवनले आधा शताब्दीभन्दा बढीको उकाली-ओरालीहरू बेहोरिसकेको छ । उहाँको जीवनका यस्तै अनेक तीता-मीठा अनुभवहरूलाई सँगालेर एक पुस्तक प्रकाशमा आएको छ-'सहाना प्रधानः स्मृतिका आँखीझ्यालबाट' । सुशीला श्रेष्ठले लेख्नुभएको यो पुस्तक सहाना प्रधानका आफ्नै शब्दमा अभिव्यक्त आत्मकथा हो । पुस्तकको नाम सुन्दा अरू कसैले उहाँमाथि लेखेको हो कि भनेझैं लागे पनि सिङ्गो पुस्तकमा प्रधान स्वयंले नै आफ्नो जीवनका उतार-चढाव र अनुभवहरूलाई आफ्नै शब्दमा पस्किनुभएको छ । त्यसकारण यो उहाँको जीवनको खोजपरक अध्ययन नभएर संस्मरण हो ।

प्रस्तुत पुस्तकमा सहाना प्रधानको पारिवारिक, सामाजिक र राजनीतिक जीवनका विविध पक्षहरू समेटिएका छन् । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलालसँगको उहाँको भेट, प्रेमप्रसङ्ग, वैवाहिक जीवनका रोचक पक्षदेखि उहाँसँगका

संस्मरणहरू, सहनाको राजनीतिमा प्रवेश, सरकारी अत्याचारका विरूद्धको संघर्षका अनेक पाटाहरूको उहाँले लेखाजोखा गर्नुभएको छ। ०४६ को जनआन्दोलनको बेला वाममोर्चाको अध्यक्षको जिम्मेवारी निर्वाह गर्नुभएकी प्रधानका अनुभवहरू नेपालको राजनीतिमा सबैका लागि उपयोगी खालका छन्। खासगरी नेपाली कांग्रेससँगको कार्यगत एकता, उसका कतिपय नेताहरूमा रहेको हेपाहा प्रवृत्ति र त्यसका विरूद्धको अडान अहिले पनि सबैका लागि भुल्न नहुने विषय हुन्। संयुक्त सरकार बनाउँदा सहयात्री दलप्रति उसले देखाएको व्यवहारले उहाँको मन कुँडिएको छ। प्रधानले जेलजीवन, सांसद, मन्त्री हुँदा, विदेश भ्रमण गर्दाका अनुभवहरूलाई पनि समेट्नुभएको छ। बीस शीर्षकमा विभाजित यो पुस्तकले हिजोको राजनीतिक, सामाजिक अवस्था, सामन्तवादी संरचना र शोषणका विषयमा धेरै जानकारी दिएको छ। खासगरी नेकपा र त्यसका नेता, कार्यकर्ताले जनताको पक्षमा आवाज उठाउँदा भोग्नुपरेका यातना र पीडाहरू त्यसका एक सक्रिय सहभागीकै शब्दमा पढ्न पाउँदा अहिलेको पुस्ता धेरै हदसम्म लाभान्वित हुने विश्वास गर्न सकिन्छ।

आफ्नो संस्मरण भएकोले कतिपय तथ्यहरू पूरापूर बाहिर नआएका हुन सक्छन्। यसमा प्रश्न उठाउन सकिन्छ। अलि ठाडो भाषाको प्रयोगले उही कुरा पनि सुमधुर नलाग्न सक्छ। धेरै ठाउँमा उहाँले आफ्ना निजी विचार र मान्यताहरूलाई प्राथामिकता दिनुभएको छ। तर पनि संस्मरण भएकोले ती रोचक र पढ्न मन लाग्ने किसिमका नै छन्।

आकर्षक कागजमा २७२ पेजको यो पुस्तक पठनीय छ। ३ हजार प्रति छापिएको यो पुस्तकको मूल्य २ सय ५० भने महङ्गो लाग्छ। भाषिक तथा व्याकरणीय कमजोरीहरू प्रशस्तै छन् तर शैली मीठो छ। नेकपा (एमाले)का महासचिव माधवकुमार नेपालले मन्तब्यमा भन्नुभएझैं '००४ सालदेखि नेपाली महिला सक्रिय नेतृ प्रधान आजपर्यन्त महिला आन्दोलन र वाम आन्दोलनमा निरन्तर सक्रिय हुनुहुन्छ। उहाँको आत्मबृत्तान्तको रूपमा तयार पारिएको पुस्तक 'सहाना प्रधान-स्मृतिका आँखीझ्यालबाट' एउटा राम्रो र सार्थक प्रयत्न हो।'

# संस्थापकको सम्मानमा

००६ सालमा कमरेड पुष्पलालको अगुवाईमा प्रवासमा पाँच जनाद्वारा स्थापित नेपाल कम्युनिष्ट पार्टी आज नेपालका शहरदेखि गाउँघरका कुनाकाप्चासम्म फैलिएको छ। अहिलेका सबै कम्युनिष्टलाई तिरेर नसकिने गुन लगाउने एक संस्थापक हुनुहुन्थ्यो-कमरेड मोतीदेवी श्रेष्ठ। मोतीदेवी स्मृति केन्द्रले उहाँको जीवन र उहाँले नेपाली कम्युनिष्ट आन्दोलनमा पुऱ्याउनुभएको योगदानलाई समेटेर 'मोतीदेवी स्मारिका' प्रकाशनमा ल्याएको छ। अहिलेको पुस्ताको विस्मृतिमा हराउन थाल्नुभएकी एक ऐतिहासिक व्यक्तित्वलाई पुस्तकाकार रूपमा समाजका सामु उजागर गरेर केन्द्रले यस्ता खोज्नुपर्ने र सम्झनुपर्ने थुप्रै व्यक्तित्वहरूको बारेमा सबैको ध्यानाकृष्ट गरेको छ।

मोतीदेवी नेकपाको संस्थापक हुनुहुन्नथ्यो भनेर एकथरी कम्युनिष्टहरूले विवाद उठाउने गरेको पनि पाइन्छ। तर संस्थापक महासचिव पुष्पलाल स्वयंले निरूपण गरिसक्नुभएकाले यो ब्यर्थ विवादमा लाग्नुको कुनै उपादेयता छैन। यो कुरालाई प्रस्तुत पुस्तकमा लेखकहरूले तथ्यगत रूपमै स्पष्ट पार्नुभएको छ। अहिलेको खुला समाज र सुविधासम्पन्न अवस्थालाई हेरेर होइन, राणाशासनको कालरात्रीको अवस्थालाई ख्याल गरेर मोतीदेवीको बारेमा बुझ्नुपर्ने राय प्रायः सबै लेखकहरूको छ। राजनीतिक आस्था र क्रियाशीलताकै कारण उहाँ भारतसम्म पुग्नुभएको, त्यसपछि पनि निरन्तररूपमा पार्टीप्रति आस्थावान् रहेको, ०४६ पछि तत्कालीन नेकपा(माले)ले सम्पर्कमा ल्याएपछि पुनः क्रियाशील भएको लगायतका प्रसंगहरूको चर्चा लेखकहरूले गर्नुभएको छ।

विडम्वना नै मान्नुपर्छ, लामो समयसम्म मोतीदेवी कहाँ र कुन अवस्थामा हुनुहुन्छ भन्नेबारेमा नेपाली कम्युनिष्ट आन्दोलन बेखबर रहृयो। जब पार्टी भूमिगत राजनीतिबाट खुल्ला भयो, तब तत्कालीन महासचिव मदन भण्डारीको निर्देशनमा पार्टीले उहाँको खोजी गऱ्यो। त्यो कार्यको बारेमा जिम्मेवारी पाउनुभएकी अष्टलक्ष्मी शाक्यका साथै मोतीदेवीलाई नजिकबाट सहयोग पुऱ्याउने कमला अमात्य, सुरेन्द्रमोहन शर्मा, माधव पौडेललगायतका अनुभवहरू स्मारिकामा समेटिएका छन्। उहाँका योगदान र जीवनका पाटाहरूको बारेमा समकालीनहरू स्नेहलता श्रेष्ठ, बलराम उपाध्याय, साधना अधिकारी, गौरीभक्त प्रधान आदिका संस्मरणले धेरै कुरा स्पष्ट पार्दछन्। त्यसैगरी मोदनाथ प्रश्रित, भरतमोहन अधिकारी, झलनाथ खनाल, अमृतकुमार बोहराका रचनाले उहाँको राजनीतिक जीवनबारे प्रष्ट्याउँछन् भने भीम रावल, गोपाल थपलिया, सूर्य थापा, प्रभाकुमारी हमाल आदिका रचनाले मोतीदेवीको बारेमा पाठकहरूलाई सूचना प्रदान गर्दछन्। ०४७ सालमै उहाँसँग लिइएको अन्तर्वार्ताले पाठकहरूलाई झन् धेरै सूचना दिन्छ।

ऐतिहासिक योद्धाहरूप्रतिको सम्मानको आरम्भको रूपमा आएको यो स्मारिकाले राम्रो परम्पराको थालनी गरेको विश्वास गर्न सकिन्छ। बीस रूपैयाँमात्र मूल्य रहेको यो स्मारिका पठनीय र प्रशंसनीय छ।

# गरौं न लड्न निश्चय

**दामोदर ढकाल**

रूँदैछ राष्ट्र यो आज मसानघाटझैं बनी
हँसिलो भावमा कोही देखिंदैनन् कतै पनि
मसार्दै हातका ठेला गर्दै काम लुरूलुरू
हली किसान गोठाला रोएकै छन् धुरूधुरू ।

गोला बारूदको गन्ध पाठशालामै बढ्यो जब
विद्याका घरमा पुग्दा त्रस्त विद्यार्थी छन् सब
परोक्षार्थस्यविद् हाम्रा पथप्रदर्शक गुरूहरू
एकापस गर्दछन् बात छोडिद्यौं नोकरी बरू ।

पत्रकार चिकित्सकको निमोठियो गला अरे
हस्पिटल वीरका कोठा पुलीसले भरियो अरे
पिटिएछन् कठै सुधा विरामी कुरूवाहरू
दुसाशन सकुनीको राज कुशासन छ कसो गरूँ ।

पत्रकार बन्धुको कार्यकक्ष ध्वस्तै भयो अरे
भएछन् घायल कोही कोही अकालमै मरे
पथमै पड्कियो र बम उछिट्टिएछ मोटर
को ? कहाँ ? के ? कसो हुन्छ ठेगान कसको छ र ।

पहाडी फाँट रित्तै छन् बाँझै छन् खेतका गरा
सुनिन्न पंछीको गान भागेछन् कि कतै बरा
लाग्यो भवनमै आगो मरेछन् गौंथली अरे
देखिन्नन् जंगली जन्तु कठै बास कहाँ सरे ।

हिमाली राज्यको प्यारो प्रजातन्त्र कता गयो
मिच्दै कानुनका ठेली मनपरीतन्त्र फैलियो
साँचेर देशको माया सजाउँदै मुटुभरी
भए विवश नेपाली देश छोड्न कठैबरी ।

जहान घरका एउटै एकै आँगनमा बसी
अशान्ति त हुने नै भो लड्न कम्मर कसेपछि
नेपाली एक हौं भन्ने भावना खै ? कता गयो
महाभारतको कुरूक्षेत्रझैं राष्ट्र यो भयो ।

जुधाउँदै छ नेपाली-नेपालीसँग बन्दुक
युग भन्दैछ हे आज मित्र हो एक भई जुट
रहने छैन अस्तित्व एकापसमै फुटेपछि
एकले सहजै अर्को भाइलाई लुटेपछि ।

जितेर आफूले आफैंलाई हुने छ के जय
एक भई राष्ट्रकै लागि गरौं न लड्न निश्चय
विश्व साम्राज्यका आँखा लम्कदैछन् यतैतिर
बिर्सियौ कि ? कसो मित्र अफ्गान इराकको क्षय ।

आमाकै काखमा गोली खाँदैछन् सन्ततिहरू
रूहेछन् विधवा नारी पुछ्दै आँसु धुरूधुरू
कतै छन् टुहुरा बालक टिठ लाग्दो मुहारमा

निस्कदैन कतै कोही आज तिनको गुहारमा ।

देखाउ परचक्रीमा निपुर्ण युद्धका कला
छाडिद्यौ कृपया रेट्न भाइले भाइकै गला
बचाउ देशको शान इतिहास नहोस् क्षय
एक भई राष्ट्रकै लागि गरौं न लड्न निश्चय ।

*- बाँसबारी-३, सिन्धुपाल्चोक*

# खोई, कहाँ छ सरकार ?

## ' विष्णु रिजाल

'यो रेडियो जनगणतन्त्र नेपाल हो । आज हामी यस क्षेत्रको जनस्वास्थ्यको बारेमा कुरा गर्दैछौं र हामीसँग हुनुहुन्छ- कर्णाली प्रादेशीय जनसरकारका स्वास्थ्य विभागका जिम्मेवार कमरेड ....'

जतिबेला राजधानीमा सूचना तथा सञ्चारमन्त्री कमल थापा एफ.एम.रेडियोले माओवादीलाई सहयोग गरेको आरोप लगाउँदै हुनुहुन्थ्यो, त्यतिबेला नै मध्यपश्चिमको कुनै पहाडी इलाकामा होइन, प्रमुख शहर नेपालगञ्जमै विहान घाम नझुल्किदै थापासँग अनुमति नलिएको रेडियोले यस्तो आवाज घन्काउँदै थियो । रूकुम, रोल्पाजस्ता माओवादीका नियन्त्रणमा भएका क्षेत्रमा उनीहरूले यसअघि नै एफ.एम. रेडियो सञ्चालनमा ल्याएका खवरहरू प्रकाशमा आएका थिए । तर नेपालगञ्जमै रेडियो बजाएर उनीहरूले आफूलाई सञ्चार माध्यमको प्रयोगमा पनि अगाडि देखाउन खोजेका छन् । माओवादीको रेडियो त्यति सजिलै सुन्न सकिंदैन। रेडियोको एरियलमा अतिरिक्त तार झुण्ड्याएर साइड खोज्नुपर्छ। त्यसरी सुन्नेहरूमा प्रायः सरकारी अधिकारीहरू बढी रहेको पाइन्छ । खासगरी सेना, प्रहरी र प्रशासनका अधिकारीहरूले नछुटाएर माओवादीको रेडियो सुन्ने गरेको एक सरकारी अधिकारी बताउँछन् ।

राजधानीमा सरकारका मन्त्रीहरू दिनहुँ टेलिभिजन र रेडियोबाट देशमा सबै ठीकठाक भएको सुगारटाई दोहोऱ्याउँछन् । राजाको अठार महिने शासनकालमा देशमा अपूर्व शान्ति कायम भएको, जनजीवन नियमित बनेको, सुशासनको फोहरा नै छुटेको बर्णन गर्न उनीहरू कहिल्यै छुटाउँदैनन् । राजधानीबाट बाहिर गएर सरकारी रेडियो सुन्दा यी कुरा भर्खर सिक्दै गरेको हास्यकलाकारले सुनाएका चुट्किलाभन्दा फरक लाग्दैनन् । गतसाता नेपालगञ्जमा भेटिएका प्रायः सबै साथीभाइको एउटै प्रश्न भेटियो- के यस्तो अवस्थामा देशमा चुनाव होला त ? एकाध ठाउँमा भइहाल्यो भने पनि कस्तो होला ?

सरकारको उपस्थिति नै नभएको गाउँघरको त कुरै छोडौं, उसको घना उपस्थिति भएको शहरमा पनि नागरिकले सरकार भएको अनुभव गरेका छैनन् । नेपालगञ्जको व्यस्त शहरमा एक महिनामा मात्रै पाँचजना सुरक्षाकर्मीको हत्या भयो । चारैतिर सेना, प्रहरी र सशस्त्र प्रहरीको घेरामा पनि 'आतंककारी' भेटिएनन् । सरकारको निकम्मापनको योभन्दा गतिलो उदाहरण के खोज्नुपर्ला ? तर पनि मन्त्रीहरू चुनावको सारेगम.. रेटिरहन्छन् ।

गएको माघ २५ मा पुराना पञ्च र मण्डलेहरूले नेपालगञ्जमा राजाको धुमधामले हर्षबढाइँका साथ अभिनन्दन गरे । सरकारी लगानीमा गरिएको अभिनन्दनको आर्थिक मूल्य त घुमिफिरी नागरिकको थाप्लोमा आउने नै छ । तर त्यसको प्रत्यक्ष मूल्य त्यहाँका बासिन्दाले अहिल्यै चुकाउनु परेको छ । जबर्जस्ती सेनाको भरमा अभिनन्दनमा सामेल गराइएका मध्ये बर्दियाका नौ परिवारको झैं कतिको बिल्लीबाठ हुने हो ? उनीहरू नियमित आकस्मिकताको प्रतीक्षामा छन् । आफूले जबर्जस्ती ल्याएकाहरूको त सुरक्षा गर्न सक्दैन भने कसले पत्याउँछ- यो सरकारले आम नागरिकलाई सुरक्षा पुऱ्याउँछ ?

फागुनको अन्तिम हप्तादेखि माओवादीले बेनी आक्रमणको तयारीका लागि गण्डक क्षेत्र बन्दको आयोजना गरे । मन्त्रीहरूले हेलिकोप्टर चढेर 'उनीहरू पराजित भइसकेका छन्' भन्ने झूटो प्रचार गर्नुबाहेक सरकारले केही माखो मार्न सकेन । जतिबेला राजधानीमा गृहमन्त्री कमल थापा माओवादी कमजोर भइसकेकोले चुनावको वातावरण बनिरहेको र अब घोषणा हुने फुइँ हाँक्दै हुनुहुन्थ्यो, त्यतिबेला नै मध्य फागुनमा माओवादीले भोजपुरको सदरमुकाममा आक्रमण गरे । त्यतिले मात्र पुगेन, सरकारी मन्त्रीले माओवादीले पूरै सफलता हासिल नगरेको तर्क गर्न छोडेनन् । त्यसको तीन हप्ता नबित्दै उनीहरूले म्याग्दीको सदरमुकामा बेनीमा भीषण आक्रमण गरे । भनिन्छ, नकच्चराको ओखती हुँदैन । र, अहिले पनि चुनावको राग अलाप्न छोडिएको छैन । अझ विडम्बना ! चुनावबाट पटकपटक जनअनुमोदित भइसकेका र निरन्तर जनतामा स्थापित भएका पार्टीहरूलाई चुनावबिरोधी देखाउने भगिरथ प्रयत्न हुँदैछ ।

सरकारमा रहेका अकर्मण्य र नालायकहरूले सम्पूर्ण राज्यलाई नै असफल र नालायक बनाउने अपराध गरिरहेका छन् । आतंकपूर्ण व्यवहारबाटै भए पनि माओवादीले जुन सफलता प्राप्त गरिरहेका छन्, त्यो उनीहरूको कुनै सफलता होइन । त्यो त

सरकारको असफलता र नालायकी मात्रै हो । झन् राजनीतिक र नैतिक धरातलबिनाको राजाको कठपुतली सरकारले क्रमश: राज्यलाई माओवादीका सामु आत्मसमर्पण गराउँदैछ ।

उपत्यका बाहिर जाादा थाहा हुन्छ- जनजीवनले कस्तो सास्ती भोग्नुपरेको छ । कुन दिन आक्रमण हुन्छ भन्ने भयले जनताभन्दा बढी सरकारी निकायहरू अत्तालिएका देखिन्छन् । रातमा कतै छिसिक्क आवाज आयो भने अन्धाधुन्ध फायरिङ्ग गर्ने सेना-प्रहरी होऊन् वा विनाकारण कर्फ्यु लगाएर जनजीवनलाई त्यसै आतंकित बनाउने सुरक्षा अधिकारी होऊन्, सबैको एउटै ध्याउन्न भेटिन्छ- आफ्नो ज्यान कसरी जोगाउने ? जब सुरक्षा दिनेहरूकै हालत त यस्तो छ भने सहजै अनुमान गर्न सकिन्छ- सुरक्षा लिनेहरूको हालत के होला ?

गाउाघरको आाशुको भेल नेपालगञ्ज शहरमै पनि छचल्किएको देख्न पाइन्छ । माओवादी र सरकारी हिंसा-प्रतिहिंसाको जाातोमा पिल्सिएका निहत्था नागरिक जीउ टेकाउने चौतारी खोज्न भारतका गल्ली ताक्दैछन् । नेपालगञ्ज नाकाबाट मात्रै दैनिक पााचदेखि सातसय नागरिक भारत पलायन हुने गरेको तथ्याङ्क सरकारकै निकायले राखेको छ । 'जनताका आाशु टुलुटुलु हेरेर बस्न नसक्ने' 'दयालु' राजाको भाषण कता रेडियोमै बिलायो ? उनीहरूलाई थाहा छैन । 'ज्यान जोगियो भने अर्को साल भेटौंला' भन्ने भाकामा घर छोड्नेहरूलाई नै थाहा छैन-फर्केर आउादासम्म आफ्नो घर हतियारधारीको बक्रदृष्टिबाट अछुतो रहन्छ कि रहादैन ?

सरकार कहाा छ ? यतिबेला गाउाघरमा बत्ती बालेर खोजे पनि भेटिदैंन । न गाउामा टेलिफोन छ न त भविष्यका कर्णधार पढ्ने विद्यालयको नियमित जीवन नै सुचारू छ । स्थानीय निकायलाई जनप्रतिनिधिविहीन बनाउने सरकार र माओवादीको चाहनाले मूर्तरूप लिएको छ । नागरिकता बनाउने, जग्गा-जमिनको किनबेच गर्ने, चिठीपत्र आदान-प्रदान गर्नेलगायतका जनताका सबै काम यतिबेला ठप्प छन् । गाउामा माओवादीको अत्याचार जति छ, पााच-छमहिनामा यसो झुल्किने सेनाको करामत त्योभन्दा कम छैन । जनताको अगाडिका दुबै बन्दुकधारी बिकल्प उस्तै छन्-तावामा टेक्ने कि भुंग्रोमा ?

# अछाममा जनअभियान

शान्ति र प्रजातन्त्रका लागि जनअभियान कार्यक्रम विभिन्न कार्यक्रमका साथ अछाम जिल्लामा फागुन १४ देखि २५ गतेसम्म सम्पन्न भएको छ । अछामको व्यापारीक केन्द्र साँफेबगरमा जनसभाको आयोजना गरी सुरूवात गरिएको सो कार्यक्रम सातवटा जनसभा २३ कोणसभा गरी फागुन २२ गते बेलुकी अभियानको सम्पूर्ण टोली सदरमुकाम मंगलसेन आइपुगेको थियो । नेकपा (एमाले) केन्द्रीय सदस्य भीम रावलको अगुवाई र केन्द्रीय कमिटीको पाँचौं बैठकले गरेको निर्णयअनुसार अछामका दूरदराजका बस्तीमा माओवादीको आधार क्षेत्रमा समेत भएका कार्यक्रममा त्यस ठाउँका सम्पूर्ण जनता आँखाबाट आँसु चुहाउँदै आफ्नो घरदैलोमा पुगेका नेता कार्यकर्तालाई अविर-माला लगाई भव्य स्वागतका लागि पर्खिबसेका थिए ।

अभियानको टोली गाउँमा पुग्दा द्वन्द्वको मारमा परेका सम्पूर्ण अछामीले शान्ति र प्रजातन्त्रको कामना गर्दै देशमा शान्ति कायम गरी माओवादीसँग छिटोभन्दा छिटो वार्ता गर्नुपर्ने, भौतिक संरचना पुननिर्माण कामको थालनी जनताको आशा भरोसाको केन्द्रविन्दू भएको पार्टी एमालेले गर्नुपर्ने धारणा उपस्थित जनताले व्यक्त गरेका थिए । नेकपा (एमाले)का कार्यकर्ता गाउँ वस्तीमा पुग्दा विभिन्न ठाउँमा नेकपा (माओवादी)ले जनतालाई कार्यक्रममा उपस्थित नहुन घोषित उर्दी जारी गरे पनि उक्त कार्यको प्रवाह नगरी हरेक ठाउँमा उत्साहपूर्वक सहभागिता रहेको थियो ।

विभिन्न ठाउँका जनसभा, कोणसभालाई के.स. एवं टोली प्रमुख भीम रावलले सम्बोधन गर्दै देशको वर्तमान समस्या समाधान गर्न एमालेले ९ बुँदे प्रस्ताव अघि सारेको छ । यो समस्यालाई कसैले पनि एक्लै समाधान गर्छु भन्नु मूर्खता भएको धारणा व्यक्त गर्नुभयो । रावलको थप कथन थियो-राजाले प्रतिगमन सच्याउनुपर्ने कुरामा जोड दिनुभयो । यस्तै तरिकाले दुनियाँका कुनै पनि तानाशाह टिक्न नसकेको र हाम्रो देशको पनि निरंकुश राजा टिक्न नसक्ने भएकोले राजाले आफूबाट भए गरेका गल्ती कमजोरी तुरून्त सच्याएर खेताला सरकार खारेज गरी सर्वदलीय सरकार गठन गर्नुपर्ने बताउनुभयो ।

जनताको बलबाट ठूलो परिवर्तन भएकोले आफूलाई कहिल्यै कमजोर ठान्नुहुँदैन, जनतालाई शोषण, दमन गरी निरंकुशता लाद्नेको भविष्य लामो नभएकोले संयुक्त जनआन्दोलनमा भाग लिन पनि आह्वान गर्नुभयो । पंचायतकालमा जनतालाई दमन गरे पनि अब त्यस्तो गर्छु भनेर कुनै पनि तानाशाहले नसोचे हुन्छ भनी कालोकोठामा षड्यन्त्र गर्नेहरूलाई चुनौती दिनुभएको छ । विभिन्न कार्यक्रममा एमाले जिल्ला कमिटी अछामका सचिव भरत साउद, उपसचिव शेरबहादुर कुँवर, जिल्ला कमिटी सदस्यहरू कृष्णप्रसाद जैशी, गोकुलप्रसाद खनाल, कुल कुँवर, माहावीर साउद, नन्दबहादुर कडायत, गोविन्द कुँवर, भैरे कामी, लक्ष्मण खड्का, यज्ञ बोगटी, भीम जलाना, झप्पर कुँवरलगायतका वक्ताले बोल्नुभएको थियो । शान्ति र प्रजातन्त्रका लागि जनअभियानमा ४ सय जना विभिन्न ठाउँमा टोलीमा सहभागी बनेका थिए भने जनवर्गीय संगठन र स्वतन्त्र पर्यवेक्षण गर्न पत्रकार, मानवअधिकारवादी समेत सहभागी रहेको जानकारी अछामका पार्टी प्रचार विभाग प्रमुख माहावीर साउदले दिनुभएको छ ।

– *राजेन्द्र कुँवर*

# कञ्चनपुरमा अधिवेशन

कञ्चनपुर । नेकपा (एमाले) कञ्चनपुरको चौथो जिल्ला अधिवेशनको गत फागुन ३० गते पार्टी स्थायी कमिटी सदस्य अमृतकुमार बोहराले उद्घाटन गर्नुभयो । सो अधिवेशनले राजेन्द्रसिंह रावल सचिव रहनुभएको नयाँ जिल्ला नेतृत्व चयन गरेको छ । जिल्ला कमिटीको उपसचिवमा भक्तबहादुर अधिकारी रहनुभएको छ भने सदस्यहरूमा इश्वरीप्रसाद खरेल, हिरालाल थापा, चम्फासिंह भण्डारी, लालबहादुर खड्का, रामदत्त जोशी, हिरासिंह कार्की, शेरबहादुर सिंह, राजेन्द्रप्रसाद जोशी, चन्द्रलाल चौधरी, पवित्रा पौडेल, रामप्रसाद ढकाल, खेम सुवेदी, जीवनराज थापा, रामचन्द्र नेपाल, तारा लामा, नवराज पाण्डेय, महेशदत्त जोशी, कृष्णदेव पन्त र मेनका लम्साल रहनुभएको छ । जिल्ला कमिटीको पहिलो बैठकले कुलवीर चौधरी, गणेश खड्का, पूर्णकला अर्याल, नन्दराज उपाध्याय, पर्शुराम विश्वकर्मा, जनकबहादुर सिंह, लालबहादुर विश्वकर्मा र तारासिंह विष्टलाई सल्लाहकार चयन गरेको छ । अधिवेशनमा केन्द्रीय कमिटी सदस्य उर्वादत्त पन्त, केन्द्रीय सल्लाहकार भोजराज जोशी र अञ्चल सचिव रामकुमार ज्ञवालीलगायतले बोल्नुभएको थियो ।

# दार्चुलामा जिल्ला अधिवेशन

दार्चुला । नेकपा (एमाले) दार्चुलाको चौथो जिल्ला अधिवेशन सम्पन्न भएको छ । सो अधिवेशनको गत चैत ३ गते पार्टी स्थायी कमिटी सदस्य अमृतकुमार बोहराले सदरमुकाम खलंगामा उद्घाटन गर्नुभएको थियो ।

सो अधिवेशनले वीरबहादुर ठगुन्ना सचिव र रामदत्त जोशी उपसचिव रहेको १८ सदस्यीय जिल्ला कमिटी चयन गरेको छ । कमिटीका सदस्यहरूमा गणेश ठगुन्ना, धनसिंह ठगुन्ना, गगनसिंह धामी, तिलकसिंह धामी, चन्द्रीदत्त भट्ट, उदय बडाल, नारायणदत्त भट्ट, गणेश धामी, हरकसिंह ठगुन्ना, उमेश धामी, विजय धामी, लक्ष्मी विष्ट, देवसिंह महर, विर्सनसिंह धामी, दिलीप ठगुन्ना र दुर्गा धामी हुनुहुन्छ ।

# बैतडीको अधिवेशन सम्पन्न

बैतडी । नेकपा (एमाले) बैतडीको हालै सम्पन्न चौथो जिल्ला अधिवेशनले नयाँ जिल्ला नेतृत्व चयन गरेको छ । सो अधिवेशनको पार्टी स्थायी कमिटी सदस्य अमृतकुमार बोहराले उद्घाटन गर्नुभएको थियो । सो अधिवेशनले दामोदर भण्डारी सचिव र महादेव भट्ट उपसचिव रहनुभएको २४ सदस्यीय जिल्ला कमिटी निर्वाचित गर्‍यो । जसको सदस्यमा पृथ्वीराज अवस्थी, खगेन्द्रबहादुर सावद, रणबहादुर महरा, परमानन्द भट्ट, चन्द्रबहादुर बोहरा, नरेन्द्र विष्ट, शंकर कपाडी, जयराज जोशी, प्रेमसिंह रावल, देवदत्त भट्ट, नरबहादुर विष्ट, लक्ष्मण भट्ट, माया भट्ट, जानकी अवस्थी, वीरबहादुर विष्ट, सुरेन्द्र पाल, रणबहादुर विष्ट, हजारी सावद, पद्म कुँवर, नरेश वि.क., शेरबहादुर चन्द र जयासिंह महरा हुनुहुन्छ ।

# धनुषामा अधिवेशन

जनकपुर । नेकपा (एमाले) धनुषाको चौथो जिल्ला अधिवेशन गत चैत ८ गते सम्पन्न भएको छ । सो अधिवेशनको उद्घाटन पार्टीका महासचिव माधवकुमार नेपालले गर्नुभएको थियो । अधिवेशनले शत्रुघन महत्तो सचिव र योगनारायण यादव उपसचिव रहेको २९ सदस्यीय कमिटी चयन गरेको छ । सदस्यहरूमा नन्दकुमार मण्डल, सुशीलकुमार दास, गजाधर यादव, भरत यादव, रामचन्द्र पण्डित, विन्देश्वर शाह, रामसिंह यादव, भोला साह, रघुनन्द साह, राजकिशोर यादव, सहदेव मुखिया, रामआशिष महासेठ, हरिनारायण महतो, श्रीकृष्ण यादव, टंकप्रसाद बराल, गणेशबहादुर रावत, पल्टु पण्डित, राजरतन यादव, प्रेममाया श्रेष्ठ, शारदा झा, लालबाबु मण्डल, रामवरण सहनी, उमाकान्त झा, मोहम्मद कैस, रामपदारथ कापर, राजकुमार मण्डल र हरिश्चन्द्र कामत रहनुभएको छ ।

## निषेधित क्षेत्रको शानदार अवज्ञा, दुई दिनमा तीन हजारभन्दा बढी गिरफ्तार

# राजधानी आन्दोलनकारीको कब्जामा

प्रतिगमनविरूद्ध पाँचवटा आन्दोलनकारी पार्टीहरूको शान्तिपूर्ण प्रदर्शनबाट आत्तिएर राज्यले सिंगो राजधानीलाई दंगाग्रस्त क्षेत्र घोषणा गरी पाँच जनाभन्दा बढी व्यक्तिहरू हिंडडुल गर्न समेत निषेध गरेकोमा त्यसको व्यापक अवज्ञा गरिएको छ । कथित निषेधित क्षेत्रको उलंघन गर्न उत्रिनु भएका नेकपा (एमाले)का महासचिव माधवकुमार नेपाल, जनमोर्चा नेपालका अमीक शेरचन, नेमकिपाका नारायणमान विजुक्छे र सदभावनाका भरतविमल यादव सहित जम्मा १ हजार ५ सय २ जना आन्दोलनकारीलाई राज्यले चैत २७ गते गिरफ्तार गरेको थियो । राज्यले मानव अधिकार तथा शान्ति समाजका सभापति कृष्ण पहाडी, नेपाल मानव अधिकार संगठनका अध्यक्ष सुदीप पाठक लगायतका मानवअधिकारकर्मी, नेपाल बार एशोसियसनका अध्यक्ष शंभु थापा सहित करिब ५ सय कानून व्यवसायीहरूलाई पनि पक्राउ गरी हिसासतमा लिएको थियो । आन्दोलनकारीहरूमाथि राज्यले दर्जनौं राउण्ड विषाक्त ग्याँस प्रयोग गरेको थियो । त्रिचन्द्र कलेजबाट प्राध्यापकहरूले निषेधित क्षेत्रको उल्लंघन गर्दै जुलुश निकालेर धर्ना दिएका थिए ।

राज्यले गिरफ्तार अभियान चलाएर केही नेता कार्यकर्तालाई महेन्द्र पुलिस क्लव पुर्‍याउँदा चैत २७ गते सवा तीन बजे प्रदर्शनी मार्गमा हजारौंको जुलुश निस्किरहेको थियो भने भोटाहिटीमा ४ बजे आन्दोलनकारी र प्रहरीबीच भिडन्त भएको थियो । न्यूरोड, बागबजार

र पुतलीसडक क्षेत्र आन्दोलनकारीहरूको नियन्त्रणमा रहेको थियो । यसक्रममा क्षेत्रपाटीबाट निस्केको जुलुश इन्द्रचोक हुँदै न्यूरोड पुगेको थियो भने पद्मोदय हाईस्कूलबाट रत्नपार्कसम्म नेकपा (एमाले)का महासचिव लगायतका प्रमुख नेताहरूको नेतृत्वमा जुलुश निस्केको थियो । रत्नपार्कमा महासचिव माधवकुमार नेपाल र काँग्रेस सभापति कोइराला सहित करिब पाँच हजार आन्दोलनकारीले पौने एक घण्टा जति धर्ना दिएका थिए । आन्दोलनलाई तितरबितर गर्न र आन्दोलनकारीलाई हतोत्साही पार्न रातपरेपछि राज्यपक्षले हिरासतमा राखिएका नागरिकलाई वाडभञ्ज्याङ, दक्षिणकाली, थानकोट, सल्लाघारी र नागार्जुनको जङ्गलमा लगेर अलपत्र छोडेको थियो । दङ्गाग्रस्त क्षेत्र घोषणाको विरोध गर्दै सडकमा उत्रिएका कृष्ण पहाडीलगायतका मानवअधिकारकर्मीहरूलाई राज्यले दोश्रो दिन पनि गिरफ्तार गरेको थियो ।

**पाँच सय न्यायकर्मी गिरफ्तार**

प्रतिगमन विरोधी आन्दोलनमा ऐक्यवद्धता जनाउन नेपाल बार एसोशिएसनको केन्द्रीय कार्यालयबाट निस्केको करिब एक हजार कानून व्यवसायीले सिंहदरवार अगाडि निषेधित क्षेत्रमा घण्टौं लामो धर्ना दिए । बारका अध्यक्ष शंम्भु थापा, बरिष्ठ अधिवक्ता बासुदेव ढुंगाना लगायत् ५ सयभन्दा बढी कानून व्यवसायीहरूलाई प्रहरीले धर्ना स्थलबाट गिरफ्तार गरी खाद्य संस्थानको केन्द्रीय गोदाममा लगेको थियो । प्रतिगमन विरोधी संयुक्त आन्दोलनप्रति समर्थन जनाउँदै राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीहरूले सिंहदरवार गेटमा दश मिटर ठूलो व्यानर भ्फुण्डाएका थिए । यसै गरी पेशागत महासंघ नेपालले प्रतिगमन विरोधी संयुक्त जनआन्दोलन प्रति ऐक्यवद्धता जनाउदै चैत २७ गते राजधानीमा हजारौंको जुलुस प्रदर्शन गरेको थिए ।

**आठसय आन्दोलनकारी गिरफ्तार**

कथित निषेधित क्षेत्रको अवज्ञा गर्दा चैत २८ गते राज्यले नेकपा (एमाले) केन्द्रीय जनआन्दोलन संचालन समितिका संयोजक भरतमोहन अधिकारी सहित ८ सयभन्दा बढी आन्दोलनकारीलाई गिरफ्तार गरेको थियो । राज्य पक्षले बाटोमा हिंडिरहेका सर्वसाधारणलाई समेत जथाभावी गिरफ्तार गर्न थालेपछि टोलटोलमा निस्किएका जुलुसहरू भोटाहिटीमा एकत्रित भई रत्नपार्कको सुरक्षा घेरा तोडी बागबजार, डिल्लीबजारतर्फ लागेको थियो । सोही दिन आन्दोलनकारीहरूले दिउँसो दुईबजेपछि अरनिको राजमार्गमा यातायात ठप्प पारी दिउँसो भक्तपुरमा मसाल जुलुस निकालेका थिए । विहानैदेखि काठमाडौंका चाबहिल, गौशाला, लगनखेल, कीर्तिपुर र बालाजुमा विरोध र मसाल जुलुस निकालिएको थियो । सोही दिन ललितपुरको लगनखेलमा प्रतिगमनको पुत्ला दहन गरिएको थियो । राजधानी बाहिर धरान, विराटनगर, पोखरा, बारा, चितवन, नवलपरासी, बुटवल, नेपालगञ्ज, धनगढी र महेन्द्रनगरमा प्रतिगमन विरूद्ध जुलुस प्रदर्शन र विरोध सभा सम्पन्न गरिएका थिए ।

**विश्व प्रजातान्त्रिक युवा संघद्वारा समर्थन**

नेपालमा प्रजातान्त्रिक अधिकारको जगेर्ना तथा सुदृढीकरणका लागि संघर्षरत विद्यार्थी, युवा तथा राजनीतिक दलका नेताहरूमाथि राजाको सरकारद्वारा गरिएको बर्बर दमनबाट आफू स्तब्ध भएको कुरा बुडापेष्टस्थित विश्व प्रजातान्त्रिक युवा संघले जनाएको छ । यस्ता सम्पूर्ण अमानवीय दमनात्मक गतिविधि रोक्न र नेपाली जनताको मानवअधिकार तथा प्रजातान्त्रिक अधिकारको सम्मान गर्न संघले राजा समक्ष माग गरेको छ ।

**चक्काजाम कार्यक्रम सफल**

काठमाडौंमा भएको प्रतिगमन विरोधी आन्दोलनप्रति दृढ समर्थन व्यक्त गर्ने सन्दर्भमा पाँच राजनीतिक पार्टीहरूको तर्फबाट चैत २८ गते पोखराको महेन्द्रपुलमा दिउँसो १ बजेदेखि २ बजेसम्म चक्काजाम कार्यक्रम भव्य रूपमा सम्पन्न भयो । सो कार्यक्रमप्रति ऐक्यबद्धताको साथै शान्ति, प्रजातन्त्र, मानव अधिकारको लागि क्रियाशील विभिन्न १८ संघसंस्था सम्मिलित “पेशागत महासंघ, पोखरा” पनि बगरबाट एक भव्य जुलुस सहित प्रतिगमन विरोधी नाराहरू लगाउँदै चक्काजाम कार्यक्रममा सहभागी भयो । कार्यक्रममा आन्दोलनकारी पार्टीका नेता तथा कार्यकर्ताहरूको समेत उपस्थिति रहेको थियो ।

**विहानै विरोध प्रदर्शन बान्ह ठाउँमा मसाल जुलुस**

प्रतिगमन विरूद्ध संचालित संयुक्त जनआन्दोलन व्यापक दायरालाई समेट्दै अगाडि बढिरहेको छ । आन्दोलनमा व्यापक जनताको सहभागिता तथा समर्थनबाट आत्तिएको सरकारले राजधानीलाई दंगाग्रस्त क्षेत्र घोषणा गरेपनि त्यसलाई आन्दोलनकारीहरूले तोडेका छन् । २७ गते पन्ध्रसय भन्दा बढी आन्दोलनकारीहरूलाई गिरफ्तार गरेपनि आन्दोलनको गतिमा कुनै कमी आएको छैन र चैत २८ गते पनि कैयन विरोध प्रदर्शनका साथ सरकारी घोषणाको अवज्ञा गर्न आन्दोलनकारीहरू सफल भएका थिए । वर्तमान असंवैधानिक तथा निरंकुश शाही सरकारले शान्तिपूर्ण ढंगले भेला तथा प्रदर्शन गर्न पाउने प्रजातान्त्रिक हक-अधिकारमाथि बिना कारण प्रतिबन्ध लगाउने कार्यको विरोध गर्दै निस्केको शान्तिपूर्ण जुलुस तथा धर्नामाथि हिजो भएको हस्तक्षेप र गिरफ्तारी विरूद्ध बिहानैदेखि काठमाडौंको विभिन्न स्थानबाट जुलुस तथा अवरोधका कार्यक्रमहरू भए । क्षेत्रपाटीबाट शुरू भएको जुलुस ठँहिटी, रक्तकाली, जैसीदेवल हुँदै अगाडि बढेको थियो । डिल्लीबजार पिपलबोटबाट शुरू भएको मसाल जुलुस नगरको विभिन्न माग परिक्रमा गरी मैतीदेवी मन्दिरमा समापन भएको थियो । बानेश्वर चाबहिल लगायत अन्य क्षेत्रमा पनि कार्यक्रम सम्पन्न भएका थिए ।

**अमानवीय व्यवहारप्रति आयोग क्षुब्ध**

राष्ट्रिय मानव अधिकार आयोगले चैत २८ गते एक प्रेस विज्ञप्ति जारी गर्दै भनेको छ -“राजनैतिक दलहरूद्वारा गरिएको शान्तिपूर्ण विरोधको क्रममा मिति २०६० चैत्र २७ गते प्रहरीद्वारा गिरफ्तार गरी बन्दी बनाइएकाहरूको अवस्था बुझ्ने सिलसिलामा राष्ट्रिय मानव अधिकार आयोगका सदस्यद्वय डा.गौरीशंकरलाल दास र सुशील प्याकुरेल संलग्न टोलीले आज विहान थापाथलीस्थित नेपाल खाद्य संस्थानको गोदाम, महेन्द्र पुलिस क्लव र दशरथ रंगशालाको स्थलगत निरीक्षण गरी बन्दीहरू लगायत सुरक्षाकर्मीहरूसँग भेट गऱ्यो । निरीक्षणको क्रममा टोलीले कसैलाई पनि बन्दी बनाउनु पर्दा अपनाउनु पर्ने कानुनी प्रक्रियाको अवज्ञा गरेको पायो । विशेष गरी खाद्य संस्थानको गोदाममा राखिएका बन्दीहरूप्रतिको अमानवीय व्यवहार देखेर आयोग क्षुब्ध भएको छ ।”

आयोगले अगाडि भनेको छ “खुलाचौर, अँध्यारो गोदाममा ओढ्ने, ओछ्याउने, पानी, शौचालयको समेत व्यवस्था नगरी खसीबोका, भेडाच्याङ्ग्रा राख्ने अति दुर्गन्धित ठाउँमा करिव एक हजार व्यक्तिहरूलाई थुनामा राखिएको पाइयो । निरीक्षण गरिएका अन्य स्थलमा पनि ओढ्ने, ओछ्याउनेको व्यवस्था नभएको, कुनै पनि बन्दीलाई थुनुवा पुर्जी नदिइएको मात्र होइन, बन्दीहरूको यथार्थ लगत समेत राखिएको पाइएन । कतिपय बन्दीहरूलाई क्षमता भन्दा बढी ट्रकमा राखी टाढा पुऱ्याई छोडेको भन्ने सूचना पनि आयोगलाई प्राप्त भएको छ । साथै, कतिपय विद्यार्थीहरूलाई जाँचको मुखमा बन्दी बनाइएको पाइएको छ ।”

## अमृतकुमार बोहरा

*स्थायी कमिटी सदस्य*

*इन्चार्ज, उपत्यका समन्वय कमिटी*

◆ **जन्ममिति** :- २००६ साल वैशाख १५, १९९४/४/३०

◆ **जन्मस्थान** :- पिस्कर-सिन्धुपाल्चोक

◆ **माता** :- इन्द्रकुमारी बोहरा **पिता** :- उत्तरध्वज बोहरा

◆ **पत्नी**:- अष्टलक्ष्मी शाक्य, छोराः विश्वास बोहरा, छोरीः आस्था बोहरा ।

◆ **शिक्षा**:- माध्यमिक विद्यालय तह (दश कक्षासम्म)

◆ **राजनीतिक जीवनको आरम्भ**

+ ०२१/२२ सालमा श्रीकृष्ण मा.वि.चौतारा र श्री शारदा मा.वि. बाह्रबिसेमा अध्ययन गर्दा स्ववियुमा संगठित भई प्रगतिशील राजनीतिमा संलग्न ।
+ भूमिगतरूपमा पार्टी सम्पर्क

◆ **जिम्मेवारी** :-

- ०२२ सालमा नेकपाको सदस्यता प्राप्त । सोही साल पार्टी सेलमा संगठित ।
- ०२४-०२५ सिन्धुपाल्चोक-पूर्वी इलाका कमिटी (एरिया कमिटी) मा संगठित
- ०२६-०३० सिन्धुपाल्चोक जिल्ला कमिटी सदस्य, नेकपा (पुष्पलाल समूह) ।
- ०३२-०३७ अ.न.क्रा.को.के. (मा.ले) को संस्थापक सदस्य, मध्यउत्तर क्षेत्रीय कमिटी (काठमाडौं-बागमती) सचिव ।
- ०४१-४५ मेची क्षेत्रीय कमिटीको सचिव ।

◆ **तपाईंको आदर्श** -

- जीवनभर मार्क्सवादप्रति आस्थावान हुँदै जनता, राष्ट्र र पार्टीप्रति निष्ठापूर्वक सेवारत हुने ।

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको ज्यादै दुःखको क्षण**

- क. रत्नकुमार वान्तवा, हरि नेपाल, चन्द्र पुरी, इली थामी, वीरबहादुर थामी, लक्ष्मी पाण्डे, कृष्णराज योङ्हाङ्ग, नेत्रलाल अभागी तथा क. मदन भण्डारी र जीवराज आश्रितको रहस्यपूर्ण हत्या र नेकपा (एमाले)मा भएको विभाजन ।

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**-

- ०३१ पछि पञ्चायती निरंकुश सरकारले देख्नासाथ गोली हान्ने (Shoot at sight) को वारेन्ट गरेपछि पहिलोचोटी भूमिगत जाँदा र शुरूमा पार्टी निर्माण गर्दा, ।
- ०३२/३३ मा के.के.का धेरै जिम्मेवार नेताहरू पक्राउ परेपछि पार्टीलाई पुनर्व्यवस्थित गर्दा, पार्टी विभाजनको बेला ।

◆ **हालको ठेगाना** :- काठमाडौं जिल्ला, इचंगुनारायण गाविस वडा नं. ४ ।

## अष्टलक्ष्मी शाक्य

*केन्द्रीय कमिटी सदस्य*

*प्रमुख-केन्द्रीय सम्पर्क विभाग*

- **जन्ममिति**ः– २०१०/९/३०
- **जन्मस्थान** ः– झोंछे, काठमाडौं
- **माता** ः– कुलमाया शाक्य **पिता** ः- तिर्थबहादुर शाक्य
- **पति**ः– अमृतकुमार बोहरा, छोरीः आस्था, छोराः विश्वास
- **शिक्षा**ः– आई. ए. अध्ययन
- **राजनीतिक जीवनको आरम्भ**

\+ ०२७–०२८ सालबाट प्रगतिशील विचारबाट प्रभावित ।

\+ ०२८–०२९ सालबाट ने.क.पा. श्यामप्रसाद समूहमा आबद्ध भईं पार्टी काममा संलग्न ।

\+ ०३६ सालदेखि तत्कालीन नेकपा (माले) पार्टीमा आबद्ध भई पूर्णकालीन रूपमा भूमिगत काममा संलग्न ।

- **जिम्मेवारी** ः–

\- ०३६ सालमा सिन्धुपाल्चोक जिल्लामा इलाका कमिटीमा संगठित, पछि जिल्ला कमिटीको सदस्य ।

\- ०३९ सालमा अनेमसंघ केन्द्रीय समितिको सदस्य, ०४६ सालको अनेमसंघ प्रथम सम्मेलनबाट अध्यक्ष ।

\- ०४८ दोस्रो सम्मेलनबाट महासचिव ।

\- ०३९ सालमा काठमाडौं विशेष जिल्ला कमिटी सदस्य ।

\- ०४१ सालमा झापा जिल्ला कमिटीको सदस्य ।

\- ०४५ सालमा मेची क्षेत्रीय कमिटीको सदस्य ।

- **तपाईको आदर्श** –

\- जीवनभर देश र जनताको सेवा गर्ने, मार्क्सवाद र नेपाली कम्युनिष्ट आन्दोलनको झण्डालाई उच्च उठाउँदै अगाडि बढिरहने ।

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको दुःखद् क्षण**-

\- पार्टी विभाजन

\- कमरेड मदन भण्डारी र जीवराज आश्रितको चितवनको दासढुंगामा रहस्यमय निधन ।

\- झापामा कार्यरत रहेको बेला नजिकबाट परिचित कमरेड लक्ष्मी पाण्डे र कमरेड कृष्णराज योङहाङको पञ्चायती शासकहरूले गरेको निर्मम हत्या ।

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

\- छोराछोरीलाई साथमा राखेर भूमिगत रूपमा पार्टी काम गर्दा ।

\- इलाम र झापामा गिरफ्तार भई कष्टडीमा रहँदा पार्टी गोपनीयतालाई बचाउन संघर्ष गरेका क्षणहरू ।

\- भूमिगत भई काठमाडौंबाट सिन्धुपाल्चोकको पिस्कर गाउँमा गएर जनताबीच पार्टी काम गर्न आफ्नो वर्गीय स्वभाव र आचरण फेर्न गर्नुपरेको संघर्षका क्षणहरू

\- दुवैजना पूर्णकालीन भएर पार्टी काम गर्दा पारिवारिक र सामाजिक रूपमा आइरहेका अप्ठ्याराहरू

- **हालको ठेगाना** ः– इचंगुनारायण गाविस वडा नं. ४, काठमाडौं